सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

९ माघ २०८२, शुक्रबार (23 Jan 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २७४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कर्नर किक

● रवि मिश्र



निर्वाचनमा एउटै वडाका ६ उम्मेदवार



बागलुङ नगरपालिका- १२, अमलाचौर स्थायी ठेगाना भई विभिन्न दलमा सक्रिय ६ जना व्यक्ति उम्मेदवार बनेका छन्। जसमध्ये पाँच प्रत्यक्ष र एकजना समानुपातिक छन्।

(विस्तृत पृष्ठ ३)

बंगलादेशमा उम्मेदवारहरूको दोहोरो नागरिकता विवाद



विद्यार्थी आन्दोलनबाट उदाएको नेसनल सिटिजन पार्टीले विवादबिच चुनावमा आफ्नो सहभागितामै पुनर्विचार गर्ने चेतावनी दियो

(विस्तृत पृष्ठ ५)

एक महिनामै एक खर्ब कर्जा विस्तार



तर, कर्जाको माग दिगो हुनेमा आशंका, चुनावसम्म पर्ख र हेरको अवस्थामा बैंकहरू

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

जसले आफैँलाई भोट दिन पाउँदैनन्

आफ्नो मतदाता नामावली रहेको निर्वाचन क्षेत्रभन्दा बाहिर उम्मेदवारी दिएकाहरू २१ फागुनमा हुने मतदानमा आफैँलाई भोट हाल्नबाट वञ्चित हुँदै, यस्तो सूचीमा प्रधानमन्त्रीका दाबेदारसहितका अधिकांश शीर्ष नेतादेखि स्वतन्त्र उम्मेदवारसम्म

प्रेम गौतम/नयाँ पत्रिका

२१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा भावी प्रधानमन्त्रीका दाबेदार, प्रमुख दलका शीर्ष नेतादेखि स्वतन्त्रसम्मका दर्जनौँ उम्मेदवार आफैँलाई भोट हाल्नबाट वञ्चित हुने भएका छन्। आफ्नै मतदाता नामावली रहेको निर्वाचन क्षेत्रभन्दा बाहिरबाट उम्मेदवारी दिएका उनीहरू कानुनी व्यवस्थाका कारण आफैँलाई भोट हाल्नबाट वञ्चित हुने अवस्था आएको हो।

काग्रेस सभापति गगन थापा, एमाले अध्यक्ष केपी ओली, नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', रास्वपा सभापति रवि लामिछाने, रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन), जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले आफैँलाई भोट हाल्न पाउनेछैनन्। त्यस्तै, काग्रेस महामन्त्री प्रदीप पौडेल, नेकपाका नेता नारायणकाजी श्रेष्ठ, राप्रपा उपाध्यक्ष रवीन्द्र मिश्र, एमाले सचिव भानुभक्त ढकाल, काग्रेसका नेता डा. शेखर कोइरालागायतका नेता पनि आफैँलाई भोट हाल्न नपाउने उम्मेदवारको सूचीमा छन्। उनीहरू आफ्नो मतदाता नामावली भएकोभन्दा भिन्न क्षेत्रबाट उम्मेदवार बनेका छन्।

भावी प्रधानमन्त्रीका दुई दाबेदार ओली र बालेन झापा ५ बाट उम्मेदवार छन्। उनीहरू दुवैलाई आ-आफ्ना पार्टीले भावी प्रधानमन्त्रीको उम्मेदवार बनाएका छन्। ओलीको मतदाता नामावली भक्तपुर २ मा छ भने बालेनको मतदाता नामावली काठमाडौं २ मा छ। ओली आठौँपटक यही क्षेत्रबाट उम्मेदवार बनेका छन्। यसरी उनीहरू दुवैले आफैँलाई भोट हाल्न पाउनेछैनन्।

बालेन काठमाडौं महानगरपालिकाको मेयर पदबाट राजीनामा दिएर पहिलोपटक संसदीय चुनाव लड्दै छन्। ०६४ को पहिलो संविधानसभा निर्वाचनमा माओवादीका विश्वदीप लिङ्देनसँग पराजित भएबाहेक ओलीले जित्दै आएका छन्। ०४६ को जनआन्दोलनपछि ०४८ मा भएको पहिलो

» पृष्ठ २ मा क्रमशः



विद्रोही उम्मेदवार फकाउँदै नेताहरू

नयाँ-पुराना सबै पार्टीमा बागी उम्मेदवार, आज १ बजेसम्म फिर्ता लिने समय

काठमाडौं/ आगामी २१ फागुनको प्रतिनिधिसभा निर्वाचनका लागि राजनीतिक दलका आधिकारिक उम्मेदवारहरूविरुद्ध एक दर्जनभन्दा बढी स्थानमा बागी उम्मेदवारी परेको छ। पार्टी केन्द्रको निर्णयविरुद्ध विद्रोह गर्दै बागी बनेका अधिकांशले आफ्नो उम्मेदवारी फिर्ताको घोषणा गरेका छैनन्। निर्वाचन आयोगको कार्यतालिकाअनुसार शुक्रबार उम्मेदवारी फिर्ता लिने समयसीमा छ।

ठुला दल काग्रेस र नेकपाबाट झन्डै एक दर्जन स्थानमा बागी उम्मेदवारी परेको छ। त्यसपछि रास्वपाबाट बागी धेरै छन्। एमालेबाट एउटा क्षेत्रमा मात्र बागी उम्मेदवारी परेको छ। एमालेले सुरुमै कैयौँ उपल्लो तहकै नेताहरूलाई टिकट नदिएर पाखा लगाए पनि बागी उम्मेदवारी कम छन्।

काग्रेसमा काठमाडौं क्षेत्र नम्बर १ बाट बाबुराम आचार्य

» पृष्ठ २ मा क्रमशः

■ आजको निर्वाचन तालिका

बिहान १० देखि दिउँसो १ बजेसम्म उम्मेदवारको नाम फिर्ता लिने र सोही दिन दिउँसो १ बजेदेखि ३ बजेसम्म उम्मेदवारको अन्तिम नामावली प्रकाशित गरिनेछ। शुक्रबार नै दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्यतालिका छ।



■ निर्वाचन प्रहरीको परीक्षा



निर्वाचन प्रहरीमा भर्ना हुन आवेदन दिएकाहरू बुधबार रोल्पा सदरमुकाम लिवाङस्थित टुँडिखेलमा लिखित परीक्षा दिँदै। रोल्पामा ११ सय ३६ निर्वाचन प्रहरीको माग भएकामा ११ सय ८७ ले आवेदन दिएका थिए। शुक्रबार लिखित परीक्षाको नतिजा सार्वजनिक भएपछि मौखिक परीक्षा लिएर छनोट गर्ने रोल्पा प्रहरी प्रमुख डिएसपी वीरेन्द्र विश्वकर्माले बताए।

तस्बिर : **नवीन लोचनमगर**/नयाँ पत्रिका

उम्मेदवारले गर्ने मनलाग्दी खर्च कस्दै निर्वाचन आयोग

दल तथा उम्मेदवारले संकलन गर्ने चन्दा र खर्चलाई बैंकिङ प्रणालीमा आबद्ध गर्दै सूक्ष्म अनुमगनको प्रणाली बनाइने

- उम्मेदवार र दलसमेतले निर्वाचनमा खर्च गर्ने प्रयोजनका लागि अलग्गै खाता खोलेर खर्च गर्नुपर्ने
- २५ हजार रुपैयाँभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैंक तथा वित्तीय संस्थामार्फत गर्नुपर्ने, स्वैच्छिक सहयोगका रूपमा नगद लिएमा रसिद वा भर्पाई दिई उम्मेदवार वा दलको बैंक खातामा जम्मा गर्नुपर्ने
- दल तथा उम्मेदवारले आम्दानी र खर्चको विवरण प्रचलित कानुनबमोजिम आयोगले तोकेको ढाँचामा जिल्ला निर्वाचन कार्यालय वा आयोगमा बुझाउनुपर्ने



● **सुमन घिमिरे**, सूचना अधिकारी, आयोग

सुवास भट्ट/नयाँ पत्रिका


मतदातालाई आफ्नो पक्षमा आकर्षित गर्न उम्मेदवारले मनलाग्दी गर्ने खर्चसम्बन्धी विषयलाई निर्वाचन आयोगले कस्न लागेको छ। निर्वाचनमा दल तथा उम्मेदवारले संकलन गर्ने चन्दा र खर्चलाई बैंकिङ प्रणालीमा आबद्ध गर्ने र त्यसमाथि सूक्ष्म अनुमगनको प्रणाली पनि बनाइन लागेको छ।

गत १२ पुसमा राजपत्रमा प्रकाशित निर्वाचन आचारसंहिता, २०८२ ले निर्वाचनमा हुने चन्दा रकम संकलन र मतदाता प्रभावित पार्न गरिने खर्चमाथि अंकुश लगाउन खोजिएको छ। निर्वाचन खर्चलाई बैंकिङ प्रणालीमा आबद्ध गरेर व्यवस्थित गर्दा पारदर्शिता बढ्ने विश्वास आयोगको छ।

नेपालमा निर्वाचनमा दल तथा उम्मेदवारको खर्चको पारदर्शितामा सार्वजनिक रूपमा प्रश्न उठ्दै आएको छ। मतदाता प्रभावित पार्न ठुलो रकम प्रयोग गर्ने र निर्वाचन

» पृष्ठ २ मा क्रमशः

आज राति पश्चिम नेपालमा वर्षा र हिमपातको सम्भावना



नयाँ पत्रिका

शुक्रबार राति लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका केही स्थान तथा गण्डकीका थोरै स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षाको सम्भावना

पश्चिम नेपालमा शुक्रबार वर्षा र हिमपातको सम्भावना रहेको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार पश्चिमी न्यूनचापीय प्रणालीका कारण शुक्रबार अपराह्नबाट सुदूरपश्चिम क्षेत्रबाट बादल लाग्न सुरु हुनेछ।

'शुक्रबार अपराह्नपछि सुदूरपश्चिमका थोरै ठाउँमा हल्का पानी पर्ने देखिन्छ,' मौसमविद् डेभिट ढकालले भने, 'राति सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र गण्डकीमा केही ठाउँमा पानी पर्ने सम्भावना छ। राति सुदूरपश्चिम, कर्णाली र गण्डकीका उच्च पहाडी र हिमाली क्षेत्रमा मध्यम हिमपात पनि हुनेछ।'

यसबाहेक अन्य प्रदेशका उच्च पहाडी र हिमाली क्षेत्रमा पनि थोरै हिमपातको आकलन गरिएको छ। तर, समग्रमा यो प्रणालीले पश्चिम नेपालमा असर गर्ने देखिन्छ।

शुक्रबार राति लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका केही

» पृष्ठ २ मा क्रमशः

■ चुनावका सुरक्षा चुनौती

सार्पसुटरदेखि सुन तस्करसम्म फरार, अझै ४२८ थान हतियार लुटेराको साथमा

■ २४ भदौमा फरार भएका ४४ सय ६३ कैदीबन्दी बाहिरै



लाल मोहम्मद हत्याका सार्पसुटर गुड्डु | नक्कली भारतीय नोट कारोबारी युनुस अन्सारी | ६० केजी सुन तस्करीका मुख्य आरोपी दावा छिरिङ | देउराली सहकारी ठगीका अभियुक्त रवीन्द्र चौलागाईं | कम्बोडियाबाट पक्राउ गरी ल्याइएका ज्योति भण्डारी

टेकराज थामी/नयाँ पत्रिका

गुड्डु पटेल, जसलाई प्रहरीले गोली हानी १८ फागुन ०८१ मा टोखाबाट पक्राउ गरेको थियो। प्राप्त सूचनाअनुसार सुरुमा उनलाई प्रहरीले मामुली अपराधी ठानेको थियो। सोही आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोली घटनास्थल पुगेको थियो। तर, उनले उल्टै प्रहरीतर्फ नै गोली चलाउने प्रयास गरेका थिए। प्रहरीको जवाफी फायरमा घाइते बनेका उनी पक्राउ परे। अनुसन्धानपछि खुल्यो- उनी मामुली अपराधी नभई सार्पसुटर रहेछन्।

३ असोज ०७९ मा कागेश्वरी मनोहरा नगरपालिका- ८, गोठाटारमा गोली हानी लाल मोहम्मदको हत्या भएको थियो। उनैको हत्याका सार्पसुटरमध्ये एक थिए गुड्डु। तर, उनी अहिले फरार छन्। सुन्धारास्थित केन्द्रीय कारागारमा राखिएका गुड्डु जेन-जी आन्दोलनका क्रममा २४ भदौदेखि फरार भएका हुन्।

» पृष्ठ २ मा क्रमशः

फरार कैदी पक्रिन खोज्दा प्रहरीमाथि नै आक्रमण

सिन्धुलीमा फरार कैदी पक्राउ गर्न खोज्दा उल्टै प्रहरीमाथि आक्रमण भएको छ। जबर्जस्ती करणी कसुरमा दोषी ठहरपछि जिल्ला कारागारमा सजाय भुक्तान गर्दै आएका दुधौली- २, गामनका हेमबहादुर बम्जन पनि २४ भदौमा फरार भएका थिए। उनी गाउँमै लुकिछिपी बस्दै आएको सूचनापछि १ माघको बेलुका पक्राउ गर्न पुगेको प्रहरीमाथि उल्टै आक्रमणमा उत्रिए। त्यसक्रममा एक प्रहरी घाइते भएका छन्। 'सिन्धुली कारागारबाट फरार भएका कैदी घरमै रहेको सूचना प्राप्त भयो। प्रहरी तुरुन्तै घटनास्थल पुगे। तर, ऊ भाग्यो। समातेन क्रममा एकजना प्रहरी घाइते भएका छन्,' जिल्ला प्रहरी कार्यालय सिन्धुलीका एसपी लालध्वज सुवेदीले भने, 'उसको खोजी भइरहेको छ, कुनै पनि हालतमा पक्राउ गर्छौं।' जिल्ला अदालत सिन्धुलीले पाँच वर्षअघि नै दोषी ठहर गरी बम्जनविरुद्ध कैद सजाय तोकेको थियो।

उम्मेदवारले...

पृष्ठ १ बाट क्रमशः

जितेर आउने परिपाटीले भ्रष्टाचार बढाएकोमा पनि आलोचना हुँदै आएको छ। नेपाल सम्पत्ति शुद्धीकरणको खैरो सूचीमा परिरहँदा त्यसको एउटा विषय निर्वाचन खर्च र यसको पारदर्शितामाथि पनि छ।

निर्वाचन आचारसंहिताको दफा १६ मा निर्वाचन खर्चसम्बन्धी आचरणको व्यवस्था छ। त्यसमा राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन खर्चसम्बन्धी पालना गर्नुपर्ने आचरणका व्यवस्था छ। उपदफा (क) मा उम्मेदवारले मनोनयनपत्र दर्ता गर्दा निर्वाचनमा आफूले खर्च गर्ने अनुमानित रकम र सोको स्रोतसमेत खुलाउनुपर्ने भनिएको छ।

उम्मेदवारले निर्वाचनसम्बन्धी खर्च गर्दा बैंक तथा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट गर्नुपर्ने व्यवस्था आयोगले आचारसंहितामा गरेको छ। उम्मेदवारले निर्वाचनसम्बन्धी खर्च गर्दा निजका तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोक्नुपर्नेसम्मको व्यवस्था गरिएको छ। यसरी तोकिएका पदाधिकारीको नाम नामेसीसहितको विवरण निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन कार्यालयमा जानकारी गराउनुपर्ने व्यवस्था आचारसंहितामा छ। यसको अर्थ उम्मेदवारले निर्वाचनमा खर्च गर्ने प्रयोजनका लागि अलग्गै खाता खोलेर त्यसमार्फत खर्च गर्नुपर्छ।

उम्मेदवार मात्र होइन, राजनीतिक दलले त्यसै गर्नुपर्ने गरी व्यवस्था गरिएको छ। दलले निर्वाचनसम्बन्धी खर्च तथा बैंक वा वित्तीय संस्थामा छुट्टै खाता खोली दलले तोकेको जिम्मेवार पदाधिकारीद्वारा सो खाताबाट खर्च गर्नुपर्ने व्यवस्था आचारसंहिताले गरेको छ। निर्वाचन खर्चको प्रयोजनका लागि खोल्ने भनेको अलग्गै खाताबारे भने स्पष्टता छैन। विशेष खालको खाता खोल्न बैंक तथा वित्तीय संस्थाको नियमनकारी निकाय राष्ट्र बैंकले अनुमति दिनुपर्छ। तर, यसबारे भने आचारसंहितामा स्पष्ट छैन।

आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार आचारसंहितामा भएको व्यवस्थाबमोजिम उम्मेदवारले आफ्नो नियमित खाताको अतिरिक्त अलग्गै खाता खोलेर त्यसमा निर्वाचनका लागि रकमको प्राप्ति र खर्च गर्नुपर्छ। दलका हकमा पनि यसैगरी हुने उनको भनाइ छ।

आज राति...

पृष्ठ १ बाट क्रमशः

स्थान तथा गण्डकीका थोरै स्थानमा मेघगर्जन चट्याङ सहित मध्यम वर्षाको सम्भावना रहेको विभागले बुलेटिनमा भनेको छ। त्यस्तै, राति नै गण्डकी, कर्णाली र सुदूरपश्चिमका उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा तथा बागमती प्रदेशको एक-दुई स्थानमा मध्यम हिमपात/वर्षा र कोशीका उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना छ। शनिबार उच्च पहाडी तथा हिमाली भू-भागमा साधारणतया बादल लाग्नेछ भने बाँकी भू-भागमा आंशिक बादल लाग्नेछ। देशका उच्च पहाडी तथा हिमाली भू-भागमा थोरै स्थानहरूमा हल्का हिमपात/वर्षाको सम्भावना छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय धनगढी, कैलालीको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८२/१०/०९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय धनगढी, कैलालीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ।**

तपसिल

१. ऋणीहरुको विवरण	व्यक्तिगत जमानीकर्ताहरुको विवरण
१. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय धनगढी, कैलालीमा मिति २०७१/०६/१२ मा प्रा.फ.नं. ७६५२/१३२ कायम भई दर्ता रहेको कैलाली जिल्ला, हसुलिया गा.वि.स. वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **शैलेश्वरी ईंटा उद्योग**। **प्रोप्राईटर विवरण:** **गणेश वहादुर देउवा** ना.प्र.नं.- ८२१/२४ जारी मिति- २०३९/०४/०५, जि.प्र.का., काठमाडौं बाबु- धन वहादुर देउवा बाजे- मोहन सिंह देउवा स्थायी ठेगाना- डोटी जिल्ला, गड्सेरा गा.वि.स., वडा नं. ०३ हालको ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा, वडा नं ०५	१. **प्रभा स्वार (देउवा)** ना.प्र.नं.- १४१२६ (बाँके) जारी मिति- २०३५/१०/०१, जि.प्र.का. कैलाली बाबु- टेक बहादुर स्वार बाजे- जगत बहादुर स्वार स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं ०५ हालको ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं ०५ २. **प्रज्वल देउवा** ना.प्र.नं.- ६५८०७ जारी मिति- २०६२/०५/२६, जि.प्र.का. कैलाली बाबु- गणेश वहादुर देउवा बाजे- धन वहादुर देउवा स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं ०५ हालको ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं ०५

२. ऋणीहरुको विवरण	व्यक्तिगत जमानीकर्ताहरुको विवरण
१. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय धनगढी, कैलालीमा मिति २०७२/०४/०१ मा प्रा.फ.नं. २०८८४/०७२/७३ कायम भई दर्ता रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा/न.पा वडा नं. ०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **प्रभा कोल सप्लायर्स**। **प्रोप्राईटर विवरण:** **प्रज्वल देउवा** ना.प्र.नं.- ६५८०७ जारी मिति- २०६२/०५/२६, जि.प्र.का. कैलाली बाबु- गणेश वहादुर देउवा बाजे- धन वहादुर देउवा स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं ०५ हालको ठेगाना- ऐ.ऐ	१. **गणेश वहादुर देउवा** ना.प्र.नं.- ८२१/२४ जारी मिति- २०३९/०४/०५, जि.प्र.का., काठमाडौं बाबु- धन वहादुर देउवा बाजे- मोहन सिंह देउवा स्थायी ठेगाना- डोटी जिल्ला, गड्सेरा गा.वि.स., वडा नं. ०३ हालको ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा, वडा नं ०५ २. **प्रभा स्वार (देउवा)** ना.प्र.नं.- १४१२६ (बाँके) जारी मिति- २०३५/१०/०१, जि.प्र.का. कैलाली बाबु- टेक बहादुर स्वार बाजे- जगत बहादुर स्वार स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं ०५ हालको ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं ०५

३. ऋणीहरुको विवरण	व्यक्तिगत जमानीकर्ताहरुको विवरण
१. निजी व्यवसाय ऐन, २०७८ बमोजिम, सुदूरपश्चिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय धनगढी, कैलालीमा मिति २०८१/०९/१७ मा प्रा.फ.द.प्र.प.नं. २०४८१-८-२०८१/८२ कायम भई दर्ता रहेको कैलाली जिल्ला, कैलारी गा.पा वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **प्रभा कृषि तथा पशुपालन फर्म**। **प्रोप्राईटर विवरण:** **प्रभा स्वार (देउवा)** ना.प्र.नं.- १४१२६ (बाँके) जारी मिति- २०३५/१०/०१, जि.प्र.का. कैलाली बाबु- टेक बहादुर स्वार बाजे- जगत बहादुर स्वार स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं ०५ हालको ठेगाना- ऐ.ऐ	१. **गणेश वहादुर देउवा** ना.प्र.नं.- ८२१/२४ जारी मिति- २०३९/०४/०५, जि.प्र.का., काठमाडौं बाबु- धन वहादुर देउवा बाजे- मोहन सिंह देउवा स्थायी ठेगाना- डोटी जिल्ला, गड्सेरा गा.वि.स., वडा नं. ०३ हालको ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा, वडा नं ०५ २. **प्रज्वल देउवा** ना.प्र.नं.- ६५८०७ जारी मिति- २०६२/०५/२६, जि.प्र.का. कैलाली बाबु- गणेश वहादुर देउवा बाजे- धन वहादुर देउवा स्थायी ठेगाना- कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं ०५ हालको ठेगाना- ऐ.ऐ.

धितो सुरक्षणको विवरण

१. **गणेश वहादुर देउवा**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, हसुलिया गा.वि.स. वडा न.०६ स्थित कित्ता नं.२३३ को क्षेत्रफल १५,२३०.० (व.मी) को जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
२. **प्रभा स्वार (देउवा)** को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, हसुलिया गा.वि.स. वडा न.०६ स्थित कित्ता नं.४४५ को क्षेत्रफल ९,०४४.० (ब.मी) को जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
३. ऋणीहरु **शैलेश्वरी ईंटा उधोग**, **प्रभा कोल सप्लायर्स** र **प्रभा कृषि तथा पशुपालन फर्म**को सम्पूर्ण चल अचल, श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।
४. धनी कुमारी बैंक लि.(साविक नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.) र ऋणी **शैलेश्वरी ईंटा उद्योग** कायम भई सुदुर पश्चिम प्रदेश यातायात व्यवस्था कार्यालय कैलालीमा दर्ता कायम रहेको तपसिलको सवारी साधन :

ईन्जिन नं.	च्यासिस नं.	सवारी दर्ता नं.	मोडल
12C63863241	MAT388116M2R04231	सु.प.प्र. ०१-००१ क २०१०	MCV Tipper
12C63862374	MAT388116M2R04415	सु.प.प्र. ०१-००१ क २०११	MCV Tipper

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय धनगढी, कैलाली फोन नं.०९१-५२६०३६

जसले आफैँलाई...

पृष्ठ १ बाट क्रमशः

आमनिर्वाचनदेखि ०५१ र ०५६ को प्रतिनिधिसभा निर्वाचन, ०७० र संविधान जारी भएपछि भएको ०७४ र ०७९ को निर्वाचनमा ओलीले जित हासिल गरेका थिए। चारपटक प्रधानमन्त्री भइसकेका ओलीलाई एमालेले फेरि भावी प्रधानमन्त्रीको रूपमा अघि सारेको छ। ओलीले संविधानसभा निर्वाचनपछि झापाबाट भक्तपुरमा मतदाता नामावली सारेका हुन्।

भावी प्रधानमन्त्रीका अर्का दाबेदार कांग्रेस सभापति थापाले पनि आफूलाई मतदान गर्न पाउने छैनन्। उनी सर्लाही ४ बाट उम्मेदवार बनेका छने भने मतदाता नामावली काठमाडौं ४ मा छ। पहिलो संविधानसभा निर्वाचनमा समानुपातिकबाट सांसद् बनेका थापा त्यसपछिका निर्वाचनमा काठमाडौं ४ बाट निर्वाचित हुँदै आएका थिए। यो निर्वाचनमा भने उनले आफैँलाई मतदान गर्न पाउने छैनन्। कांग्रेसले उनलाई प्रधानमन्त्रीको उम्मेदवार बनाउने औपचारिक निर्णय गर्ने तयारी गरेको छ।

नेकपाका संयोजक तथा पूर्वप्रधानमन्त्री प्रचण्डले पनि आफैँलाई मतदान गर्न पाउनेछैनन्। संसदीय अंकगणितले साथ दिए उनी पनि प्रधानमन्त्रीका आंकाक्षी नेता हुन्। रुकुमपूर्वबाट उम्मेदवार बनेका प्रचण्डको मतदाता नामावली चितवन ३ मा छ। पाँचौँपटक उम्मेदवार बनेका प्रचण्डले सुरुदेखि नै निर्वाचन क्षेत्र बदल्दै आएका छन्। उनले एकपटक मात्र आफूलाई मतदान गर्न पाएका छन्। ०६४ को पहिलो संविधानसभामा रोल्पा २ र काठमाडौं १० बाट उम्मेदवार बनेका प्रचण्ड दुवै क्षेत्रबाट विजयी भएका थिए। ०७० को दोस्रो निर्वाचनमा प्रचण्ड काठमाडौं १० र सिराहा ५ बाट उम्मेदवार बनेका थिए। उक्त निर्वाचनमा काठमाडौंबाट पराजित भएका थिए भने सिराहाबाट विजयी भएका थिए। संविधान बनेपछि एक क्षेत्रबाट मात्रै निर्वाचन लड्न पाउने कानुनी व्यवस्थापछि ०७४ सालको निर्वाचनमा प्रचण्ड चितवन ३ बाट उम्मेदवार बनेका थिए। उनी त्यति वेला भने आफू मतदाता भएकै क्षेत्रमा उम्मेदवार बनेका कारण आफूलाई भोट हाल्न पाएका थिए। उनी चितवनबाट पनि विजयी भएका थिए। ०७९ को निर्वाचनमा प्रचण्ड गोरखा २ बाट निर्वाचित भएका थिए।

रास्वपा सभापति रवि लामिछानेले पनि आफूलाई भोट हाल्न पाउनेछैनन्। चितवन २ का उम्मेदवार लामिछानेको नामावली भने काठमाडौं ३ मा रहेको छ। उनी तेस्रोपटक निर्वाचन लड्दै छन्। यसअघि ०७९ मा उनी चितवन २ बाटै उम्मेदवार बनेर निर्वाचित भएका थिए। तर, नागरिकता प्रकरणमा अदालतले सांसद पद खारेज गरेपछि उनी पुनः चितवन २ बाटै उपनिर्वाचन लडेर सर्वाधिक मतसहित निर्वाचित भएका थिए। गत दुवै निर्वाचनमा आफूलाई मतदान गर्न नपाएका लामिछानेले यसपटक पनि मतदान गर्न पाउनेछैनन्।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले पनि आफूलाई मत दिन पाउनेछैनन्। सप्तरी ३ मा उम्मेदवार रहेका यादवको मतदाता नामावली भने मोरङ ५ मा छ। उनी ०६४ सालदेखि निर्वाचन लड्दै आएका छन्। अघिल्लोपटक पनि उनले मतदान गर्न पाएका थिएनन्। ०७९ मा सप्तरी २ बाट उम्मेदवार बनेका यादव जनमत पार्टीका अध्यक्ष सिके राउतसँग पराजित भएका थिए। त्यसपछि उपनिर्वाचनमा बारा २ बाट उम्मेदवार बनेर निर्वाचित भएका थिए। त्यति वेला पनि उनले आफूलाई मतदान गर्न पाएका थिएनन्।

नेकपाका नेता नारायणकाजी श्रेष्ठ सर्लाही ३ बाट उम्मेदवार छन्। उनको मतदाता नामावली गोरखा २ मा रहेकाले उनले पनि आफूलाई मतदान गर्न पाउनेछैनन्। श्रेष्ठ राष्ट्रिय सभा सदस्यबाट राजीनामा दिएर प्रतिनिधिसभा उम्मेदवार बनेका हुन्।

कांग्रेस महामन्त्री प्रदीप पौडेलले पनि आफूलाई मतदान गर्न पाउनेछैनन्। उनको मतदाता नामावली तनहुँ २ मा छ। उनी उम्मेदवार काठमाडौं ५ बाट बनेका छन। तनहुँबाट ०७४ को निर्वाचनमा प्रदेश सभा सदस्यमा पराजित भएका थिए। गत ०७९ को निर्वाचनमा भने पौडेल काठमाडौं ५ बाट निर्वाचन लडे। मतदाता नामावली भने तनहुँमै भएका कारण उनले आफूलाई मतदान गर्न पाएका थिएनन्।

रास्वपा उपसभापति स्वर्णिम वाग्ले तनहुँ १ बाट उम्मेदवार छन्। उनले पनि आफूलाई मतदान गर्न पाउनेछैनन्। उनको मतदाता नामावली गोरखा १ मा छ। त्यस्तै, राप्रपा उपाध्यक्ष रविन्द्र मिश्रले पनि आफुलाई भोट दिन पाउने छैनन्। काठमाडौं १ बाट उम्मेदवार बनेका उनको मतदाता नामावली ललितपुरमा छ। यसअघिका दुई निर्वाचनमा पनि मिश्र काठमाडौं १ बाटै चुनाव लडेका थिए।

तेह्रथुमबाट उम्मेदवार बनेका एमाले सचिव भानुभक्त ढकालले पनि आफूलाई मतदान गर्न पाउनेछैनन्। उनको मतदाता नामावली मोरङ ३ मा छ। गत ०७९ मा मोरङ ३ बाटै उम्मेदवार बनेका ढकाल कांग्रेसका सुनील शर्मासँग पराजित भएका थिए।

कांग्रेसका नेता डा. शेखर कोइराला र मीनेन्द्र रिजालले पनि आफूलाई मत दिन पाउनेछैनन्। मोरङ ६ मा उम्मेदवार रहेका कोइरालाको नामावली मोरङ ४ मा छ। अघिल्लो निर्वाचनमा पनि कोइरालाले आफूलाई मतदान गर्न पाएका थिएनन्। त्यस्तै, रिजाल मोरङ २ बाट उम्मेदवार बनेका छन्, तर उनको मतदाता नामावली मोरङ ४ मा छ।

कांग्रेसकी पूर्वसहमहामन्त्री महालक्ष्मी उपाध्याय (डिना) मकवानपुर १ बाट उम्मेदवार छिन्। तर, उनको मतदाता नामावली मकवानपुर २ मा रहेकाले उनले पनि आफूलाई मतदान गर्न पाउनेछैनन्।

धनुषा ३ मा एमालेबाट उम्मेदवार बनेकी जुली महतोले पनि आफूलाई मतदान गर्न नपाउने भएकी छिन्। उनको मतदाता नामावली धनुषा ४ मा छ। गत ०७९ को निर्वाचन धनुषा ३ बाटै विजयी भएकी महतोले आफूलाई मतदान गर्न पाएकी थिइनन्। एमालेबाटै उम्मेदवार बनेका रुपन्देही ३ मा वासुदेव घिमिरे, रुपन्देही ४ मा उम्मेदवारी दिएका प्रमोद यादवले पनि आफूलाई मतदान गर्न पाउनेछैनन्। घिमिरेको मतदाता नामावली रुपन्देही २ मा छ भने यादवको रुपन्देही २ मा छ।

नेकपाका नेता देवेन्द्र पौडेलले पनि आफूलाई मतदान गर्न पाउनेछैनन्। नवलपरासी पश्चिम २ बाट उम्मेदवार बनेका पौडेलको मतदाता नामावली बागलुङ १ मा छ। नेकपाबाटै कैलाली ५ मा उम्मेदवार बनेका प्रेम आले र मनाङबाट उम्मेदवार बनेकी यसोदा सुवेदी पनि आफुलाई भोट दिनबाट बञ्चित हुनेछन्। आलेको मतदाता नामावली डोटीमा छ भने सुवेदीको लमजुङमा नामावलीमा छ।

कांग्रेसबाट नवलपरासी १ मा उम्मेदवार बनेका कांग्रेसका विनोद चौधरी र तनहुँ २ मा उम्मेदवारी दिएका शंकर भण्डारीले पनि आफूलाई मतदान गर्न पाउनेछैनन्। चौधरीको मतदाता नामावली नवलपुर १ मा छ भने भण्डारीको तनहुँ १ मा छ। त्यस्तै, बाँके ३ बाट उम्मेदवार बनेका कांग्रेसका अम्मरसिंह पुनको मतदाता नामावली रोल्पामा छ। उनले पनि आफूलाई मतदान गर्न पाउनेछैनन।

रास्वपाबाट काठमाडौं ४ मा उम्मेदवार बनेका पुकार बम, झापा १ की निशा डाँगी, बागलुङ २ का सोम शर्मा र बाँके ३ का खगेन्द्र सुनारले पनि आफूलाई मतदान गर्न पाउनेछैनन्। बमको मतदाता नामावली काठमाडौं १ मा, डाँगीको झापा ३ मा, शर्माको बागलुङ १ मा र सुनारको दैलेखमा छ।

झापा ४ बाट उम्मेदवार बनेका राप्रपाका भक्तिप्रसाद सिटौलाको मतदाता नामावली झापा २ मा छ। उनले पनि आफूलाई मतदान गर्न पाउनेछैनन्। जाजरकोटबाट नेमकिपाका उम्मेदवार धनराम जैसीले पनि आफूलाई मतदान गर्न पाउनेछैनन्। उनको मतदाता नामावली दैलेखमा छ।

चुनावी सरकारमा शिक्षा मन्त्रालय सम्हालेर दुई दिनअघि मात्रै राजिनामा दिएर म्याग्दी १ मा स्वतन्त्र उम्मेदवारी दिएका महावीर पुनले पनि आफुलाई मत दिन नपाउने भएका छन्। उनको मतदाता नामावली चितवनमा छ।

श्रम संस्कृति पार्टीबाट बागलुङ १ बाट उम्मेदवार बनेका लालबहादुर घर्ती र उज्यालो पार्टीबाट स्याङ्जा १ मा उम्मेदवारी दिएका रवीन्द्र मल्लले पनि आफूलाई मतदान गर्न पाउनेछैनन्। घर्तीको मतदाता नामावली बागलुङ २ मा छ भने मल्लको कास्कीमा छ।

जनमतबाट बर्दिया २ का उम्मेदवार शशीकुमार यादवको मतदाता नामावली धनुषाको जनकपुर उपमहानगरपालिकामा छ। उनले पनि आफुलाई मत दिन पाउने छैनन्।

विद्रोही उम्मेदवार...

पृष्ठ १ बाट क्रमशः

बागी उम्मेदवार बनेका छन्। यहाँ कांग्रेसका आधिकारिक उम्मेदवार प्रबल थापा हुन्। सिफारिसमै नपरेका थापालाई टिकट दिइएको भन्दै आचार्यले उम्मेदवारी फिर्ता लिएका छैनन्। यो क्षेत्रबाट ०७९ मा नेता प्रकाशमान सिंह विजयी भएका थिए। यसपटक भने उनले टिकट पाएनन्।

त्यस्तै, कालिकोटमा जिल्ला सभापति हर्षबहादुर बमको आधिकारिक उम्मेदवारीविरुद्ध नेता भूपेन्द्रजंग शाहीले बागी उम्मेदवारी दर्ता गरेका छन्। ०७० को संविधानसभा निर्वाचन र ०७४ को प्रतिनिधिसभा निर्वाचनमा टिकट पाएका शाहीले योपटक टिकट पाएनन्। बम गगन समूहका हुन्।

त्यस्तै, कपिलवस्तु १ मा अतहर कमालविरुद्ध युवा नेता आशीष शर्माले स्वतन्त्र रूपमा बागी उम्मेदवारी दर्ता गराएका छन्। जिल्ला कार्यसमितिले सिफारिस गरे पनि पार्टी केन्द्रले टिकट नदिएको विरोधमा उनले विद्रोह गरेका हुन्।

कैलाली क्षेत्र नम्बर २ मा उठेका विजय स्वारविरुद्ध पनि बागी उम्मेदवारी परेको छ। त्यहाँ मोहनसिंह राठौरले बागी उम्मेदवारी दिएका छन्। कैलाली क्षेत्र नम्बर २ को क्षेत्रीय समितिले प्रतिनिधिसभाको प्रत्यक्षतर्फ १० जनाको नाम सिफारिस गरेको थियो।

त्यस्तै, बैतडीमा कांग्रेसको आधिकारिक उम्मेदवार चतुरबहादुर चन्दविरुद्ध जिल्ला नेता तेज चन्दले बागी उम्मेदवारी दिएका छन्। उता, नवलपरासी २ मा कांग्रेसबाट दुईजनाको उम्मेदवारी परेकोमा उम्मेदवारी दिएका पूर्वगृहराज्यमन्त्री तथा नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य देवेन्द्रराज कँडेलको उम्मेदवारी रद्द भएको छ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय पश्चिम नवलपरासीले कांग्रेसबाटै मनोनयन गराएका लुम्बिनी प्रदेश समितिका सदस्य भीमबहादुर थापाको उम्मेदवारी कायम राख्दै कँडेलको उम्मेदवारी रद्द गरेको हो। दुवैजनाले टिकट ल्याएर मनोनयन दर्ता गरेपछि भएको अन्योलमा केन्द्रले थापाको उम्मेदवारीलाई मान्यता दिएको छ।

उता, नेकपाभित्र पनि केही स्थानमा बागी उम्मेदवारी परेको छ। सिन्धुली २ मा राजन दाहालविरुद्ध नेता हरिबोल गजुरेल आफैँ प्रस्ताव बसेर अर्का नेता महेश्वर दाहाललाई बागी उम्मेदवारी दर्ता गराएका छन्। जिल्ला नेतृत्व पनि महेश्वरकै पक्षमा खुलेपछि संकटमा परेका संयोजक पुष्पकमल दाहाल प्रचण्डले समस्या समाधानका लागि पहल अगाडि बढाएका छन्। उनले हरिबोलसहित आधिकारिक र बागी दुवै उम्मेदवार तथा जिल्ला नेतृत्वलाई काठमाडौंमा बोलाएका छन्।

त्यस्तै, दाङ १ मा नेकपामै विद्रोह भएको छ। आधिकारिक उम्मेदवार मेटमणि चौधरीविरुद्ध पूर्वमुख्यमन्त्री तथा नेता कुलप्रसाद केसीले स्वतन्त्र उम्मेदवारी दिएका छन्।

त्यस्तै, कालीकोट-१ मा पार्टीको आधिकारिक उम्मेदवार महिन्द्रबहादुर शाहीविरुद्ध जीवन बुढाले उम्मेदवारी दिएका छन्। शाही ०७०, ०७४ र ०७९ सालमा सोही क्षेत्रबाट निर्वाचित भएका थिए। पार्टीले टिकट नदिएपछि बुढाले बागी उम्मेदवारी दिएको बताएका छन्। यही क्षेत्रमा विप्लव नेतृत्वको नेकपा माओवादीका प्रवक्ता खड्गबहादुर विश्वकर्मा उम्मेदवार छन्। यहाँ नेकपा माओवादीको एमालेसँग तालमेल छ।

त्यस्तै, उदयपुर-२ मा पनि नेकपाको आधिकारिक उम्मेदवारविरुद्ध बागी उम्मेदवारी परेको छ। नेकपाका उम्मेदवार सुरेशकुमार राईविरुद्ध मेजर राईले बागी उम्मेदवारी दिएका छन्।

त्यस्तै, एमालेमा भने एउटा क्षेत्रमा मात्र बागी उम्मेदवारी परेको छ। उदयपुर १ मा दुर्गा थापा स्वस्तीविरुद्ध डा. कल्याण रोकाले उम्मेदवारी दिएका छन्। उनको उम्मेदवारी फिर्ता गर्ने विषयमा करिब करिब सहमति जुटिसकेको एमाले प्रदेश अध्यक्ष घनश्याम खतिवडाको दाबी छ। 'हामीले फिर्ताका लागि प्रयास गरेका छौँ, सम्भवतः अन्तिम समयसीमा शुक्रबारसम्म उहाँको उम्मेदवारी फिर्ता हुन्छ।' खतिवडाले नयाँ पत्रिकासँग भने।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट पनि केही क्षेत्रहरूमा बागी उम्मेदवारी परेको छ। रूपन्देही ३ मा डा. लेखजंग थापाविरुद्ध जितबहादुर (जेबी) गुप्ताले बागी उम्मेदवारी दिएका छन्। त्यस्तै, रामेछापमा पनि रास्वपाका आधिकारिक उम्मेदवार कृष्णहरि बुढाथोकीविरुद्ध अरुण कार्कीले उम्मेदवारी दर्ता गरेका छन्।

उता ओखलढुंगामा पनि रास्वपाका आधिकारिक उम्मेदवार विश्वराज पोखरेलविरुद्ध विक्रम दाहालले उम्मेदवारी दिएका छन्।

हार्दिक समवेदना



जन्म
वि.सं. २०११/१०/१४

स्वर्गारोहण
वि.सं. २०८२/०९/२७

स्व. जयकृष्ण उपाध्याय

हाम्रा सहकर्मी चन्द्रप्रसाद उपाध्यायका पुजनिय पिता **जयकृष्ण उपाध्याय**को असामयिक निधन भएकोमा हामी मर्माहत भएका छौँ। यस दुःखद घडीमा स्वर्गीय बुबाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौँ।

नयाँ पत्रिका
परिवार

सार्पसुटरदेखि...

पृष्ठ १ बाट क्रमशः

नक्कली भारतीय नोट कारोबारका कारण भारतीय खुफिया एजेन्सी 'रअ' (रिसर्च एन्ड एनालाइसिस विंगस्)को राडारमा रहँदै आएका बाराको जितपुर सिमरा उपमहानगरपालिका- ९ का युनुस अन्सारी पनि २४ भदौदेखि नै फरार छन्। उनी पनि केन्द्रीय कारागारबाटै भागेका थिए। आन्दोलनका क्रममा कारागार तोडफोड हुन थालेपछि अन्य कैदीबन्दीसँगै अन्सारी पनि निस्किएका थिए।

अन्सारी १० जेठ ०७६ मा सात करोड ७६ लाख नक्कली भारतीय रुपैयाँसहित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परेका थिए। उनीविरुद्ध अदालतले ६ वर्ष कैद सजाय तोकेको थियो। उक्त सजाय भुक्तानपछि जेलबाट निस्केलगत्तै उनलाई प्रहरीले गत २३ असारमा सम्पत्ति शुद्धीकरण कसुरअन्तर्गत पक्राउ गरेको थियो। त्यसयता उनलाई केन्द्रीय कारागारमा राखिएको थियो।

बर्दिया बाँसगढी नगरपालिका- ७ का ज्योतिबहादुर भण्डारी। उनी ललितपुरको महालक्ष्मीस्थानस्थित मितेरी सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ सहकारी ठगीको 'मास्टरमाइन्ड' मात्रै होइनन्, नक्कली नागरिकता प्रयोग गरी अनलाइन स्क्याममा समेत संलग्न थिए। उनलाई प्रहरीले मुस्किलले कम्बोडियाबाट पक्राउ गरी नेपाल ल्याएको थियो। ४ असारमा पक्राउ गरेर ल्याइएका उनलाई ललितपुरको नक्खु कारागारमा राखिएको थियो। तर, २४ भदौमा कारागारमा आगजनी र तोडफोडका घटना भएसँगै निस्किएका उनी पनि फरार छन्।

देउराली सहकारीका अध्यक्ष रवीन्द्र चौलागाईं पनि उमेश थापासहित बचतकर्ताको ६५ करोड ७७ लाख ठगी गरेको कसुरमा १८ असोज ०८० देखि नक्खु कारागारमै थिए। उनकी श्रीमती पूजा खत्रीसमेत सोही कसुरमा पक्राउ परी सुन्धारास्थित महिला बन्दीगृहमा थिइन्। तर, २४ भदौदेखि उमेश र पूजा दुवै फरार छन्। उनीहरूविरुद्ध गत १६ पुसमा मात्रै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले दुई अर्ब ६८ करोड ५१ लाख बिगोसहित दुईदेखि १० वर्षसम्मको कैद सजाय माग गर्दै अदालतमा मुद्दा दर्ता गराएको छ।

साथीकी श्रीमतीलाई प्रलोभनमा पारेर भारतको कोठीमा बेच्ने नुवाकोट दुप्चेश्वर- ६ का जान्द्रे भनिने रामबहादुर तामाङ पनि जेलबाहिरै छन्। मानव बेचबिखन तथा अनुसन्धान ब्युरोबाट खटिएको प्रहरीले टोलीले १३ वैशाख ०८० मा पक्राउ गरेपछि पुर्पक्षका लागि सुन्धारा कारागारमा रहेका उनी २४ भदौमै फरार भएका हुन्।

जापानी आपराधिक समूह 'याकुजा सिन्डिकेट'ले ९० को दशकमा संगठित आर्थिक अपराध गरेर विश्व नै हल्लाएको थियो। ८० हजार संगठित सदस्य रहेको सिन्डिकेटले तेल र कारको मात्र होइन, यौनदासीको समेत विश्वभर तस्करी गर्थ्यो। सोही स्तरका तस्करले हङकङबाट नेपाललाई 'ट्रान्जिट' बनाएर क्विन्टलका क्विन्टल सुन तस्करी गर्दै आएको थियो। २ साउन ०८० मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित भन्सार कार्यालयबाट बरामद ६०.७१६ किलो सुन सोहीमध्येको थियो।

प्रहरीले घटनामा संलग्न बेल्जियम नागरिक दावा छिरिङसहित याओ फुचेङ, डिङ सेङ फा, सेड फा डिङ, नेङकाई ली, कुंगा टासी, मा जियन झोङ, लि झेक्विङ, गेङ्गा झाछी, याङ वेन, टेरेन्स सेसहितलाई पक्राउ गरेको थियो। पक्राउ परेका याओ फुचेङ, डिङ सेङ फा, सेड फा डिङ, नेङकाई ली र कुङ्गा टासी यस्ता अभियुक्त थिए, जसले जाली कागजात पेस गरी नक्कली नागरिकता लिएका थिए। पक्राउपछि उनीहरू सबैलाई केन्द्रीय कारागारमा राखिएको थियो। २४ भदौको तोडफोड र आगजनीपछि उनीहरू सबै फरार छन्।

जेन-जी आन्दोलनका क्रममा २४ भदौमा भएको तोडफोड र आगजनीपछि कारागारबाट फरार भएका माथिका प्रतिनिधि घटना मात्रै हुन्। जो गम्भीर र संगठित प्रकृतिको कसुरमा संलग्न रहेका थिए। मुलुकभरका२८ कारागारबाट फरार हुने यस्ता आपराधिक कैदीबन्दी चार हजार ४६३ छन्। जसमध्ये ३८ सय ५२ नेपाली र ६११ विदेशी कैदीबन्दी छन्। यिनैलाई सरकारले २१ फागुनको निर्वाचनका लागि सबैभन्दा ठुलो सुरक्षा चुनौती ठानेको छ। यो तथ्यलाई गृहमन्त्री ओमप्रकाश अर्यालले स्वीकार गरेका छन्।

'गत २४ भदौमा भएको आगजनीपछि कारागारबाट फरार भएका कैदीबन्दीमध्ये अधिकांश पक्राउ परेका छन्। केही फरार छन्। उनीहरू आसन्न निर्वाचनमा सुरक्षा चुनौतीका विषय हुन् भन्ने हामीले पनि बुझेका छौँ। उनीहरूलाई नियन्त्रण गर्न सोहीअनुसार रणनीति अख्तियार गरेका छौँ,' उनले भने।

आसन्न निर्वाचनमा फरार कैदीबन्दीबाट हुन सक्ने सुरक्षा खतराप्रति नेपाल प्रहरी पनि गम्भीर छ। उनीहरूको गिरफ्तारीका लागि प्रहरीले प्रत्येक फरार कैदीबन्दीको फोटोसहितको नामावली संकलन गरेको छ। संकलित फोटोसहितको विवरण सम्बन्धित वडा कार्यालय र वडास्थित प्रहरी कार्यालयमा सर्कुलर गरेको छ। सोही फोटोसहितको विवरणका आधारमा प्रहरीले आवश्यक सूचना संकलन गरिरहेको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी अविनारायण काफ्लेले बताए। उनले भने, '२४ भदौको आन्दोलनमा फरार भएका कैदीबन्दीबाट हुन सक्ने सुरक्षा चुनौतीप्रति प्रहरी सजग छ। उनीहरूको फोटोसहितका विवरण संकलन गरी सम्बन्धित वडा कार्यालय र प्रहरीको तल्लो युनिटसम्म पत्राचार भएका छन्। सोही आधारमा सूचना संकलन गरिएका छन्। पक्राउ पर्ने दर बढेको छ।'

लुटिएका हतियार अर्को चुनौती


आन्दोलनका क्रममा नेपाल प्रहरीको १३ सय ४२ र सशस्त्र प्रहरीको ४६ गरी १३ सय ८८ थान हतियार लुटिए। त्यसमध्ये हालसम्म ७६० थान हतियार मात्रै फिर्ता भएका छन्। त्यस्तै, दुई सय थान जलेको अवस्थामा फेला परेको प्रहरी बताउँछ। यो आधारमा अझै ४२८ थान हतियार लुटेराकै साथमा छन्। जुन आसन्न निर्वाचनका लागि सबैभन्दा ठुलो सुरक्षा चुनौती रहेको नेपाल प्रहरीका प्रवक्ता डिआइजी अविनारायण काफ्ले स्विकार्छन्। उनी भन्छन्, 'लुटिएका हतियार कति थिए ? कति बरामद भए ? त्यसको तथ्यांक गोप्य नै राखौँ। तर, त्यसमध्ये अधिकांश हतियार फिर्ता भएका छन्। बाँकी कति जलेका छन्, कति खोलामा फालिएका छन्। हाम्रो बुझाइमा लुटेरासँग त्यस्ता हतियार निकै कम हुन सक्छन्। तर, यो सुरक्षा चुनौती भने हो।'

■ सशस्त्र प्रहरीको उतारचढावपूर्ण २५ वर्ष

बहुपक्षीय जिम्मेवारीले पहिचान अझै अस्पष्ट



सशस्त्र प्रहरी बलका पूर्वमहानिरीक्षक **शैलेन्द्र खनाल** भन्छन्-
त्यतिवेला स्थापना भएको कार्यालयलाई अहिलेको सरकारले स्थायी बनाएकोमा खुसी लागेको छ, सशस्त्र प्रहरीलाई अझै दरबन्दी र स्रोत-साधन अपुग छ।



■ सशस्त्र प्रहरीको २५ वर्षे यात्रा

०५७- सशस्त्र प्रहरी अध्यादेश जारी, ०५८- सशस्त्र प्रहरी बल, गठन, ०६३- सीमा सुरक्षामा परिचालन, ०६५-राजमार्ग सुरक्षामा परिचालन, ०६९-राजश्व संकलन र औद्योगिक सुरक्षाको कार्यादिश, ०७२-भूकम्पको उद्धारमा महत्वपूर्ण योगदान, ०७६-७७ जिल्लामा कार्यालय स्थापना, ०७७-रेल्वे सुरक्षाको जिम्मेवारी, ०८०-सीमास्तम्भको मर्मतको जिम्मेवारी, ०८२- पर्वतीय क्षेत्रमा उद्धारको क्षमता विकास

नवराज मैनाली/नयाँ पत्रिका

सशस्त्र द्वन्द्वको विषम परिस्थितिको सामना गर्न स्थापना भएको सशस्त्र प्रहरी बलले अनेक उतारचढाव झेल्दै २५ वर्ष पूरा गरेको छ। देशको कान्छो सुरक्षा संगठनले अझै पनि अर्धसैन्य बलका रूपमा आफ्नो प्रस्ट पहिचान भने बनाउन सकेको छैन। सानो संगठन, तर बहुपक्षीय जिम्मेवारीका कारण सशस्त्र प्रहरीको पहिचान प्रस्ट हुन नसकेको हो।

सरकारले भिड नियन्त्रणदेखि सीमा सुरक्षा, विपत् व्यवस्थापन, रेल्वे सुरक्षासम्मको कार्यादेश सशस्त्र बललाई दिएको छ। त्यस्तै, भिआइपीको सुरक्षादेखि कारागार सुरक्षा तथा विमानस्थलको भन्सार क्षेत्रमा समेत सशस्त्र प्रहरी खटिएको छ। धेरै जिम्मेवारी रहेको र सबै जिल्लामा फैलिएको सशस्त्र प्रहरीको जनशक्ति भने करिब ३६ हजार मात्र छ। जसकारण पछिल्लो समय सशस्त्र प्रहरी आफ्नो जिम्मेवारीको समीक्षा गरेर क्षमताअनुसार केही विशिष्ट जिम्मेवारीमा केन्द्रित हुनुपर्ने बहस संगठनभित्र सुरु गरेको छ।

स्थापनाको रजत जयन्तीका अवसरमा सशस्त्र प्रहरीले विभिन्न क्षेत्रका व्यक्तिसँग छलफल गरेको थियो। त्यसमा कार्यादेश धेरै भएकाले सीमा सुरक्षा र विपत् व्यवस्थापनमा केन्द्रित भएर काम गर्नुपर्ने सुझाव धेरैले संगठनलाई दिएका छन्। सोहीअनुसार सशस्त्र प्रहरीले अब रणनीति बनाउने सशस्त्र प्रहरीका एक अधिकारी बताउँछन्।

द्वन्द्व व्यवस्थापन गरी शान्तिको यात्रामा योगदान

०५२ मा सुरु भएको माओवादीको सशस्त्र द्वन्द्व ०५६ बाट बढ्दै गयो। नियमित शान्ति सुरक्षामा खटिएको नेपाल प्रहरी एक्लै माओवादीसँग लड्न सक्ने अवस्था भएन। नेपाली सेनालाई माओवादीविरुद्ध सेना खटाउन सक्ने अवस्थामा पनि सरकार थिएन। त्यो अवस्थामा सशस्त्र प्रहरी स्थापना भएको थियो। तत्कालीन गृहसचिव खेमराज रेग्मीको संयोजकत्वमा गठित 'सशस्त्र प्रहरी सुझाव कार्यदल, २०५६'ले दिएको सुझावबमोजिम ९ माघ ०५७ मा सशस्त्र प्रहरी अध्यादेश जारी भएको थियो। सोही मितिलाई सशस्त्र प्रहरीले आफ्नो स्थापना दिवस मनाउँदै आएको छ। यद्यपि, यसको गठनका लागि भने एक वर्ष लाग्यो। ८ कात्तिक ०५८ मा बल्ल नेपाल प्रहरी र नेपाली सेनाका कर्मचारीलाई एक तह बढुवा गरेर सशस्त्र प्रहरी बल स्थापना भएको थियो। पछि सेनासमेत खटिएर ०६२ मा सशस्त्र द्वन्द्वको व्यवस्थापन भएको थियो।

सशस्त्र द्वन्द्वको व्यवस्थापनपछि सशस्त्र प्रहरी ०६२/६३ को जनआन्दोलनमा खटियो। सशस्त्र द्वन्द्वको अन्त्य र लोकतन्त्रको बहालीपछि सशस्त्र प्रहरीको नयाँ भूमिकाबारे छलफल भयो। जसअनुसार १९ माघ ०६३ मा तीन हजार ८५० दरबन्दी थप गरेर सीमा सुरक्षा कार्यालयको स्थापना गरी सीमा क्षेत्रमा खटाउने निर्णय भएको थियो।

सोही वर्ष मधेश आन्दोलनमा पनि सशस्त्र प्रहरीले महत्त्वपूर्ण भूमिका निभाएको थियो। पछि राजमार्गको सुरक्षामा खटियो। सशस्त्र प्रहरी खटिन थालेपछि राजमार्ग तथा सीमा क्षेत्रमा हुने डकैती र लुटपाटका घटना लगभग शून्यमा झरेको सशस्त्र प्रहरी बलका प्रवक्ता डिआइजी मनीष थापा बताउँछन्।

०६६ मा सरकारले सशस्त्र प्रहरीलाई १० वटा गुल्म र ४८ वटा बोर्डर आउटर पोस्ट (बिओपी) स्थापना गरी एकैपटक पाँच हजार ४८१ दरबन्दी थप गरेको थियो। हाल सशस्त्र प्रहरीको बिओपीको संख्या २६० पुगेको छ। ०६९ मा सशस्त्र प्रहरी बलले अर्को महत्त्वपूर्ण जिम्मेवारी पायो। दुई हजार २५० दरबन्दी थप गरी राजस्व, भन्सार र औद्योगिक सुरक्षामा सशस्त्र प्रहरीलाई खटाइएको थियो। ०७७ मा सरकारले रेल्वेको सुरक्षामा पनि सशस्त्र प्रहरी खटाउने निर्णय गऱ्यो। जसअनुसार जनकपुरको रेल्वे सुरक्षामा सशस्त्र प्रहरी खटिँदै आएको छ।

यसबिचमा सशस्त्र प्रहरीबाट केही महत्त्वपूर्ण योगदान भयो। ०६४ को निर्वाचनमा सशस्त्र प्रहरीले नै मुख्य भूमिका खेलेको थियो। ०७२ को भूकम्पमा उद्धारपछि सशस्त्र प्रहरी बलको महत्त्व अझै बढ्यो। विपत् व्यवस्थापनमा तामिलप्राप्त सशस्त्र प्रहरीका अधिकारीले भूकम्पको उद्धारमा महत्त्वपूर्ण भूमिका निभाएका थिए।

यसबिचमा सशस्त्र प्रहरीको अर्को महत्त्वपूर्ण सफलता गोताखोरको उद्धार हो। ०६९ सम्म पानीमुनिबाट उद्धार गर्नुभन्दा अर्को देशबाट गोताखोर मगाउनुपर्ने अवस्था थियो। सशस्त्र प्रहरीले तालिम दिएर सयभन्दा धेरै गोताखोर देशमै तयार गरिसकेको छ। जसकारण पानीबाट हुने विपत् जन्य घटनामा सशस्त्र प्रहरीकै माग हुन थालेको छ।

तस्करी नियन्त्रणको भूमिकाले विवादित

पछिल्लो समय सशस्त्र प्रहरीले चारवटा मुख्य म्यान्डेटलाई अघि सारेको छ। बर्ड (बोर्डर, इन्टरनल सेक्युरिटी, रेभेन्यु र डिजास्टर)को अवधारणाअनुसार सशस्त्र प्रहरीले चारवटा कार्यादेशमा आफूलाई केन्द्रित गर्ने प्रयास गरेको छ। जसअनुसार राजस्व संकलनको जिम्मेवारीले सशस्त्र प्रहरीलाई विवादमा तान्दै आएको छ। सीमा क्षेत्रमा हुने तस्करी नियन्त्रणका क्रममा सीमा क्षेत्रका बासिन्दासँग सशस्त्र प्रहरीको मुकाबिला हुँदै आएको छ। कतिपय अवस्थामा सशस्त्र प्रहरीको बल प्रयोगबाट स्थानीयले ज्यानसमेत गुमाउँदै आएका छन्। एकातर्फ सीमावासीसँगै मिलेर सीमाको सुरक्षा गर्नुपर्ने दायित्व, अर्कोतर्फ तस्करी नियन्त्रणमा बल प्रयोग गर्नुपर्ने दोहोरो जिम्मेवारीले सशस्त्र प्रहरी समस्यामा पर्दै आएको छ। केही खराब आचरणका प्रहरीका कारण पनि सीमा क्षेत्रमा सशस्त्र प्रहरीको छवि राम्रो हुन सकेको छैन। जसकारण सशस्त्र प्रहरीले तस्करी नियन्त्रणको भूमिकाबारे समीक्षा गर्नुपर्ने आवाज उठ्न थालेको छ।

जेन-जी आन्दोलनमा बाहिरियो कमजोरी, भिड नियन्त्रणमा नयाँ प्रस्ताव

गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनले सबै सुरक्षा निकायको कमजोरी बाहिर आयो। जसमा सशस्त्र प्रहरीको पनि आलोचना भयो। आन्दोलनमा सुरक्षा निकायबिच समन्वय हुन सकेन। २४ भदौको आन्दोलनमा सशस्त्र प्रहरीले नेपाल प्रहरीलाई सहयोग नगरेको आरोप पनि लाग्यो। तर, उपत्यकामा आफ्नो संख्या कम भएको र प्रस्ट कार्यादेश नहुँदा समस्या भएको सशस्त्र प्रहरी अधिकारीको भनाइ छ। नेपाल प्रहरी र सशस्त्र प्रहरी भिड नियन्त्रणमा सँगै खटिने गरेका छन्। जहाँ कसको कमान्डअनुसार काम गर्ने भन्ने प्रस्टता छैन। यस्तो अवस्थामा भिड नियन्त्रणमा खटिन नसक्ने सशस्त्र प्रहरीले गृह मन्त्रालयमा औपचारिक रूपमा जानकारी गराइसकेको छ। सशस्त्रले दंगाक्षेत्र घोषित भएपछि मात्र परिचालन हुने र त्यसपछि फिल्डको कमान्ड सशस्त्र प्रहरीको हुने गरी परिचालनसम्बन्धी नयाँ नीतिको मस्यौदा गृह मन्त्रालयमा बुझाएको छ। जुन विषयमा निर्णय हुन सकेको छैन।

जेन-जी आन्दोलनमा भएको कमजोरीबाट पाठ सिकेर सशस्त्र प्रहरीले भिड नियन्त्रणमा रणनीति र केही संरचना फेरबदल थालेको छ। जसअनुसार काठमाडौं उपत्यकामा भिड नियन्त्रणकै लागि एसएसपीको कमान्डमा रेजिमेन्ट गण स्थापना गरेको छ भने यससम्बन्धी तालिम र स्रोत-साधनको वृद्धिमा जोड दिएको छ।

कतिपयले सानो संगठनलाई ७७ जिल्लामा फिजाउँदा प्रभावकारी काम गर्न नसकेको पनि बताउने गरेका छन्। सशस्त्र प्रहरी बलका पूर्वमहानिरीक्षक शैलेन्द्र खनाल सीमा सुरक्षा र विपत् व्यवस्थापनकै उद्देश्यले आफ्नो कार्यकालमा अस्थायी गुल्म स्थापना गरी सबै जिल्लामा सशस्त्र प्रहरीलाई पुऱ्याइएको बताउँछन्। 'त्यतिवेला स्थापना भएको कार्यालयलाई अहिलेको सरकारले स्थायी बनाएकोमा खुसी लागेको छ,' उनले भने, 'सशस्त्र प्रहरीलाई अझै दरबन्दी र स्रोत-साधन अपुग छ।'

२५ वर्षे यात्रामा सशस्त्र प्रहरीले अनेक उतारचढाव पनि झेलेको छ। संगठनको पहिलो महानिरीक्षक कृष्णमोहन श्रेष्ठले सशस्त्र विद्रोहमा ज्यान गुमाए। सशस्त्र प्रहरीका चार अवकाशप्राप्त महानिरीक्षकले एकैपटक भ्रष्टाचारको मुद्दा खेपेपछि संगठनमै त्यसको दाग लागेको थियो। नेपाल प्रहरीसँग पनि सशस्त्र प्रहरीको सम्बन्ध उतारचढाव रहँदै आएको छ। सशस्त्र प्रहरी कहिले प्रहरीजस्तो त कहिले सेनाजस्तो बन्न खोजेको आरोप लाग्ने गरेको छ। यही आरोप चिर्न सशस्त्र प्रहरीले प्रस्ट कार्यादेशका लागि लबिङ थालेको छ।

सुरक्षाविद् नारायण अधिकारी भविष्यमा सशस्त्र प्रहरी बलले आफूलाई आधुनिक, सक्षम र उत्तरदायी अर्धसैनिक बलका रूपमा रूपान्तरण गर्न जरुरी रहेको बताउँछन्। 'यसमा प्रविधिमैत्री सीमा निगरानी, डेटा-आधारित जोखिम विश्लेषण, बोर्डर-केन्द्रित खुफिया सञ्जाल, विशेष प्रतिआतंकवाद युनिट, साइबर सुरक्षा र राजस्व चुहावट नियन्त्रण, मानव अधिकार र उत्तरदायित्व-केन्द्रित प्रशिक्षण हुनु आवश्यक देखिन्छ,' उनले भने।

प्रतिनिधिसभा निर्वाचनमा एउटै वडाका ६ जना उम्मेदवार



देवेन्द्र पौडेल बलावती शर्मा कल्पना शर्मा
चित्र सापकोटा सोम शर्मा कृष्ण शर्मा

बागलुङमा **नारायण रिजाल**

आगामी २१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा एउटै वडाका ६ जना उम्मेदवार मैदानमा उत्रिएका छन्। बागलुङ नगरपालिका-१२ अमलाचौरमा स्थायी ठेगाना भई विभिन्न दलमा सक्रिय ६ जना व्यक्ति उम्मेदवार बनेका छन्। जसमध्ये पाँच प्रत्यक्ष र एकजना समानुपातिक छन्।

पूर्वशिक्षामन्त्री देवेन्द्र पौडेल हाल नवलपरासी पश्चिम २ मा नेकपाबाट प्रत्यक्षतर्फका उम्मेदवार छन्। ०७४ र ०७९ को प्रतिनिधिसभा निर्वाचनमा बागलुङ २ बाट निर्वाचित पौडेल यसपटक नवलपरासी पश्चिम पुगेका हुन्। पौडेल कांग्रेसका भरत थापा, एमालेका लेखनाथ खरेल र नरेन्द्र गुप्तासँग चुनावी प्रतिस्पर्धामा छन्। पौडेलकै धर्मपत्नी बलावती शर्मा नेकपाको समानुपातिक उम्मेदवार हुन्। उनी समानुपातिक बन्दसूचीको खस-आर्यतर्फ पहिलो नम्बरमा छिन्।

काठमाडौं ५ बाट नेकपाको उम्मेदवार बनेकी कल्पना शर्मा बागलुङ नगरपालिका- १२ मै जन्मिएकी हुन्। उनी हाल काठमाडौंमा बसोबास गर्छिन्। उनी नेकपाका नेता एवं पूर्वशिक्षामन्त्री दीनानाथ शर्माकी छोरी हुन्। उनी काठमाडौं ५ मा कांग्रेस महामन्त्री प्रदीप पौडेल, एमाले नेता ईश्वर पोखरेल र रास्वपाका सस्मित पोखरेलसँग चुनावी प्रतिस्पर्धामा छिन्।

अमलाचौरकै कृष्णप्रसाद शर्मा अधिकारी र चित्रप्रसाद सापकोटा बागलुङ १ मा प्रत्यक्षतर्फबाट उम्मेदवार बनेका छन्। अधिकारी राष्ट्रिय जनमोर्चा र सापकोटा प्रगतिशील लोकतान्त्रिक पार्टीबाट उम्मेदवार बनेका हुन्। अधिकारी र सापकोटाको प्रतिस्पर्धीका रूपमा कांग्रेसका भीमबहादुर श्रीस राना, एमालेका हिराबहादुर केसी र रास्वपाका सुशील खड्का छन्।

बागलुङ २ मा रास्वपाबाट प्रत्यक्षतर्फका उम्मेदवार सोम शर्मा पनि बागलुङ नगरपालिका- १२ मै जन्मिएका हुन्। उनी हाल बागलुङ नगरपालिका- ३ मा बस्छन्। शर्मासँग कांग्रेसका टेकराज पौडेल, एमालेका मञ्जु शर्मा चालिसे र नेकपाका अनिल गैरे चुनावी प्रतिस्पर्धामा छन्। यसअघिका निर्वाचनमा पनि यसै वडाबाट तत्कालीन माओवादीबाट देवेन्द्र पौडेल, एमालेबाट सूर्य पाठक प्रतिनिधिसभाको उम्मेदवार थिए। पौडेलले बागलुङ २ मा निर्वाचन जितेका थिए। पाठक भने राजमोका चित्रबहादुर केसीसँग पराजित भए।

यसै वडाका प्रदेश सभा सदस्य कृष्णप्रसाद पाठक हाल गण्डकीका स्वास्थ्यमन्त्री छन्। यस वडाबाट प्रतिनिधित्व गर्दै बारम्बार सांसद र मन्त्री बने पनि जनताले सोचेअनुरूप वडाको विकास हुन नसकेको वडावासीको गुनासो छ। यसपटक नेकपाबाट समानुपातिक सूचीमा रहेकी बलावती शर्मा सांसद बन्ने झन्डै पक्कापक्की भएको छ भने पौडेल र अन्य उम्मेदवारले निर्वाचन जित्नुपर्नेछ।

सम्पदाप्रेमीको पहलपछि प्रहरी कार्यालयमा रहेका मूर्तिकला फिर्ता गरिँदै

काठमाडौं/ विभिन्न प्रहरी कार्यालयमा रहेका ऐतिहासिक मूर्तिकला फिर्ता गरिने भएको छ। सम्पदाप्रेमीले पुरातत्त्व विभाग र गृहमन्त्रीको ध्यानाकर्षण गराएपछि महेन्द्र पुलिस क्लब, गौशाला प्रहरी वृत्त, धुलिखेल प्रहरी चौकीलगायतमा रहेका ऐतिहासिक मूर्तिकला संरक्षण गर्न लागिएको हो।

ती मूर्तिकला छाउनीस्थित राष्ट्रिय संग्रहालय तथा जुन मूर्तिकला जहाँको थियो त्यहीँ लगेर राखिनेछ। आइतबार पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानांग र सम्पदाप्रेमी यादवलाल कायस्थले त्यसलाई उचित संरक्षण गर्नुपर्ने माग गर्दै गृहमन्त्री ओमप्रकाश अर्याललाई भेटेका थिए। गृहमन्त्री अर्यालले ऐतिहासिक मूर्ति तथा कलात्मक वस्तुहरूको उचित संरक्षण गर्नुपर्ने भन्दै बुधबार प्रहरीका अधिकारीहरू, पुरातत्त्व विभाग, महानगरपालिकालगायतसँग छलफल गरी प्रहरी कार्यालयमा रहेका मूर्तिकला पुरानै ठाउँमा फिर्ता गर्ने निर्णय गरेका थिए।

हाल महेन्द्र पुलिस क्लबमा २५ वटा प्रस्तरको र एउटा धातुका मूर्ति छन्। बनेपा र धुलिखेल प्रहरी कार्यालयमा गरी सातवटा मूर्ति छन्। गौशाला प्रहरी चौकीमा दुईवटा मूर्ति छन्। ती मूर्तिहरू संरक्षण गर्नुपर्ने भन्दै सम्पदाप्रेमीले आवाज उठाउँदै आएका छन्। 'अन्य प्रहरी चौकीबाट दुई सयवटाजति मूर्तिहरू भेटाएर मैरै पहलमा पुरातत्त्वलाई जिम्मा लगाइएको छ, अझै पनि केही मूर्तिहरू फिर्ता गर्न बाँकी छ,' कायस्थले भने, 'ऐतिहासिक मूर्तिकला जहाँ पायो त्यहीँ राख्न मिल्दैन, त्यसको आफ्नै ऐतिहासिक महत्त्व छ।'

किन भयो रेशमको उम्मेदवारी खारेज ?

धनगढीमा **तेजराज भट्ट**

नागरिक उन्मुक्ति पार्टी नेपालबाट कैलाली १ मा प्रतिनिधिसभा सदस्यको उम्मेदवारी दर्ता गराएका रेशमलाल चौधरीको उम्मेदवारी खारेज भएको छ। क्षेत्र नम्बर १ स्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले बिहीबार उनको उम्मेदवारी खारेज गर्ने निर्णय गरेको हो।

मुख्य निर्वाचन अधिकृत देवराज भारतीका अनुसार उम्मेदवारी खारेज गर्दा तीनवटा कारणलाई आधार बनाइएको छ। पहिलो सर्वोच्च अदालतले रेशमविरुद्ध जन्मकैदको सजाय अन्तिम किनारा लगाउनु। थरुहट आन्दोलनका क्रममा ७ भदौ ०७२ मा टीकापुरमा भएको घटनामा आठ प्रहरीसहित नौजनाको ज्यान गएको थियो। घटनामा कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र डाकाचोरी मुद्दामा सर्वोच्चले रेशमलाई जन्मकैदको सजाय सदर गरेको थियो।

पाँच वर्ष तीन महिना जेल सजाय काटेका चौधरी राष्ट्रपतिबाट माफी पाएर १५ जेठ ०८० मा कारागारमुक्त भएका थिए। राष्ट्रपतिबाट माफी पाएर रिहा भए पनि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ को उपदफा (१०) अनुसार उनीविरुद्धको फैसला भने बदर नहुनुलाई मुख्य निर्वाचन अधिकृतको कार्यालयले उम्मेदवारी खारेजीको अर्को आधारका रूपमा उल्लेख गरेको छ।

यही फैसलाका कारण रेशमलाई राजनीतिक दलको सदस्य बन्न नपाउने भनेर निर्वाचन आयोगले विगतमा गरेको निर्णय उम्मेदवारी खारेजीको अर्को आधार रहेको मुख्य निर्वाचन अधिकृत भारतीले बताए। रेशम जेलमै रहेका वेला श्रीमती रञ्जिता श्रेष्ठको अध्यक्षतामा नागरिक उन्मुक्ति पार्टी गठन गराएका थिए। जेलमुक्त भएलगत्तै नागरिक उन्मुक्तिको महाधिवेशन गराएर उनी आफैँ अध्यक्ष बने। तर, आयोगले रेशम नेतृत्वको कार्यसमितिलाई मान्यता दिएन। आयोगले २४ फागुन ०८० मा रेशम राजनीतिक दलको सदस्य बन्न अयोग्य हुने निर्णय गरेको देखिएको मुख्य निर्वाचन अधिकृत भारतीले जानकारी दिए।



प्रचलित ऐन-कानुनअनुसार रेशमको उम्मेदवारी खारेजीको निर्णयमा आयोग पुगेको उल्लेख गर्दै उनले यो निर्णय गर्दा निर्वाचन आयोगसँग समेत परामर्श गरिएको बताए। क्षेत्र नम्बर १ बाटै स्वतन्त्र उम्मेदवारी दिएका सत्यनारायण भट्टराईले रेशमको उम्मेदवारी खारेज गर्न माग गर्दै मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दिएका थिए।

प्रतिकूल निर्णय आउन सक्ने आकलनसहित स्वतन्त्र उम्मेदवार

रेशमको उम्मेदवारीलाई लिएर निर्वाचन आयोगबाट प्रतिकूल निर्णय आउन सक्ने आकलन गरेर नागरिक उन्मुक्ति पार्टी नेपालले यो क्षेत्रमा स्वतन्त्र उम्मेदवारसमेत उठाएको छ। फागुराम थारूले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका हुन्। रेशमको उम्मेदवारी खारेज भएकाले अब आफ्नो पार्टीले थारूलाई समर्थन गरेर चुनावमा जाने नागरिक उन्मुक्ति पार्टी नेपालका अध्यक्ष कवीन्द्र सोपले बताए।

'अब हामी उहाँलाई समर्थन गरेर जान्छौँ,' सोपले भने, 'उम्मेदवारी खारेज गर्ने आयोगको निर्णय विभेदकारी भए पनि निर्णय मानेर जानुको विकल्प छैन।' आयोगको निर्णयपछि रेशमले उम्मेदवारी खारेजीविरुद्ध देशैभरि पार्टीको चुनाव चिह्न जाँतोमा मतदान गरेर साथ दिन आग्रह गरेका छन्।

०७९ को चुनावमा पनि बर्दिया २ बाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिएका रेशमको उम्मेदवारी खारेज भएको थियो। त्यसवेला पनि उनले आफ्ना बुवा लालवीरलाई त्यही क्षेत्रबाट स्वतन्त्र उम्मेदवारी दिन लगाएका थिए। तत्कालीन नागरिक उन्मुक्ति पार्टीको समर्थनमा लालवीर विजयी पनि भएका थिए।

संक्षेप

निर्वाचनलक्षित संयुक्त सुरक्षा अभ्यास सञ्चालन

लहान/ आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, भयरहित र शान्तिपूर्ण ढंगले सम्पन्न गर्ने उद्देश्यले सिराहाको मिर्चैया नगरपालिकाको जिवा खोलाको बगरमा संयुक्त निर्वाचन सुरक्षा अभ्यास सञ्चालन गरिएको छ। जिल्ला सुरक्षा समितिको संयोजनअन्तर्गत नेपाली सेनाको चोहर्वास्थित नन्दाबक्स गणको पहलमा बुधबार संयुक्त निर्वाचन सुरक्षा अभ्यास सञ्चालन गरिएको प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले बताए। उनका अनुसार संयुक्त सुरक्षा अभ्यासमा सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र जिल्ला निर्वाचन कार्यालयका कर्मचारी गरी करिब चार सयजनाको सहभागिता थियो। 'सुरक्षा अभ्यास निर्वाचनमा सुरक्षाकर्मीलाई मतदानस्थल तथा मतदान केन्द्रको सुरक्षा, सञ्चालनसहित निर्वाचनका समयमा हुन सक्ने अवाञ्छित गतिविधि नियन्त्रण र विभिन्न सम्भावित परिस्थितिका लागि तयारी गर्नु हो,' उनले भने। उनका अनुसार चारवटै निर्वाचन क्षेत्रका मतदान अधिकृत र सहायक मतदान अधिकृतको तालिमपछि आगामी १५ फागुनसम्म आवश्यकताबमोजिम नमुना मतदानसमेत सञ्चालन गरिनेछ।

अन्नपूर्ण चिनी उद्योगका मजदुरको च्यापिएर मृत्यु

सर्लाही/ उखुको खुवा बनाउने मेसिनमा च्यापिएर अन्नपूर्ण चिनी उद्योग धनकौलमा एक मजदुरको ज्यान गएको छ। जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार बिहीबार उद्योगको मेसिनमा च्यापिएर धनकौल- ४, महिनाथपुर बस्ने १९ वर्षका चुनचुन रायको मृत्यु भएको हो। रायले धनकौल- ३ मा रहेको चिनी उद्योगको खुवा बनाउने ठाउँमा उद्योग मजदुरीका रूपमा काम गर्दै आएका थिए। बिहान काम गर्नेक्रममा एक्कासि मेसिनमा च्यापिएका रायको घटनास्थलमै मृत्यु भएको सर्लाही प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए। उनका अनुसार रायको शव परीक्षणका लागि प्रादेशिक अस्पताल मलंगवामा राखिएको छ। घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरी प्रवक्ता राईले बताए। घटनापछि उद्योगको क्रसिङसमेत केही समय अवरुद्ध भएको थियो।

नागरिकता, राष्ट्रिय परिचयपत्र र राहदानी बनाउनेको चाप

धादिङ/ जिल्ला प्रशासन कार्यालय, धादिङबाट सेवा लिने सेवाग्राहीको संख्या एक सातायता ह्वात्तै बढेको छ। नागरिकता, राष्ट्रिय परिचयपत्र र राहदानीजस्ता अत्यावश्यक कागजपत्र बनाउनेको चाप विगतको तुलनामा झन्डै दोब्बर पुगेको हो। जिल्ला प्रशासन कार्यालयबाट सेवा लिनेको संख्या माघयता दोब्बर भएको धादिङका प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदीले बताए। 'विगतमा भन्दा माघमा सेवाग्राहीहरू अझै बढेका छन्। झन्डै दुई गुणाले सेवाग्राहीको चाप छ,' उनले भने, 'टाढाटाढादेखि सेवा लिन आएका सेवाग्राहीलाई सेवा दिनै पऱ्यो। सहज सेवा प्रवाहमा कति पनि कन्ज्युस्याइँ गरेका छैनौँ। कर्मचारीलाई भार र गाह्रो भए पनि हामीले कार्यालय समयमा नभ्याएकालाई थप समयमा पनि सेवा प्रवाह गरिरहेका छौँ।'


निवर्तमान सभामुख र उपसभामुखको प्रतिस्पर्धाले रोचक बन्दै झापा २ को निर्वाचन

झापामा **चिरञ्जीवी घिमिरे**

प्रतिनिधिसभामा तीन वर्ष सहकार्य गरेका दुई सहकर्मी निवर्तमान सभामुख देवराज घिमिरे र उपसभामुख इन्दिरा राना झापा २ बाट उम्मेदवार छन्। एउटै कार्यकालका निवर्तमान सभामुख घिमिरे र उपसभामुख रानाबिच प्रतिस्पर्धा हुन लागेका कारण यो निर्वाचन क्षेत्रलाई पनि चासोका साथ हेरिएको छ।

घिमिरे एमाले र राना रास्वपाबाट चुनावी मैदानमा छन्। घिमिरे अघिल्लोपटक यही क्षेत्रबाट विजयी भएका थिए। राना समानुपातिकबाट सांसद बनेकी थिइन्। यो क्षेत्रमा कांग्रेसकी सरिता प्रसाईं, नेकपाकी धर्मशिला चापागाईं, राप्रपाका भद्रप्रसाद नेपाल (स्वागत) सहित १८ जना चुनावी मैदानमा छन्। सामाजिक कार्यबाट उदाएकी राना ०७९ अघिको निर्वाचनबाट रास्वपामार्फत राजनीतिमा प्रवेश गरेकी हुन्। अघिल्लोपटक स्वतन्त्र उम्मेदवारी दिएका नेपाल यसपटक राप्रपाबाट मैदानमा छन्।

घिमिरेले यो प्रतिस्पर्धालाई संसदीय व्यवस्था र आमनिर्वाचनको सुन्दर उदाहरणका रूपमा हेरेका छन्। 'यो प्रतिस्पर्धालाई संसदीय व्यवस्था र आमनिर्वाचनको राम्रो उदाहरणका रूपमा लिएको छु। म यो क्षेत्रको विकासप्रेमी नेता भएको मतदाताले भनिरहनुभएको छ। संसद्मा पुगेर राम्रो कानुन बनाएका थियौँ। बायस नभई संसद् चलाएका थियौँ,' उनले भने, 'संसद्लाई प्रभावकारी ढंगले चलाउन, सरकारलाई पारदर्शी बनाउन, व्यवस्था नै समाप्त पार्ने प्रयासलाई चिर्नका लागि यसपटक पनि चुनावी मैदानमा आएको हुँ।' चुनावी मैदानमा होमिएका घिमिरेले घरदैलो अभियान सुरु गरिसकेका छैनन्। उनी अहिले पार्टीको आन्तरिक बैठक तथा नेता-कार्यकर्ता भेटघाटमा व्यस्त छन्।



रानाले निवर्तमान सभामुखसँगको प्रतिस्पर्धालाई स्वाभाविक रूपमा लिएको बताइन्। उनले यो निर्वाचनमा जो अब्बल छ, उसलाई मतदाताले जिताउने दाबी गरिन्। रानाले अन्य क्षेत्रबाट निर्वाचन लड्न आफूलाई प्रस्ताव आए पनि यही क्षेत्रमा संघर्ष गरेका कारण झापा २ लाई रोजेको बताइन्। 'म पार्टीको लिडर होइन। म सामाजिक क्षेत्रबाट राजनीतिमा प्रवेश गरेको हुँ। तर, यो क्षेत्रमा संघर्ष गरेर यहाँसम्म आएको हुँ। आठ वर्षको उमेरदेखि अर्काको घरमा बसेर काम गरेर यहाँसम्म आएँ। सामाजिक क्षेत्रको अनुभवलाई राजनीतिक क्षेत्रमा रूपान्तरण गर्न आएको हुँ,' रानाले भनिन्, 'अन्य क्षेत्रबाट उठ्न पनि प्रस्ताव आएको हो। तर, यो क्षेत्रबाट जित्नुको मजा अर्कै छ। यसअघिको संसद्बाट पूरा हुन नसकेका काम पूरा गर्न, कतिपय कानुनलाई पुनर्निर्माण गर्न र संविधानले दिएका अधिकारका कतिपय कानुन निर्माण सकिएको छैन, त्यो कानुन निर्माण गर्न मेरो उम्मेदवारी हो।' रानाले भने पार्टी नेतासँगको बैठक, भेटघाटसँगै घरदैलो अभियान पनि सुरु गरिसकेको बताइन्।

०७९ को प्रतिनिधिसभा निर्वाचनको मतपरिणामलाई विश्लेषण गर्दा यो क्षेत्रमा एमालेका घिमिरे दर्बिलो उम्मेदवार हुन्। बलियो संगठन भएको एमालेलाई यसपटक रास्वपाकी रानाले चुनौती दिएकी छिन्। ०७९ मा प्रत्यक्षतर्फ एमालेका घिमिरे विजयी भएका थिए। तत्कालीन स्वतन्त्र उम्मेदवार स्वागत नेपाल दोस्रो हुँदा रास्वपाका उम्मेदवार रुद्रप्रसाद गिरी चौथो भएका थिए। तर, समानुपातिकतर्फ पहिलो दल एमाले थियो भने रास्वपा दोस्रो दल बनेको थियो।

प्रत्यक्षतर्फ एमालेका घिमिरे २८ हजार ७१६ मतसहित विजयी हुँदा नेपालले २६ हजार ४५५ मतका साथ घिमिरेलाई चुनौती दिएका थिए। तत्कालीन माओवादीका हरिकुमार रानामगरले १३ हजार ९३० मत ल्याउँदा रास्वपाका गिरीले आठ हजार ७८१ मत प्राप्त गरेका थिए। तर, समानुपातिकतर्फ भने झापा २ मा एमालेले २६ हजार ४९० मत ल्याउँदा रास्वपाले दोस्रो दल बन्दै २२ हजार ५१७ मत प्राप्त गरेको थियो। रास्वपा उम्मेदवार निवर्तमान उपसभामुख झापा २ मा परिचित नाम भएका कारण यसपटक प्रत्यक्षतर्फ पनि घिमिरेलाई चुनौती दिने उम्मेदवारका रूपमा हेरिएको छ। झापा २ मा एक लाख ४७ हजार ५२२ जना मतदाता छन्। जसमा १३ हजार ४३१ नयाँ मतदाता हुन्।

झापा २ मा पाँच महिला उम्मेदवार

झापाका पाँचवटै निर्वाचन क्षेत्रमा ९० उम्मेदवारमध्ये १२ जना मात्रै महिला उम्मेदवार छन्। जसमा केही ठुला दलले पनि महिला उम्मेदवार बनाएका छन्। झापा २ मा सबैभन्दा धेरै महिला उम्मेदवार छन्। यो क्षेत्रमा पाँचजना महिला उम्मेदवार बनेका छन्। जसमा कांग्रेसबाट सरिता प्रसाईं, नेपाली कम्युनिस्ट पार्टीबाट धर्मशिला चापागाईं, रास्वपाबाट निवर्तमान उपसभमामुख इन्दिरा राना, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट अमृता लावती र नेमकिपाबाट चन्द्रकुमारी गारू उम्मेदवार बनेका छन्। झापा १ मा दुई, झापा ३ मा तीन, झापा ४ मा दुई र झापा ५ मा तीनजना महिला उम्मेदवार छन्।

सशस्त्र प्रहरीको आगामी मार्गचित्र

सशस्त्र प्रहरी बल आन्तरिक शान्ति-सुरक्षामा मात्र सीमित नरही नेपालको समग्र राष्ट्रिय सुरक्षाको एक अभिन्न अंग बनिसकेको छ



● नारायण अधिकारी

अग्रलेख

सशस्त्र प्रहरी बल (एपिएफ), नेपाल आज एक ऐतिहासिक मोडमा उभिएको छ। एपिएफ आफ्नो स्थापनाको २५औँ वर्षमा प्रवेश गर्दै रजत जयन्ती मनाइरहँदा यो अवसर केवल औपचारिक उत्सवमा सीमित रहँदैन। यो राष्ट्रिय सुरक्षामा यसले २५ वर्षको अवधिमा निर्वाह गरेको भूमिकाको पुनरावलोकन, वर्तमान क्षमताको आत्मसमीक्षा र भविष्यको रणनीतिक मार्गचित्र कोर्ने ऐतिहासिक घडी हो। खुला सीमा, जटिल भूआकृति, बढ्दो राजनीतिक संक्रमण, गैरपरम्परागत सुरक्षा चुनौती र प्राकृतिक विपत्को उच्च जोखिमबिच सशस्त्र प्रहरी बल आज आन्तरिक शान्ति-सुरक्षा कायम गर्ने भूमिकामा मात्र सीमित नरही नेपालको समग्र राष्ट्रिय सुरक्षाको एक अभिन्न र अपरिहार्य अंगका रूपमा स्थापित भइसकेको छ।

सीमा सुरक्षा, आन्तरिक शान्ति-सुरक्षा, भिड तथा दंगा नियन्त्रण, विपत् व्यवस्थापन, संवेदनशील पूर्वाधार सुरक्षा तथा मानवीय उद्धारमा सशस्त्र प्रहरी बलले देखाएको व्यावसायिकता, अनुशासन र समर्पणले यस संस्थालाई जनता र राज्य दुवैका लागि भरोसायोग्य सुरक्षात्मक स्तम्भ बनाएको छ। त्यसैले, सशस्त्र प्रहरी बलको रजत जयन्ती केवल औपचारिक उत्सवमा सीमित छैन, यो शान्ति, सुरक्षा र अटुट प्रतिबद्धतासहितको २५ वर्षे यात्रामा आएका आरोह-अवरोहको समग्र मूल्यांकन हो। यी २५ वर्षका क्रममा सशस्त्र प्रहरी बलले माओवादी सशस्त्र द्वन्द्व, सात राजनीतिक दल र माओवादीबिच सम्पन्न बाह्रबुँदे समझदारी तथा विस्तृत शान्ति सम्झौतापछिको संक्रमणकालीन सुरक्षा अवस्था, संविधानसभाका निर्वाचन, साथै हालसालै २३ र २४ भदौमा देखिएको 'जेन-जी आन्दोलन'जस्ता विविध जटिल सुरक्षा चुनौतीबिच संगठनलाई स्थिर, सक्षम र क्रियाशील रूपमा उभ्याएको देखिन्छ। नेपालले सामना गरेका यस्ता संकटपूर्ण परिस्थितिमा राष्ट्रको पहरेदारका रूपमा सशस्त्र प्रहरी बलले निर्वाह गरेको ऐतिहासिक, समर्पित र निर्णायक भूमिकाको जीवित साक्षी हो, यो रजत जयन्ती।

स्थापना पृष्ठभूमि, उद्देश्य र अर्धसैनिक प्रकृति : सशस्त्र प्रहरी बल, नेपालको स्थापना सशस्त्र द्वन्द्व, राजनीतिक अस्थिरता र गम्भीर आन्तरिक सुरक्षा चुनौतीको पृष्ठभूमिमा भएको हो। विशेषतः २०५२ सालदेखि माओवादीद्वारा सुरु गरिएको सशस्त्र विद्रोहले नेपालको आन्तरिक सुरक्षालाई गहिरो संकटमा पारेको थियो। विद्रोही गतिविधि तीव्र बन्दै जाँदा हत्या, अपहरण, लुटपाट र सरकारी संरचनामाथि आक्रमण बढे, जसका कारण विशेषगरी विकट पहाडी जिल्लामा नेपाल प्रहरीको परिचालन अत्यन्तै जोखिमपूर्ण बन्यो। अवस्था प्रहरीको नियन्त्रणबाहिर जान थालेको भए पनि सेनाको प्रत्यक्ष परिचालन संविधानिक तथा कानुनी रूपमा जटिल विषय थियो। यही सन्दर्भमा प्रहरी र सेनाबिच देखिएको 'सुरक्षा खाडल' पूर्ति गर्न सक्षम एक अर्धसैनिक सुरक्षा निकायको आवश्यकता महसुस गरियो। परिणामस्वरूप सशस्त्र प्रहरी बल ऐन, २०५८ जारी भई सीमा सुरक्षा, विद्रोह तथा आतंकवादी गतिविधि नियन्त्रण, दंगा व्यवस्थापन, विपत् उद्धार तथा राष्ट्रिय संकटका वेला नेपाली सेनाको सहयोगी बलका रूपमा कार्य गर्ने म्यान्डेटसहित सशस्त्र प्रहरी बल स्थापना भयो। माओवादी द्वन्द्वका क्रममा यस बलले प्रभावकारी भूमिका निर्वाह गरी आफ्नो औचित्य प्रमाणित गरेको देखिन्छ।

विश्व सन्दर्भमा अर्धसैनिक वा पारामिलिटरी बलको स्पष्ट 'पहिलो' उदाहरणबारे एकमत छैन। फ्रान्सको ज्यान्डार्मरी, इटलीको क्याराबिनारी तथा भारतको असम राइफल्सजस्ता निकाय आधुनिक अर्धसैनिक बलका उदाहरण हुन्। आज दक्षिण एसियासहित विश्वका धेरै देशले आन्तरिक शान्ति-सुरक्षा, सीमा व्यवस्थापन र विद्रोह नियन्त्रणका लागि यस्ता बललाई प्राथमिकता दिएका छन्। कानुनी रूपमा 'अर्धसैनिक बल' राज्यद्वारा विधिसम्मत स्थापना र नियमन गरिएको सुरक्षा निकाय हो, जुन प्रायः गृह मन्त्रालयमातहत रही आन्तरिक र सीमा सुरक्षामा खटिन्छ। यस प्रकारका बलले नागरिक प्रहरीको कानुनी अधिकार र सेनाको अनुशासन तथा क्षमता दुवै समेट्ने भएकाले प्रहरी र सेनाबिचको 'मध्य-बल'का रूपमा कार्य गर्छन्।

यस अर्थमा सशस्त्र प्रहरी बल न त पूर्ण सैन्य शक्ति हो, न त केवल नागरिक प्रहरी नै। यो कानुनमा आधारित अर्धसैनिक सुरक्षा स्तम्भ हो, जसले आधुनिक राज्यले सामना गरिरहेका सीमा सुरक्षा, आतंकवाद, विद्रोह तथा ठुलो स्तरका भिड-दंगाजस्ता 'मध्यम तहका सुरक्षा चुनौती'को सामना गर्न प्रभावकारी, सन्तुलित र व्यावसायिक सुरक्षा कारबाही सञ्चालन गर्ने विशिष्ट क्षमता राख्छ।

संस्थागत विकास, संरचना विस्तार र सीमा सुरक्षा : २५ वर्षमा सीमित साधनस्रोतबाट सुरु भएको सशस्त्र प्रहरी बल संगठनात्मक रूपमा व्यापक बनेको छ। आज यो बल मुख्यालय-बाहिनी-बटालियन-कम्पनी/गुल्म संरचनामार्फत हिमाल, पहाड र तराई तीनै भूगोलमा फैलिएको छ। सीमावर्ती जिल्लामा सीमा सुरक्षा कार्यालय, बिओपी, विशेष टोली र विपत् व्यवस्थापन तालिम केन्द्रमार्फत यसले राष्ट्रिय सुरक्षामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।

नेपालको भारतसँग सिमाना जोडिएका २७ जिल्ला र चीनसँग सिमाना जोडिएका १५ जिल्लामा सीमा सुरक्षाको प्रमुख जिम्मेवारी सशस्त्र प्रहरी बलले वहन गर्दै आएको छ। खुला सीमाका कारण उत्पन्न हुने मानव तस्करी, लागुऔषध कारोबार, वन तथा वन्यजन्तु अपराधलगायत विभिन्न सीमा अपराध नियन्त्रणमा यो बल अग्रपंक्तिमा क्रियाशील छ। संवेदनशील सीमा नाका र बिन्दुहरूमा सशस्त्र प्रहरीको सतर्क उपस्थितिले राज्यको सार्वभौमिकता र भौगोलिक अखण्डता सुनिश्चित गर्न महत्त्वपूर्ण योगदान पुर्‍याएको छ। हाल भारतसँग सिमाना जोडिएका २७ र चीनसँग सिमाना जोडिएका १५ जिल्लामा बोर्डर आउटपोस्ट (बिओपी) खडा गरी सीमा सुरक्षा गरिरहेको छ।



सशस्त्र प्रहरी बलको अर्को महत्त्वपूर्ण भूमिका विपत् व्यवस्थापन तथा उद्धार कार्यमा केन्द्रित छ। भूकम्प, बाढी, पहिरो, हिमपहिरो तथा आगलागीजस्ता प्राकृतिक तथा मानव-निर्मित विपत्का समयमा विशेष तालिमप्राप्त टोली तत्काल परिचालन भई खोज तथा उद्धार कार्य सञ्चालन गर्दै आएका छन्, जसले आमजनमानसमा बलप्रति गहिरो विश्वास निर्माण गरेको छ। सर्च-एन्ड-रेस्क्यु, जल तथा उचाइ उद्धार, भौतिक सम्पत्तिको व्यवस्थापन र घाइतेलाई आधारभूत चिकित्सकीय सहयोग प्रदान गर्ने कार्यमा सशस्त्र प्रहरी बलको भूमिका केवल प्रतिक्रियात्मकस्तरमै सीमित नभई जोखिम न्यूनीकरण, पूर्वतयारी र समन्वित विपत् प्रतिकारसम्म विस्तारित हुँदै गएको छ। २०७२ को विनाशकारी भूकम्पदेखि दुर्गम हिमाली क्षेत्रमा घटेका हिमपहिरोका घटनासम्म सशस्त्र प्रहरी बलले 'पहिलो प्रतिक्रियाकर्ता'का रूपमा अग्रणी र निर्णायक भूमिका निर्वाह गर्दै आएको छ।

सशस्त्रले दक्ष नेतृत्व विकासका लागि सुरक्षा तथा विपत् व्यवस्थापन विषयमा केन्द्रित पोस्ट ग्राजुएट र स्टाफ कलेजमार्फत उच्च व्यावसायिक शिक्षा विस्तारले अहं भूमिका खेलेको देखिन्छ। लोकतान्त्रिक परिवेशमा भिड व्यवस्थापन, दंगा नियन्त्रण र संवेदनशील पूर्वाधारको सुरक्षामार्फत सशस्त्र प्रहरी बल सहरी र ग्रामीण दुवै क्षेत्रमा सशक्त रूपमा कार्यरत छ। यसरी यो बल कानुन कार्यान्वयन सहयोगी, अर्धसैनिक प्रतिरोध शक्ति र राष्ट्रिय संकटका वेला सेनाको विशेष सहयोगी फोर्सका रूपमा राष्ट्रिय सुरक्षामा त्रिपक्षीय भूमिका निर्वाह गर्दै आएको प्रस्ट देखिन्छ।

अपेक्षा, चुनौती र आगामी मार्गचित्र : स्थापनाको २५औँ वर्ष, रजत जयन्ती मनाइरहेको यस ऐतिहासिक अवसरमा सशस्त्र प्रहरी बलले राष्ट्रिय सुरक्षामा पुर्‍याएको योगदानमा शंका छैन। विगत २५ वर्षमा यस बलले नेपालमा सीमा सुरक्षा, आन्तरिक शान्ति-व्यवस्था, भिड तथा दंगा नियन्त्रण, राजस्व चुहावट नियन्त्रण, विपत् व्यवस्थापन, संवेदनशील पूर्वाधार सुरक्षा र मानवसेवा-उद्धारमा अतुलनीय योगदान दिँदै राष्ट्रको सुरक्षा र शान्तिको मेरुदण्डका रूपमा आफ्नो पहिचान स्थापित गरेको छ। यद्यपि, यति उपलब्धिका बाबजुद, बलले अझै धेरै चुनौतीको सामना गरिरहेको छ, जसले आधुनिक सुरक्षा वातावरणमा यसलाई अझ चुस्त, सक्षम र भविष्यपरक बनाउने आवश्यकता औँल्याउँछ।

> राजनीतिक हस्तक्षेप, असम्बन्धित क्षेत्रमा अनावश्यक परिचालन तथा सरुवा-पदस्थापनमा हुने विधिविपरीत दबाबले सशस्त्र प्रहरी बलको व्यावसायिक कार्यक्षमता र संस्थागत अनुशासनमा गम्भीर नकारात्मक प्रभाव पारिरहेको छ

सशस्त्र प्रहरी बलप्रति जनता र राज्यका अपेक्षा बढ्दो छन्। मुख्य रूपमा बलले राष्ट्रिय सुरक्षा नीतिसँग स्पष्ट रूपमा एकीकृत भएर काम गर्नुपर्ने, सीमा सुरक्षा प्रविधिको अधिकतम प्रयोग गर्नुपर्ने, विपत् व्यवस्थापनमा विशेषज्ञता विस्तार गर्नुपर्ने, नागरिकमैत्री सुरक्षा अवधारणालाई सुदृढ बनाउने र आतंकवाद, हाइब्रिड खतरा तथा गैरराज्य सशस्त्र समूहको सामना गर्न सक्षम विशेषीकृत क्षमता विकास गर्नुपर्ने अपेक्षा रहेको छ।

राष्ट्रिय सुरक्षाको गतिशील परिदृश्यमा सशस्त्र प्रहरी बलले केही चुनौती पनि सामना गर्दै आएको छ। स्रोत-साधन र पूर्वाधारको अभाव अझै गम्भीर समस्या हो। सीमावर्ती बिओपीको संख्या पर्याप्त छैन, भारतसँगको २७ जिल्ला सीमामा २२० बिओपी छन्, जबकि भारतका तर्फबाट झन्डै ५३० बिओपी छन्। चीनसँगको सीमामा १५ जिल्लामा मात्र आठ बिओपी छन्। विकट हिमाली क्षेत्रमा प्रतिकूल मौसम र कठिन भू-आकृतिले आधुनिक प्रविधिसहित बिओपी सञ्चालन आवश्यक बनाएको छ, तर हाल पर्याप्त उपयुक्त सुविधा उपलब्ध छैन। कानुनी र नीतिगत अस्पष्टताका कारण फौज परिचालन, अप्रेसन र अधिकारमा स्पष्ट नीति र बलियो कानुनी आधारको अभाव छ। राजनीतिक हस्तक्षेप, असम्बन्धित क्षेत्रमा अनावश्यक परिचालन तथा सरुवा-पदस्थापनमा हुने विधिविपरीत दबाबले सशस्त्र प्रहरी बलको व्यावसायिक कार्यक्षमता र संस्थागत अनुशासनमा गम्भीर नकारात्मक प्रभाव पारिरहेको छ। यससँगै बढ्दो सीमा अपराध, राजस्व छली, तस्करी, बढ्दो साइबर अपराध, आतंकवाद तथा गैरराज्य सशस्त्र समूहको सम्भावित सक्रियताले राष्ट्रिय सुरक्षामा थप चुनौती सिर्जना गरिरहेको छ।

त्यस्तै, समयसापेक्ष तलब, भत्ता र सुविधाको अभावले कार्य क्षेत्रमा खटिएका जवानमा मानसिक, पारिवारिक तथा सामाजिक दबाब बढाएको छ। जसले दीर्घकालीन रूपमा कार्यक्षमता र मनोबलमा असर पार्न सक्छ। नयाँ भर्नामा आवेदकको संख्या घट्दै जानु, जागिरबाट राजीनामा दिने संख्या बढ्नु तथा वैदेशिक रोजगारी रोज्ने प्रवृत्तिले भविष्यमा सशस्त्र प्रहरी बलको जनशक्ति सन्तुलन र संस्थागत क्षमतामा गम्भीर चुनौती उत्पन्न हुने सम्भावना देखिएको छ।

भविष्यमा सशस्त्र प्रहरी बलले आफूलाई आधुनिक, सक्षम र उत्तरदायी अर्धसैनिक बलका रूपमा रूपान्तरण गर्न विभिन्न कदम चाल्नुपर्ने देखिन्छ। यसमा प्रविधिमैत्री सीमा निगरानी, डेटा-आधारित जोखिम विश्लेषण, बोर्डर-केन्द्रित खुफिया सञ्जाल, विशेष प्रतिआतंकवाद युनिट, साइबर सुरक्षा र राजस्व चुहावट नियन्त्रण, मानवअधिकार र उत्तरदायित्व-केन्द्रित प्रशिक्षण हुनु आवश्यक देखिन्छ। यससँगै सशस्त्र प्रहरी बलले नीति-नियमअनुसार मात्र परिचालन, सार्वजनिक सहभागिता र नागरिक-मैत्री अभ्यासलाई प्रवर्द्धन गर्नु आवश्यक छ।


यी अपेक्षा र चुनौतीलाई अवसरका रूपमा लिएर कार्य गरियो भने सशस्त्र प्रहरी बलको २५औँ वर्ष केवल उत्सव मात्र होइन, नेपालमा सीमासुरक्षा, आन्तरिक सुरक्षा र विपत् व्यवस्थापनमा आधुनिक, उत्तरदायी र प्रविधिमैत्री अर्धसैनिक शक्तिका रूपमा बलको रूपान्तरणको आधार बन्न सक्छ। यसरी बलले सीमारेखा, संवेदनशील पूर्वाधार, दुर्गम पहाड, सहरी सडक र विपत् मोर्चासम्म आफ्नो जिम्मेवारी निर्वाह गर्दै राष्ट्र र जनताको विश्वास जित्नेछ। यही दृष्टिकोणले सशस्त्र प्रहरी बलको रजत जयन्ती-यात्रालाई केवल ऐतिहासिक उपलब्धि मात्र होइन, भविष्यमा सुरक्षा व्यवस्थामा आधुनिक, व्यावसायिक र जनउत्तरदायी शक्ति निर्माणको साझा संकल्पका रूपमा रूपान्तरण गर्छ। २५ वर्षका दौरान एपिएफ केवल सुरक्षाको संरचना मात्र नभई राज्यको सार्वभौमिकता, स्थायित्व र नागरिक सुरक्षाको भरोसायोग्य स्तम्भका रूपमा स्थापित भएको छ।

आगामी दिनमा अझ सशक्त, व्यावसायिक र प्रविधिमैत्री सशस्त्र प्रहरी बल निर्माण गर्दै राष्ट्रिय सुरक्षाको बदलिँदो चुनौती सामना गर्न सक्ने क्षमता विकास गर्नु नै रजत जयन्तीको सन्देश र संकल्प हुनुपर्छ।

(अधिकारी सुरक्षाविद् हुन्)

३ प्रश्न

कृषिविज्ञ **कृष्णप्रसाद पौडेल**लाई



नेपालमा कृषि उपजको आयात-निर्यातको अवस्था कस्तो छ ?

हाम्रो कृषि उपजको आयात घट्नुको साटो निरन्तर बढ्दै छ। यो वर्ष धान उत्पादन घटेको तथ्यांक आएको छ। पछिल्लो ६ महिनामा यहाँ २० अर्बभन्दा बढीको चामल आयात भएको तथ्यांक सार्वजनिक भएको छ। यहाँ धान मात्र होइन, सबैजसो कृषि उपजको उत्पादन घट्दो क्रममा छ। हाम्रो देश अहिले मान्छे निर्यात गर्ने र अन्न आयात गर्ने मुलुक बन्दै गएको छ। कृषि उपज निर्यातमा पहिलो नम्बरमा देखिने सोयाबिन तेल पनि अमेरिकाबाट ड्रममा तेल ल्याएर यहाँ पोका पारेर पठाइएको मात्र हो, हाम्रो आफ्नो उत्पादन होइन। त्यसैले, निरन्तर बढिरहेको कृषि उपज आयातको 'ग्राफ' चिन्ताजनक छ।

कृषिप्रधान देशमा कृषि उपजमै किन आत्मनिर्भर बन्न नसकिएको होला ?

हामीकहाँ नेता, बुद्धिजीवी र सरकारको कृषिलाई हेर्ने दृष्टिकोण नै गलत छ। नेपालमा ८३ प्रतिशत पहाडी भूभाग छ। पहाडमा मैदानमा जस्तो खेती हुँदैन। नेपालको आधुनिकीकरण सुरु भएसँगै पहाडको कृषि प्रणाली कमजोर हुँदै गएको हो। हाम्रा दलहरूको घोषणापत्रमा कृषि क्षेत्र सुधार्ने कुनै योजना हुँदैन। उनीहरूले कृषि क्षेत्रको समस्यालाई गम्भीरतापूर्वक कहिल्यै लिँदैनन्। अनि, कसरी कृषिमा आत्मनिर्भर बनोस् त देश ?

यस्तो अवस्था अन्त्य गर्न अब के गर्नुपर्ला त ?


अहिलेकै सोच र दृष्टिकोणले नेपालको कृषि क्षेत्रको सुधार सम्भव छैन। पछिल्ला पाँच सय वर्षयता पहाडको कृषि ओरालो लागेको छ। पहाडको कृषि प्रणाली जोगाउने योजनाविना यहाँ केही हुँदैन। नेपालको कृषि क्षेत्र सुधार्न नेताहरूले निम्न प्रश्नको जवाफ दिन सक्नुपर्छ : युवा निर्यात गरेर कतिन्जेल दालभात खाने ? नेपालको खाद्य प्रणाली आयातबाट टिकेको हो कि होइन ? यहाँको कृषिमा विषादीको प्रयोग छ कि छैन ? ५० लाखभन्दा बढी युवा रमाइलो गर्न विदेश गएका हुन् ? जलवायु परिवर्तनको प्रभाव देशको कृषिमा परेको छ कि छैन ?

प्रेरक प्रसंग

सन्तको सल्लाह

एकपटक एक व्यक्ति एक सन्तको आश्रममा पुगे। सन्तको पाउमा परेर उनले भने- गुरुदेव, मलाई जीवनको पूर्ण सत्यको ज्ञान पनि छ। मैले शास्त्रको ध्यानपूर्वक अध्ययन पनि गरेको छु। तैपनि, मेरो मन कुनै पनि काममा लाग्दैन। जब म कुनै काम गर्न लाग्छु, तब मेरो मन भड्किन थाल्छ र त्यो काम छाडिदिन्छु। यस्तो अस्थिरताको कारण के हो ? कृपया मेरो यस समस्याको समाधान गरिदिनुपर्‍यो हजुरले।

सन्तले उनलाई रातिसम्म प्रतीक्षा गर्न भने। राति भएपछि सन्तले उनलाई एउटा तालको नजिक लगे। पूर्णिमाको रात थियो। जून टहटह लागिरहेको थियो। तालको पानीमा जूनको प्रतिबिम्ब टल्किरहेको थियो। त्यसैलाई देखाएर सन्तले भने- त्यता हेर त, एउटा जून तालमा र अर्को जून आकाशमा देखिन्छ। तिम्रो मन तालको जूनजस्तै हो। तिमीसँग जुन ज्ञान छ, त्यसको उपयोग गर्नुको साटो तालको जूनजस्तै तिमी खालि मनमा मात्र लिएर बसेका छौ।



तालको जून भ्रम हो। त्यसैले, काममा मन लाग्नका लागि तिमी आकाशको जूनजस्तो बन्नुपर्छ। तालको जून पानी हल्लाउँदा या ढुंगाले हिर्काउँदा हल्लिन थाल्छ, जसरी तिम्रो मन ससाना कुरामा पनि भड्किन थाल्छ।

अब तिमीले आफ्नो ज्ञान र विवेकलाई जीवनमा नियमपूर्वक प्रयोगमा ल्याउनुपर्छ। आफ्नो जीवनलाई जति सक्छौ, सार्थक बनाउन र लक्ष्य हासिल गर्ने बाटोमा लगाउनुपर्छ। आफूलाई आकाशको जून बनाउने क्रममा केही समस्या आए पनि बिस्तारै त्यो नै तिम्रो जीवनको सहज पाटो बन्न पुग्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

निर्वाचन निष्पक्ष होस्

आगामी २१ फागुनमा सम्पन्न हुने निर्वाचनका लागि दुई लाख १३ हजार कर्मचारी खटिने समाचार पढियो। कर्मचारी निर्वाचन प्रयोजनमा खटिनु अनौठो होइन, यो बिल्कुलै नियमित प्रक्रिया हो। तर, यसरी खटिने कर्मचारीले निष्पक्ष भूमिका निर्वाह गर्न नसकेमा निर्वाचनको स्वच्छता र निष्पक्षतामाथि गम्भीर प्रश्न उठ्न सक्छ। फेरि हाम्रा कर्मचारी कुनै न कुनै राजनीतिक दलमा आबद्ध छन् नै। अथवा, उनीहरूमा कुनै न कुनै दलप्रतिको झुकाव नहुने कुरै भएन। तर, निर्वाचनमा खटिइसकेपछि कुनै पनि कर्मचारीले आफ्नो आस्था मतदान केन्द्रबाहिरै छाडेर जानुपर्छ। उनीहरूले हरेक दल र हरेक उम्मेदवारलाई आफ्नै ठानेर समान व्यवहार गर्न सक्नुपर्छ। अन्यथा निर्वाचन स्वतन्त्र र निष्पक्ष हुन सम्भव छैन। त्यसैले, निर्वाचनमा खटिने कर्मचारीले आआफ्नो मर्यादा, जिम्मेवारी र दायित्व सबै सम्झेर त्यसलाई पूरा गरून् र निर्वाचनलाई निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउने भूमिका खेलून्।

● **सुजया कुमाल**, बालाजु, काठमाडौं

जहिल्यै उही नेता किन ?

'जो पटक-पटक उम्मेदवार बन्दै आएका छन्' शीर्षकको समाचार पढियो। नेपाली राजनीतिमा चारपटकदेखि १० पटकसम्म उम्मेदवार बनेर जितहार व्यहोर्दै आएका दुई दर्जनभन्दा बढी नेता यसपालिको निर्वाचनमा पनि चुनावी मैदानमा उत्रिएको थाहा पाइयो। के कुनै नेताले कुनै जिल्लाको कुनै निर्वाचन क्षेत्रबाट एकपटक उठ्न पाउनु भनेको उसका लागि आजीवन निर्वाचन लड्ने लाइसेन्स हो र ? नत्र जहिल्यै उही नेता किन ?

● **सुमिता राई**, बालकोट, भक्तपुर

विकासमा उपहास

'आठ वर्षमा पनि बनेन उदयपुर-भोजपुर जोड्ने सुनकोसी पुल' शीर्षकको समाचारले नेपाली विकास निर्माणको क्षेत्रमा देखिएको विकृतिको उएटा प्रस्ट तस्बिर देखाइदिएको छ। यो समस्या उदयपुर-भोजपुरमा मात्र होइन, देशका अन्य भूभागमा पनि देखिन्छ। कुनै विकास निर्माणको जिम्मा लिइसकेपछि सम्बन्धित निर्माण व्यवसायी कम्पनीले किन समयमै सम्पन्न गर्दैनन् ? काम जिम्मा लिएर अलपत्र पारेर विकासको उपहास किन ?

● **धनकुमार तामाङ**, कालीमाटी, काठमाडौं

भाषिक सम्मानको सीमा

आजकल सञ्चारमाध्यममा जताततै काठमाडौं महानगरका पूर्वप्रमुख र झापा निर्वाचन क्षेत्र नम्बर ५ बाट प्रतिनिधिसभाका प्रत्यक्षतर्फका उम्मेदवार बालेन्द्र शाहको जनकपुरमा गरिएको भाषणमा प्रयोग गरिएको एउटा शब्दको अपव्याख्या गरेको भिडियो जताततै हेर्न सकिन्छ। एउटा मधेशी र मैथिली भाषा जान्ने व्यक्तिका रूपमा त्यस अपव्याख्याले मनलाई दुखित र कमजोर नेपाली राजनीतिक संस्कारप्रति चिन्तित बनाएको छ। राजनीतिक र वैचारिक लडाइँ लोकतन्त्रमा स्वाभाविक र स्वागतयोग्य हुन्छ। तर, त्यो लडाइँ जब कुनै भाषाका शब्दको अपव्याख्या र पहिचानको अपमानमा उत्रिन्छ, तब राष्ट्रको राजनीतिक संस्कारप्रति सबैलाई चिन्तित तुल्याउँछ। मधेशमा बोलिने भाषाहरू, जस्तै- मैथिली, भोजपुरी, बज्जिका आदिमा 'छौरा' भन्ने शब्द सामान्य र प्रेमपूर्वक आफूभन्दा सानालाई सम्बोधन गर्दा प्रयोग गरिन्छ, जसको सीधा अर्थ 'एउटा तन्नेरी केटो' भन्ने हुन्छ। यस्तो शब्दको अपव्याख्या गरी अपमानजनक रूपमा प्रयोग गर्नु मात्र कुनै व्यक्तिको अपमान नभई समग्र मधेशी समाजमा बोलिने भाषा र त्यहाँको संस्कृतिको अपमानजत्तिकै हो। त्यसैले, सैद्धान्तिक, वैचारिक र राजनीतिक लडाइँलाई त्यसै स्तरमा राखी कसैको पहिचानप्रति भूलवश वा जानीबुझी यस्तो प्रहार गर्न नहुने या नसुहाउने कुरा हामी सबैले बिर्सिनुहुँदैन।

● **प्रत्यूषकुमार झा**, वीरगन्ज पब्लिक कलेज, वीरगन्ज, पर्सा
pjha5452@gmail.com

अमेरिकी जनसंख्या संकटलाई कसरी सम्बोधन गर्ने ?

घट्दो जन्मदरले वृद्ध जनसंख्या बढ्दै जाँदा सामाजिक सुरक्षा तथा चिकित्सा सेवामा बढी दबाब ल्याउँछ



देश/विदेश

● जस्मिन लज

आफ्नो दोस्रो कार्यकालको सुरुवातदेखि नै राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकाको घट्दो जन्मदर र देशको वृद्ध जनसंख्याबारे आफू चिन्तित रहेको बताउँदै आएका छन्। उनको प्रशासनले २०२५ को सुरुमा जन्मदर बढाउने उद्देश्यले धेरै नीति पारित गरेको थियो, जसमा 'इन भिट्रो फर्टिलाइजेसन' (आइभिएफ) को पहुँच विस्तार गर्ने कार्यकारी आदेश र राष्ट्रिय औसतभन्दा बढी विवाह र जन्मदर भएका समुदाय'लाई प्राथमिकता दिन यातायात विभागको निर्देशनलगायत समावेश छन्।

यद्यपि, हालैको एक रिपोर्टले अमेरिकी जन्मदरमा वित्तीय र अन्य प्रकारका अनिश्चितताले बाधा पुर्‍याइरहेको कुरा प्रकाश पारेपछि विज्ञहरूले जनसंख्या संकटबारे प्रशासनले थप के गर्नुपर्छ भन्नेबारे विचार गरेका छन्।

■ किन यो महत्त्वपूर्ण छ ?


घट्दो जन्मदर, जसले गर्दा वृद्ध जनसंख्या बढ्दै जान्छ। यसले धेरै आर्थिक चुनौती खडा गर्न सक्छ, जस्तै- सामाजिक सुरक्षा र चिकित्सा सेवामा बढी दबाब ल्याउँछ। यद्यपि, यसले राष्ट्रव्यापी शिक्षास्तरमा वृद्धि र गरिबी दरमा गिरावट पनि ल्याउन सक्छ। घट्दो जन्मदर र वृद्ध जनसंख्याले स्वास्थ्य सेवा प्रणालीमा पनि दबाब दिन सक्छ। त्यही भएर केहीले घट्दो जन्मदरलाई अमेरिकामा गम्भीर चिन्ताका रूपमा हेर्छन्।

तथापि, यो केवल अमेरिकाका लागि मात्र चिन्ताको विषय होइन, किनकि राष्ट्रिय आर्थिक अनुसन्धान ब्युरोअनुसार जन्मदर १९७० को दशकदेखि विश्वव्यापी रूपमै घट्दै गएको छ। साथै, कतिपयले घट्दो जन्मदरले आर्थिक दृष्टिकोणबाट देशका लागि समस्या खडा गर्छ भन्छन् भने केहीले घट्दो जन्मदरलाई 'समस्या' भन्नु आफैँमा समस्याग्रस्त भएको चेतावनी दिन्छन्, किनकि विश्वव्यापी रूपमा जन्मदरमा गिरावट आउनुको पछाडि एउटा महत्त्वपूर्ण कारक 'महिला स्वायत्तता'मा वृद्धि हो। धेरैभन्दा धेरै महिलाले आफ्नो करियरमा ध्यान केन्द्रित गर्न खोजिरहेका छन्, यसको अर्थ उनीहरूले बच्चा जन्माइरहेका छैनन्, किनभने कतिपयले 'पुरुष र महिलाको इच्छाबिचको बेमेल'लाई वर्णन गर्छन्। महिलाले आफ्नो काम गर्ने समयमा बच्चा जन्माउन सम्झौता गर्छन् भन्ने विचार सर्वव्यापी पाइन्छ।

■ वित्तीय अनिश्चितताको प्रभाव

डिसेम्बर १८, २०२५ मा प्रकाशित जनसंख्या तथ्यांक संकलन र विश्लेषण गर्ने गैरनाफामुखी संस्था, जनसंख्या सन्दर्भ ब्युरो (पिआरबी) को एक प्रतिवेदनले 'बच्चा जन्माउने निर्णय अनिश्चितता, तनाव र भविष्यको धारणाले ठुलो मात्रामा आकार लिने' कुरालाई प्रकाश पारेको छ।

यस तस्बिरको एउटा ठुलो हिस्सा आर्थिक अनिश्चितता हो। 'मानिसले घर किन्न सक्लान् वा नसक्लान्, उनीहरूले लाभसहितको राम्रो जागिर पाउलान् कि नपाउलान्, उनीहरूले स्वास्थ्य सेवामा पहुँच पाउन सक्लान् कि नसक्लान्, किराना सामान र अन्य आवश्यकताको मूल्य बढ्ला कि घट्ला'लगायत चिन्ता अमेरिकीलाई छ, समाजशास्त्रकी प्राध्यापक र च्यापल हिलस्थित उत्तरी क्यारोलिना विश्वविद्यालयको



क्यारोलिना जनसंख्या केन्द्रकी निर्देशक करेन गुज्जो भन्छिन्। यो अप्रत्याशितता विशेषगरी युवाले महसुस गर्छन्। उनी भन्छिन्, 'वयस्कहरूले आमाबाबु र हजुरबा, हजुरआमाको मार्ग पछ्याउने जीवनको योजना बनाउने प्रयास गरिरहेका छन्।'

यसका साथै विवाह र बच्चा जन्माउने काम 'कम अनिवार्य' हुँदै जाँदा 'मानिसले राम्रो जागिर र स्थिर आम्दानी नभएसम्म र त्यस्तै जीवनसाथी नभेटेसम्म विवाह गर्नुहुँदैन' भन्ने धारणा सामान्य बन्दै गएको छ।

यी सामाजिक दबाबसँगै, 'अमेरिकी पुरुषको ज्याला स्थिर भएको छ, जबकि कार्यबलमा महिलाका लागि अवसर विस्तार भएका छन्। यी दुवै माध्यमले प्रजनन क्षमता घटाउँछन्।' नर्थइस्टर्न विश्वविद्यालयका अर्थशास्त्रका प्राध्यापक मिन्डी मार्क्सले न्युजविकलाई बताइन्।

'मेडिकेड' र 'सप्लिमेन्टल न्युट्रिसन असिस्टन्स प्रोग्राम' (एसएनएपी) जस्ता महत्त्वपूर्ण कार्यक्रममा हालै गरिएका कटौती र परिवर्तनले पनि अभिभावक बन्ने निर्णयमा जोखिम थप्छन्।

अर्को हालैको कारक कोभिड-१९ महामारी पनि थियो, किनकि यसले केही मानिसलाई बच्चा जन्माउन पछि सारेको थियो। 'ती मानिस अझै पनि महामारीको समयमा नभएका जन्मको अनुसरण गरिरहेका हुन सक्छन्,' ओहायो स्टेट युनिभर्सिटीको जनसंख्या अनुसन्धान संस्थानकी निर्देशक सारा हेफोर्ड भन्छिन्। तर, धेरैजसो भागमा महामारीको समयमा सुरुमा तीव्र गिरावट आएपछि जन्मदर महामारीअघिको प्रवृत्तिमा फर्किएको छ।

■ विश्वव्यापी जन्मदरमा गिरावट

विगत एक वर्षमा अमेरिकाको जन्मदर विशेष रूपमा केन्द्रित भए पनि १९७० को दशकदेखि विश्वभर जन्मदर घट्दै गएको छ। 'विश्वभरका दुईतिहाइ मानिस अहिले दुई वर्षभन्दा कम जन्मदर भएको देशमा बस्छन्, जसमा भारत र ल्याटिन अमेरिकाजस्ता धेरै कम आय भएका देश पनि समावेश छन्,' टेक्सास विश्वविद्यालयको अर्थशास्त्र र जनसंख्या अनुसन्धान केन्द्र विभागका प्राध्यापक डिन स्पियर्स भन्छन्।

न्युजविकबाट

बंगलादेशमा उम्मेदवारहरूको दोहोरो नागरिकता विवाद

विद्यार्थी आन्दोलनबाट उदाएको नेसनल सिटिजन पार्टीले विवादबिच चुनावमा आफ्नो सहभागितामै पुनर्विचार गर्ने चेतावनी दियो

आइतबार बंगलादेश निर्वाचन आयोग (बिइसी)को मुख्यालयबाहिर देशको सबैभन्दा प्रभावशाली पार्टी 'बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी)' का विद्यार्थी कार्यकर्ता विरोध प्रदर्शनमा उत्रिए। तिनले निर्वाचन आयोगले आफ्नो दललाई पक्षपात गरेको आरोप लगाइरहेका थिए। फेब्रुअरी १२ को आम मतदानमा दोहोरो नागरिक भएका उम्मेदवारलाई पनि चुनाव लड्न अनुमति दिनुपर्ने तिनको मुख्य माग थियो। बिएनपीको विद्यार्थी संगठन 'जातीयतावादी छात्र दल (जेसिडी)'का अनुसार यस बन्देजले सबैभन्दा बढी मार तिनका दलका उम्मेदवारलाई पुऱ्याएको छ।


आइतबार नै अर्को दल 'नेसनल सिटिजन पार्टी (एनसिपी)' ले फेरि निर्वाचन आयोगले बिएनपीप्रति नरम भएको अरोप लगायो। एनसिपी अगस्ट २०२४ मा तत्कालीन प्रधानमन्त्री सेख हसिनालाई पदच्युत गर्ने विरोध प्रदर्शनको नेतृत्व गरेका विद्यार्थीले खोलेको पार्टी हो।



● मोदुद अहमद सुजन

मल्टिमिडिया पत्रकार सुजनसँग विज्ञान, जनस्वास्थ्य, स्वास्थ्य असमानता, सरकारी भ्रष्टाचारबारे सघन रिपोर्टिङको अनुभव छ।

बंगलादेशको निर्वाचन आयोगविरुद्ध उठेका यी परस्पर आरोप खासमा आगामी चुनावमा को उठ्न पाउने भन्ने विषयवरिपरि केन्द्रित थियो। यस विवादले कतै चुनावको तयारीलाई प्रभावित बनाउने हो कि भन्ने पनि चिन्ता बढाएको छ। एनसिपीका प्रवक्ता आसिफ महमुद साजिब भुइयानले आइतबार नै एक पत्रकार सम्मेलन आयोजना गर्दै पार्टीले चुनावमा आफ्नो सहभागितामै पुनर्विचार गर्न सक्ने चेतावनी दिएका थिए।



■ मूल विवाद

बंगलादेशको कानुनले विदेशी नागरिकलाई संसदीय चुनाव लड्नबाट निषेध गरेको छ। निर्वाचन आयोगले यसअघि परेका उम्मेदवारहरूको मनोनयन पत्रहरूको छानबिनपछि २५ जनाको नागरिकता दोहोरो भएको विषयमा छानबिन सुरु गरेको थियो। आइतबार सकिएको आयोगको नौदिने पुनरावेदन प्रक्रियाका क्रममा बिइसीले २५ उम्मेदवारमध्ये २३ जनाको उम्मेदवारीलाई कायम राखेको छ भने दुईको मनोनयन रद्द गरिदियो। निर्वाचन आयोगले उम्मेदवारी कायम गरिएकामध्ये अधिकांशले तिनको विदेशी नागरिकता त्यागिसकेको वा त्याग्न आवेदन दिएको स्पष्टीकरण दिएको उल्लेख गरेको छ।

२३ जना उम्मेदवारी कायम हुँदा सबै दललाई फाइदा हुने देखिन्छ। उम्मेदवारी कायम भएका २३ मध्ये १० जना बिएनपीका हुन् भने देशको सबैभन्दा ठुलो इस्लामिक दल जमात-ए-इस्लामीका चारजना छन्। (एनसिपी र जमातले चुनावी गठबन्धन गरेका छन्।) त्यसबाहेक अर्का एक उम्मेदवार पनि एनसिपी र जमातकै गठबन्धनमा रहेको खिलाफत मजलिसका हुन्। त्यसबाहेक बाँकी सात भने कुनै चुनावी गठबन्धनमा नभएका ससना दलका या स्वतन्त्र उम्मेदवार भएको बिइसीले जनाएको छ।

बिइसीका अनुसार दुईजना उम्मेदवारी खारेजीमा परेकाहरूले पनि आफ्नो दोहोरो नागरिकताबारे जानकारी दिएका थिएनन्, तिनका पार्टीले ती उम्मेदवार फिर्ता लिने निर्णय गरेको बताएको छ। तर, बिइसीको सुनुवाइमा उपस्थित रहेका एनसिपीका नेता महबुब आलमले 'केही उम्मेदवारलाई विदेशी नागरिकता त्यागेको प्रमाण पेस गर्न लगाइएको र केहीको भने भविष्यमा त्याग्ने प्रतिबद्धताले नै मानेको बताउँदै भेदभावपूर्ण व्यवहार गरिएको बताए। यस रणनीतिले केही निश्चित पार्टीलाई फाइदा गरेको आलमले बताए। आलमको संकेत सबैभन्दा धेरै उम्मेदवारी कायम भएको बिएनपीतर्फ थियो।

आलमका अनुसार अहिले विदेशी नागरिकता परित्याग गर्न आवेदन पेस गरेका उम्मेदवारले पनि त्यसबारे अन्तिम निर्णय हुनुअघि ती निवेदन फिर्ता लिन सक्छन्, त्यसबारे बंगलादेशी अधिकारीलाई थाहै नहुन पनि सक्छ। प्रमुख निर्वाचन आयुक्त एएमएम नासिर उद्दिनले भने पक्षपातको आरोपलाई अस्वीकार गरे। अधिकांश उम्मेदवारको उम्मेदवारी कायम गर्ने निर्णय सबैको चुनावी सहभागिता सुनिश्चित गर्ने इच्छाद्वारा निर्देशित भएको उनले बताए। 'हामी चुनावमा सबै पक्षको सहभागिता सुचिश्चित गर्ने प्रयास गरिरहेका छौं। हामीले कसैमाथि पक्षपात गरेका छैनौं,' उनले सुनुवाइपछि उम्मेदवार र उनीहरूका प्रतिनिधिलाई भने।

■ विगतको अभ्यास

बंगलादेशले हाल आफ्ना नागरिकलाई विश्वका १०३ देशको नागरिकता लिने अनुमति दिएको छ। तर, त्यहाँको संविधानको धारा ६६(२) ले विदेशको नागरिकता प्राप्त गर्ने व्यक्तिलाई चुनावमा उठ्न भने

> आलोचकले विदेशी नागरिकता परित्याग सुरु गरेको मौखिक आश्वासन मात्रै स्वीकार गर्नाले संवैधानिक सुरक्षा कमजोर बन्ने तर्क गरिरहेका छन्

अयोग्य ठहऱ्याएको छ। संविधानको सोही प्रावधानले अहिलेको विवाद निम्तिएको हो। विवादको मुख्य विषय- उम्मेदवारले मनोनयन दायर गर्नुअघि नै विदेशी नागरिकता औपचारिक रूपमा त्याग गरिसक्नुपर्छ ? अथवा नागरिकता परित्यागको आवेदन दिए पनि अयोग्यताबाट बच्न सकिन्छ ? आलोचकले विदेशी नागरिकता परित्याग सुरु गरेको मौखिक आश्वासन मात्रै स्वीकार गर्नाले संवैधानिक सुरक्षा कमजोर बन्ने तर्क गरिरहेका छन्। उदाहरणका लागि, बेलायतको नागरिकता परित्याग प्रक्रिया सुरु हुन त्यहाँको गृह मन्त्रालयमै त्यससम्बन्धी निवेदन दर्ता गर्नुपर्छ। जबसम्म त्यस्तो निवेदन दर्ता गरिँदैन, मौखिक घोषणाले मात्र बेलायतको नागरिकता परित्याग हुँदैन। बंगलादेशको निर्वाचन आयोगले अहिलेसम्म प्रत्येक उम्मेदवारका हकमा विस्तृत कानुनी प्रावधान सार्वजनिक रूपमा जारी गरेको छैन। यद्यपि, विगतमा आयोगले दोहोरो नागरिकता भएका उम्मेदवारमाथि कठोर निर्णय गरेको इतिहास छ। जस्तो, सेख हसिनाले गराएको जनवरी २०२४ को चुनावमा, बरीसाल-४ निर्वाचन क्षेत्रका लागि हसिनाको पार्टीका उम्मेदवार सम्मी अहमदमाथि दोहोरो नागरिकताको आरोप लाग्यो। लगत्तै निर्वाचन अयोगले उनको उम्मेदवारी रद्द गरेको थियो। आयोगको त्यस निर्णयलाई पछि सर्वोच्च अदालतले पनि अनुमोदन गरेको थियो।

■ बढ्दो राजनीतिक दबाब

आइतबार साँझ जमात-ए-इस्लामीका पार्टी प्रमुख सफिकर रहमान नेतृत्वको प्रतिनिधिमण्डलले अन्तरिम सरकार प्रमुख मुहम्मद युनुसलाई भेटेपछि विवाद झन् बल्झिएको छ। यो अहिले निर्वाचन आयोगभन्दा बाहिर गएको देखिन्छ। युनुससँगको बैठकपछि जमातका उपप्रमुख सैयद अब्दुल्लाह मुहम्मद ताहेरले दोहोरो नागरिकताको प्रश्नलगायत धेरै विषयमा निर्वाचन आयोगले पक्षपात गरेको आरोप लगाए। कुनै पक्षको नाम नलिई ताहेरले कानुनी त्रुटिका कारण अमान्य घोषित गरिनुपर्ने मनोनयन भने रद्द नगर्न आयोगमाथि दबाब परेको दाबी गरे। 'हामी स्पष्ट रूपमा भन्न चाहन्छौं कि निर्वाचन आयोगले कुनै पनि दबाबको अगाडि झुक्नु हुँदैन। चाहे त्यो पार्टी जुनसुकै होस्,' ताहेरले भने। सोमबार दिउँसो फेरि पार्टी संयोजक नाहिद इस्लामको नेतृत्वको एनसिपी प्रतिनिधिमण्डलले पनि युनुसलाई भेट्यो। उनले पनि विदेशी नागरिकता धारण गरेका आरोप लागेका उम्मेदवारलाई चुनाव लड्न अनुमति नदिन निर्वाचन आयोगले दबाबमा काम गरेको आरोप लगाए। त्यसपछि पत्रकारसँग कुरा गर्दै नाहिदले आयोग आफ्नो कानुनी अडानबाट विचलित भएको बताए।

'बिएनपीमा दोहोरो नागरिकता भएका उम्मेदवार धेरै छन्। त्यस्तो उम्मेदवार जमातका पनि छन्,' उनले भने, 'उम्मेदवार कुन दलका हुन् भन्ने मुख्य मुद्दा होइन। मुद्दा कानुन सबैलाई समान रूपमा लागू भइरहेको छ कि छैन भन्ने हो। र, स्पष्टतः आयोग एउटा दलको दबाबमा काम गरिरहेको देखिन्छ। यदि निर्वाचन आयोगले तटस्थ रूपमा काम गर्न सक्दैन भने हामी कसरी निष्पक्ष चुनावको आशा गर्न सक्छौं ?' नाहिदले भने। आयोगको निरन्तर पूर्वाग्रहले मतदानको विश्वसनीयतामाथि नै शंका उत्पन्न गर्ने बताउँदै नाहिदले आयोगका निर्णयलाई अदालतमा चुनौती दिने र आवश्यक परेमा सडकमा उत्रन सक्ने चेतावनी दिए।

■ 'नैतिक रूपमा समस्याग्रस्त'

राजनीतिक विश्लेषक मोहिउद्दिन अहमदले दोहोरो नागरिकता भएका व्यक्तिलाई देशको चुनावमा उठ्न दिनु असंवैधानिक मात्र नभई 'नैतिक रूपमा पनि समस्याग्रस्त' भएको बताए। अर्को देशप्रति निष्ठावान् व्यक्तिले कसरी बंगलादेशी मतदाताको प्रतिनिधित्व गर्न सक्छन् भन्दै उनले प्रश्न गरे। 'यदि आयोगले जानाजानी संवैधानिक आवश्यकतालाई बेवास्ता गर्छ भने यसले आफ्नो जनादेशलाई कमजोर बनाउँछ। यसले चुनावलाई नै अमान्य बनाउने जोखिम बढ्छ,' अहमदले भने।

राजनीतिक विश्लेषक दिलीरा चौधरीले पनि उम्मेदवारहरूको मौखिक भनाइलाई मात्रै प्रमाण मान्न नसकिने बताइन्। दोहोरो नागरिकता परित्यागसम्बन्धी प्रक्रियालाई कडाइसाथ पालना गर्न असफल भएमा निर्वाचन आयोगले नैतिक अधिकार गुमाउने जोखिम रहेको उनले चेतावनी दिइन्। 'यदि निर्वाचन आयोगको तटस्थ छविमाथि धब्बा लाग्यो भने यसले गर्ने चुनाव कसरी विश्वसनीय हुन्छ,' उनले भनिन्, 'यदि निर्वाचन शंकास्पद भयो र नागरिकले विश्वास गुमाए भने यति ठुलो अभ्यास व्यर्थमा जानेछ। यस्तोमा निर्वाचनपछि बन्ने सरकारकै वैधतामाथि पनि प्रश्न उठ्नेछ।'

अलजजिराबाट

ग्रिनल्यान्ड सम्झौताको खाका बनेको ट्रम्पको घोषणा

डाभोस/ संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार एक घोषणा गर्दै नेटो महासचिव मार्क रुटसँग ग्रिनल्यान्ड विषयमा हुने एक 'भावी सम्झौताको रूपरेखा' बनेको बताएका छन्।

यसका साथै ट्रम्प यसअघि ग्रिनल्यान्ड अमेरिकालाई बिक्री गर्न आपत्ति जनाएका आठ युरोपेली राष्ट्रमाथि लगाउने भनेको १० प्रतिशत व्यापार शुल्कबाट पनि पछि हटेका छन्। ट्रम्पले ग्रिनल्यान्ड बिक्रीमा अवरोध गर्ने देशमाथि भन्सार बढाउँदै लगेर २५ प्रतिशतसम्म पुऱ्याउने चेतावनी दिएका थिए। ग्रिनल्यान्ड डेनमार्कको स्वशासित क्षेत्र हो। डेनमार्क र ग्रिनल्यान्ड दुवैले सो टापु बिक्री नहुने बताउँदै आएका छन्। युरोपसँग बढ्दो तनावलाई कम गर्ने प्रयासमा ट्रम्पले विश्व आर्थिक मञ्चको वार्षिक शिखर सम्मेलनका क्रममा स्विट्जरल्यान्डको डाभोसमा नेटो प्रमुखसँग भेट गरेका थिए।

बुधबार आफ्नो ट्रुथ सोसल अकाउन्टमा एक पोस्ट गर्दै ट्रम्पले रुटसँगको वार्ता 'अत्यधिक फलदायी' भएको बताए। ट्रम्पले ग्रिनल्यान्ड सम्बन्धमा हुने भावी सम्झौताअन्तर्गत 'ग्रिनल्यान्डलाई पनि गोल्डेन डोम सुरक्षा छातामा' ल्याउनेबारे छलफल भइरहेको जानकारी दिए।

'गोल्डेन डोम' हवाई खतरा निस्तेज बनाउने उद्देश्यले वासिंटनद्वारा प्रस्तावित बहुतहको मिसाइल रक्षा कार्यक्रम हो। ट्रम्पद्वारा मे २०२५ मा घोषणा गरिएको यस परियोजनाअन्तर्गत अमेरिकाले आफ्नो क्षेत्रलाई ब्यालिस्टिक र हाइपरसोनिक आक्रमणबाट बचाउन अन्तरिक्षमा मिसाइल पहिल्याउने प्रणाली तैनाथ गर्नेछ।

इतिहासमा आज



सन् १९५७ : भारतीय कूटनीतिज्ञ भी.के.मेननले कास्मिरमाथिको भारतको अधिकारको पक्षमा संयुक्त राष्ट्र संघमा संघको इतिहासकै सबैभन्दा लामो भाषण सुरु गरे। उनले लगातार आठ घण्टा भाषण गरेका थिए।

सन् १५५६ : चीनको सान्छीमा गएको ८ रेक्टर स्केलको भूकम्प र त्यसपछि निम्तिएको भोकमरीमा आठ लाख तीस हजारको ज्यान गयो। यसलाई इतिहासकै सबैभन्दा प्राणघातक भूकम्प मानिन्छ।

सन् १५७९ : स्पेनिस शासनविरुद्ध यसभित्रका डच भाषा बोलिने विभिन्न ससाना एकाइ र सहरले नामक 'युनियन अफ युट्रेच' गठबन्धन बनाए। पछि गएर यो एकाइ अहिलेको नेदरल्यान्डमा बदलियो।

सन् १८४६ : ट्युनिसियामा राजा अहमद प्रथम इब्न मुस्तफाले दासप्रथा अन्त्य गरेसँगै सो देश दासप्रथा अन्त्य गर्ने पहिलो अरब मुलुक बन्यो।

सन् १८४९ : न्युयोर्कस्थित जेनेभा मेडिकल कलेज पढेर एलिजावेथ ब्ल्याकवेल अमेरिकामा मेडिकल डिग्री हासिल गर्ने पहिलो महिला बनिन्।

सन् १९३३ : अमेरिकाले संविधान संशोधन गरेर नवनिर्वाचित राष्ट्रपति तथा उपराष्ट्रपतिको शपथ (कार्यकाल शुभारम्भ) मार्च ४ बाट जनवरी २० मा सार्‍यो।

सन् १९४६ : सिड्नी डब्लु. सुअर्स अमेरिकामा नवगठित बाह्य गुप्तचर निकाय 'सिआइए'का पहिलो निर्देशक चुनिए।

सन् १९५० : इजरायली संसद्ले प्यालेस्टिनी जनसंख्याको बाहुल्य रहेको सहर जेरुसेलमलाई देशको राजधानी घोषणा गऱ्यो।

सन् १९७८ : पृथ्वीको ओजोन तहलाई हानि गर्ने एरोसोल स्प्रेमाथि स्पेनले प्रतिबन्ध लगाउँदै त्यस्तो कदम चाल्ने पहिलो मुलुक बन्यो।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको
गैह्र बैंकिङ्ग सम्पत्तिको रूपमा रहेको धितो बिक्री सम्बन्धी गोप्य बोलपत्र आह्वान
(प्रकाशित मिति : २०८२/१०/०९)

यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्तिको रुपमा रहेको तपशिलमा उल्लेखित घर/जग्गाहरु बढाबढ मूल्यमा बिक्री गरिने भएको हुनाले उक्त घर/जग्गाहरु खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा कार्यालय समयभित्र यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग, काठमाण्डौ वा यस बैंकका शाखा कार्यालयहरुमा आईपुग्ने गरी के कति दररेटमा उक्त घर/जग्गाहरु लिन कबुल गरेको हो सो खुलाई शर्त बन्देजहरुको अधिनमा रही सो सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन इच्छुक सबैलाई आह्वान गरिन्छ। उक्त अवधिभित्र पर्न आएका बोलपत्रहरु स्थानीय निकायका प्रतिनिधि, नेपाल सरकारका प्रतिनिधि, बोलपत्रदाता वा बोलपत्रदाताको आधिकारिक प्रतिनिधिहरुको रोहबरमा तल उल्लेखित मिति, समय र स्थानमा खोलिने छ।

तपशिल

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ माघ १५ गते बिहीवार।
बोलपत्र खोलिने मिति : २०८२ माघ १८ गते आइतवार।
समय : दिउँसो २:०० बजे।
स्थान : नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, बुटवल शाखा, रुपन्देही ।

गैह्र बैंकिङ्ग सम्पत्तिको बिवरण

१) यस बैंकको नाममा मालपोत कार्यालय बर्दघाट सुस्ता पश्चिम नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, बर्दघाट सुस्ता पश्चिम वडा नं. १ घ स्थित कि.नं. ८२१ को क्षेत्रफल ०-१-१६-१ बिगाहा भएको घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

२) यस बैंकको नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, मधबलिया वडा नं. ९ ख स्थित कि.नं. ७४० को क्षेत्रफल ०-०-१६ बिगाहा भएको घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

बोलपत्र फाराम यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग काठमाण्डौ वा यस बैंकका शाखा कार्यालयहरुबाट रु. १,०००/- (अक्षरेपी एक हजार रुपैयाँ मात्र) तिरी खरिद गर्न सकिनेछ। अन्य सम्पूर्ण शर्तहरु बोलपत्र फाराममा समावेश गरिएको छ।

विस्तृत जानकारीको लागी यस बैंकको गैह्र बैंकिङ्ग सम्पत्ति विभाग, दरबारमार्ग काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
दरबारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं. ३४१२
फोन न : ५३४२५३०, ५३२८२२९
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

लोकसागर बचत तथा ऋण सहकारी संस्था लि.
LOKSAGAR SAVING AND CREDIT COOPERATIVE LTD.
धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना

तपशिलमा तपाई ऋणीहरूले यस सहकारी संस्था बाट लिनु भएको कर्जा संस्थाको भाखा सम्झौता बमोजिम तिर्न बुझाउन नआउनु भएको र संस्थाले पटक पटक तरताकेता गरि कर्जा को साँवा ब्याजको रकम तिर्नु बुझाउनु आउनु होला भनि मिती २०८२।०३।२६ गते बिहीवार र २०८२।५।१७ गते मंगलबारका दिन आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सुचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता गर्न नआउनु भएकोले सुरक्षण धितोमा रहेको सम्पति लिलाम विक्रिको लागी यो सूचना प्रकाशित गरिएकको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जाको सम्पुर्ण साँवा ब्याजको रकम चुक्ता गर्न हुन तपाई ऋणीहरूलाई अनुरोध गरिन्छ। अन्यथा ३६ औ दिन उक्त सुरक्षण धितोमा रहेको सम्पती सहकारी ऐन २०७४ तथा सहकारी नियमावलि २०७५ बमोजिम लिलाम बढाबढ को प्रक्रिया बमोजिम लिलाम बिक्री गरिने कुरा सम्बन्धित ऋणी जमानी कर्ता तथा लिलाम सकार गर्ने सम्बन्धित सबैमा यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तोकिएको लिलाम हुने दिन विदा परेमा अड्डा खुलेको दिन लिलाम हुने हुँदा दिएको सुरक्षण धितोबाट संस्थाको लेना रकम असुल उपर नभए सम्म ऋणी तथा जमानी कर्ताको अन्य सम्पति बाट असुल उपर गरिने कुराको समेत जानकारी गराईन्छ।

ऋणी
श्री वाग सिंह वाईवाको नाती, श्री मान बहादुर वाईवाको छोरा, फूलमाया वाईवाको श्रीमान्, सिन्धुली जिल्ला, महादेवस्थान गा.पा. वडा नं ७, घर भइ हाल काठमाडौ जिल्ला, काठमाडौ म.न.पा. वडा नं. १४ कलंकी बस्ने जिल्ला प्रशासन कार्यालय सिन्धुलीबाट ना.प्र.नं. २०३०२८/४१७, वर्ष ४६ को **श्री नजरमान वाईवा, निजबाट संस्थाले** २०८२/१०/२९ सम्मको साँवा र ब्याज गरी लेना रकम रु ४,५२,६१९/- (अक्षरेपी रु. चार लाख बाउन्न हजार छ सय उन्नाइस मात्र) **रहेको छ।**

लिलाम हुने सम्पतिको विवरण
सिन्धुली जिल्ला, कपिलाकोट गा.वि.स वडा नं ८, कित्ता नं ३३ क्षेत्रफल ०-३-१६-२, जग्गा धनीको नाम श्री सनाम सिं वाईवा .....।

ऋणी
श्री शेषनारायण भडेलको नाती,श्री चन्द्र नारायण भडेलको छोरा, श्रीमाया भडेलको श्रीमान्, भक्तपुर जिल्ला, चाँगुनारायण न.पा. वडा नं १, इकुटोल स्थायी घर भई हाल सोही स्थान बस्ने जिल्ला प्रशासन कार्यालय भक्तपुर बाट जारी ना.प्र.नं.१६२८८, वर्ष ४६ को **श्री नारायण भडेल, निजबाट संस्थाले** २०८२/१०/२९ सम्मको साँवा र ब्याज गरी लेना रकम रु १६,६१,३६७/- (अक्षरेपी रु.सोह्र लाख एक सठ्ठी हजार तीन सय सतसठ्ठी मात्र) **रहेको छ।**

लिलाम हुने सम्पतिको बिवरण
भक्तपुर जिल्ला, चाँगुनारायण गा.वि.स. र न.पा. वडा नं ९, कित्ता नं १४२४ क्षेत्रफल ०-४-२-०, जग्गा धनीको नाम छिन्नमस्ता चाँगुनारायण गुठी र श्री नारायण भडेल .....।

मिती : २०८२/११/१५ गते शुक्रबार (विदा परेमा अड्डा खुलेको दिन)
स्थान : लोकसागर बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय, काठमाडौ-९, पुरानो बानेश्वर
समय : बिहान १०:०० बजेदेखि दिनको ३:०० बजेसम्म

भलाकुसाः बहुउद्देश्यीय अभियान सहकारी संस्था लि.
चन्द्रागिरि न.पा.वडा नं.-१०, सतुंगल, काठमाडौंको
तपसिलमा उल्लेखित ऋणीहरूलाई धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना
(प्रकाशित मिति २०८२/१०/९ गते, शुक्रबार)

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले आफ्नो तथा आफ्ना एका घरपरिवारका सदस्यहरुको नामको अचल सम्पत्ति (घर जग्गा) यस संस्थाको नाममा धितो राखी कर्जा लिई कर्जा लिँदा गरेको सहमति अनुसार यस संस्थामा बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा किस्ताको रकम हालसम्म नबुझाएको र बुझाउनको लागि मौखिक/पत्राचार/सूचना आदि माध्यमबाट बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बसेको र कर्जा तिर्ने मनसाय देखाई संस्थामा सम्पर्क समेत राख्न नआउनु भएकोले तपशिलमा उल्लेखित ऋणीहरुको नाममा मिति २०८०/०८/२३ गते ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएकोमा हालसम्म यस सहकारीमा सम्पर्कमा नआउनु भएकोले पुनः तपसिलमा उल्लेखित ऋणीहरुको नाममा धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखि संस्थामा बुझाउनु पर्ने सम्पूर्ण बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला वा भुक्तानी गरी सकेको भए सोको प्रमाण सहित सहकारी संस्थामा सम्पर्क गर्न आउनु होला। अन्यथा यस संस्थाले ऋणीहरुसंग बाँकी लेना रकम असुल उपर गर्न संस्था सँग भएको शर्त कबुलियत, तमसुक बमोजिम कर्जा लिंदा धितो स्वरुप यस सँस्थाको नाममा दृष्टि बन्धकी रोक्का राखेको अचल सम्पत्ति (घर जग्गा), घर जग्गा सहकारी ऐन २०७४ को दफा ७९, ८३ तथा सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम लिलाम बिक्री गर्नुका साथै ऋणी तथा जमानकर्तारुको अन्य चलअचल जायजेथा श्री सम्पत्तिबाट संस्थाको बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा यसै सूचना द्वारा सूचित गरिन्छ।

तपशिल

सि.नं.	ऋणीको विवरण	धन जमानी बस्नेको विवरण	धन जमानी बस्नेको विवरण
१.	ऋणी: **इन्द्रमान महर्जन** ना.प्र.नं :७/२५५, जारी मितिः २०४४/०२/२८ जिल्ला काठमाडौं बाबुको नाम : भिमसेन महर्जन बाजेको नाम : पाण्डव महर्जन स्थायी ठेगाना : का.जि. च.न.पा.-१०, सतुंगल काठमाडौं	ऋणी : **लक्ष्मी महर्जन** ना.प्र.नं : १०६७१ जारी मिति : २०५४/०१/०८ जिल्ला काठमाडौं बाबुको नाम : चन्द्र बहादुर महर्जन बाजेको नाम : जितलाल महर्जन स्थायी ठेगाना : का.जि. च.न.पा.-१०, सतुंगल काठमाडौं	ऋणी : **इमी महर्जन** ना.प्र.नं :१०४६/६३८२८ जारी मिति : २०६७/०६/०४ जिल्ला काठमाडौं बाबुको नाम : इन्द्रमान महर्जन बाजेको नाम : भिमसेन महर्जन स्थायी ठेगाना : का.जि. च.न.पा.-१०, सतुंगल काठमाडौं
२.	ऋणी : **इन्द्र महर्जन** ना.प्र.नं : १०४६/६३८६५ जारी मिति : २०६७/०६/०४ बाबुको नाम : इन्द्रमान महर्जन बाजेको नाम : भिमसेन महर्जन	ऋणी : **लक्ष्मी महर्जन** ना.प्र.नं :१०६७१ जारी मिति : २०५४/०१/०८ जिल्ला काठमाडौं बाबुको नाम : चन्द्र बहादुर महर्जन बाजेको नाम : जितलाल महर्जन	ऋणी : **इमी महर्जन** ना.प्र.नं : १०४६/६३८२८ जारी मिति : २०६७/०६/०४ बाबुको नाम : इन्द्रमान महर्जन बाजेको नाम : भिमसेन महर्जन

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं।
बोलपत्र आव्हानको सूचना
सूचना प्रकाशित मितिः २०८२/१०/०९ गते

यस कार्यालयको तपसिल बमोजिमको खरिद कार्य विद्युतीय बोलपत्र (E–Bid) को माध्यमबाट गराउनुपर्ने भएकोले इजाजत प्राप्त व्यवसायीहरूबाट रितपूर्वक बोलपत्र आव्हान गरिएको छ। विस्तृत जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: www.bolpatra.gov.np/egp मा हेर्नु हुनसमेत सूचित गरिन्छ।

ठेक्का नं.	खरिदसम्बन्धी बिवरण	फाराम दस्तुर (रू.)	जमानत रकम (रू.)	बोलपत्र जमानत मान्य अवधि	पेश गर्ने अन्तिम मिति र समय	खोलिने मिति र समय
25/NCB/TM/G/2082-83	Procurement and Installation of Laundry Soap Manufacturing Plant	३०००/-	९०,०००/-	१२० दिन	फाल्गुन १२, २०८२; मध्यान्ह १२ बजे	फाल्गुन १२, २०८२; दिनको १ बजे

प्रमुख प्रशासकीय अधिकृत

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार ९ माघ ०८२

एक महिनामै एक खर्ब कर्जा विस्तार

तर, कर्जाको माग दिगो हुनेमा आशंका, चुनावसम्म पर्ख र हेरको अवस्थामा बैंकहरू

मिलन विश्वकर्मा / नयाँ पत्रिका

पुस महिनामा वाणिज्य बैंकहरूको कर्जा प्रवाह एक खर्ब पाँच अर्ब रुपैयाँले बढेको देखिएको छ। विगत लामो समयदेखि कर्जा प्रवाह सुस्त रहेकोमा पुसमा भने कर्जा प्रवाह उच्च देखिएको नेपाल बैंकर्स संघबाट प्राप्त प्रारम्भिक तथ्यांकले देखाएको छ।

मंसिर मसान्तसम्म २० वाणिज्य बैंकको कुल कर्जा प्रवाह ५० खर्ब ५२ अर्ब पुगेको थियो। पुस मसान्तसम्म आउँदा त्यो बढेर ५१ खर्ब ५७ अर्ब रुपैयाँ पुगेको छ। पुसमा असुली भएको कर्जा हटाउँदा नयाँ कर्जाको परिमाण अझ धेरै हुन सक्छ। तर, त्यस्तो तथ्यांक गणना गरेको देखिन्न।

संघको तथ्यांकअनुसार १ देखि ४ पुससम्मको अवधिमा ८२ करोड कर्जा प्रवाह भएको थियो। त्यसपछि पुस ५-११ मा ११ अर्ब ५८ करोड रुपैयाँ, पुस १२-१८ मा १२ अर्ब २० करोड रुपैयाँ, पुस १९-२५ मा २६ अर्ब ७० करोड रुपैयाँ र पुस २६-३० मा ५३ अर्ब ५१ करोड रुपैयाँले कर्जा प्रवाह बढेको छ।

पुस मसान्तको समयमा उच्च कर्जा प्रवाह हुँदा 'एभरग्रिनिङ' अर्थात् कर्जा तिर्न कर्जा प्रवाह गरेको हुन सक्ने पनि देखिएको छ। पुस मसान्तमा बैंकहरूले कर्जा असुलीलाई उच्च प्राथमिकता दिने गर्छन्। एक बैंकरले पुसको अन्तिम समयमा 'एभरग्रिनिङ' भएको हुन सक्ने बताए।

नेपाल बैंकर्स संघका प्रमुख कार्यकारी निर्देशक अनिल शर्माले पुसमा कर्जाको माग पनि बढेको बताए। 'पुसमा यसै पनि कर्जाको माग उच्च हुने गर्छ। यद्यपि, यसपालि कर्जाको माग पनि बढेको देखियो,' उनले भने, 'विगतका महिनामा कर्जाको माग न्यून थियो। सेयर धितो कर्जाको माग धेरै थियो। पुसमा उपभोग, घरजग्गा खरिद, सवारीसाधन खरिदमा पनि कर्जाको माग बढेको छ। सेयर कर्जाको माग पनि नियमित नै देखिन्छ।' तथ्यांकअनुसार पनि पुसको समयमा सामान्यतः कर्जा प्रवाह उच्च देखिन्छ। पुस ०८१ मा पनि वाणिज्य बैंकहरूको कर्जा प्रवाह ९४ अर्ब रुपैयाँले बढेको थियो, जुन मासिक रूपमा आव ०८१/८२ कै उच्च थियो। त्यसअघि पुस ०८० मा भने ३७ अर्बले मात्रै कर्जा प्रवाह बढेको थियो। आव ०८०/८१ मा भने असारमा सबैभन्दा धेरै ४७ अर्बले कर्जा प्रवाह बढेको थियो।

■ कुन महिना कति बढ्यो ?

वैशाख	४ अर्ब ऋणात्मक
जेठ	३६ अर्ब
असार	२७ अर्ब
साउन	११ अर्ब ऋणात्मक
भदौ	४३ अर्ब
असोज	४१ अर्ब
कात्तिक	२२ अर्ब ऋणात्मक
मंसिर	२७ अर्ब
पुस	१ खर्ब ५ अर्ब



■ ६ महिनामा १.८२ खर्बको मात्रै वृद्धि

पछिल्लो समय कर्जा प्रवाह सुस्त छ। चालू आवको ६ महिनामा कर्जा प्रवाह एक खर्ब ८२ अर्ब मात्रै बढेको छ। त्यसमा पुसमा मात्रै एक खर्ब पाँच अर्बले कर्जा प्रवाह बढेको छ। गत असार मसान्तसम्म वाणिज्य बैंकहरूको कर्जा प्रवाह ४९ खर्ब ७५ अर्ब रुपैयाँ थियो। साउनमा त्यो ११ अर्ब रुपैयाँले घटेको थियो। त्यसपछि भदौमा ४३ अर्ब ४१ करोड रुपैयाँ र असोजमा ४१ अर्ब रुपैयाँले बढेको कर्जा प्रवाह कात्तिकमा भने २२ अर्ब रुपैयाँले घटेको थियो। त्यसपछि मंसिरमा २७ अर्ब रुपैयाँले कर्जा प्रवाह बढेको देखिन्छ। गत पुसमा भने एकैपटक एक खर्ब पाँच अर्बले कर्जा प्रवाह बढेको तथ्यांकमा उल्लेख छ। पुस मसान्तभित्र विभिन्न कम्पनीहरूले आयकर कर तिर्नुपर्छ। त्यसका लागि पनि कर्जाको माग बढी हुने गर्छ। कतिपय व्यवसायीहरूले ओभर ड्राफ्ट कर्जामा बाँकी भएको रकम यो वेला प्रयोग गर्ने गर्छन्। कतिपय बैंक र ऋणहरूको आपसी समझदारीमा पनि 'एभरग्रिनिङ' गरिएको छ।

■ कर्जा विस्तार सिजनेबल

कतिपय बैंकहरूले यो कर्जाको माग दिगो नभएको बताउँछन्। एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिडले पुसको कर्जा प्रवाह 'सिजनेबल' भएको बताए। 'पुसमा भएको कर्जा प्रवाह सिजनेबल हो, दिगो होइन। माघ लागेपछि कर्जा प्रवाह घट्न सुरु भइसकेको छ,' उनले भने, 'बैंकहरू कर्जा प्रवाहका लागि चुनावसम्म पर्ख र हेरको अवस्था पनि हो। चुनावपछि पक्कै पनि राम्रो वातावरण बन्छ भन्नेमा हामी आशावादी छौं। त्यसपछि कर्जाको माग पनि बढ्ने आशा छ। राम्रो वातावरण भएको अवस्थामा बैंकहरू आफैं पनि कर्जा बढाउन अग्रसर हुन सक्नेछन्।'

■ निक्षेपमा एक खर्ब ३० अर्बको वृद्धि

पुसमा वाणिज्य बैंकहरूमा निक्षेप पनि एक खर्ब ३० अर्ब रुपैयाँले बढेको छ। मंसिरसम्म वाणिज्य बैंकमा भएको निक्षेप ६८ खर्ब १४ अर्ब रुपैयाँ थियो। पुस मसान्तसम्म आउँदा त्यो बढेर ६९ खर्ब ४४ अर्ब रुपैयाँ पुगेको छ। बढ्दो रेमिट्यान्सले निक्षेप बढेको सिइओ खालिडले बताए।

चालू आवको ६ महिनामा निक्षेप चार खर्ब १३ अर्ब रुपैयाँले बढेको छ। गत असारसम्म २० वाणिज्य बैंकमा ६५ खर्ब ३१ अर्ब निक्षेप थियो। त्यसमा साउनमा ५२ अर्बले निक्षेप घटेको थियो। त्यसपछि भदौमा ९४ अर्ब र असोजमा एक खर्ब ७९ अर्ब रुपैयाँले निक्षेप बढेको थियो। त्यसपछि कात्तिकमा तीन अर्ब र मंसिरमा ६० अर्ब रुपैयाँले निक्षेप बढेको थियो। त्यसपछि मंसिरमा निक्षेप एक खर्ब ३० अर्ब रुपैयाँले बढेको हो।

■ ऋणयोग्य पुँजी ११ खर्बभन्दा बढी

पुस मसान्तसम्म बैंकहरूमा ऋण प्रवाह गर्न मिल्ने रकम भने ११ खर्ब ३३ अर्ब रुपैयाँ छ। पुस मसान्तसम्म वाणिज्य बैंकहरूको कर्जा निक्षेप अनुपात ७३.६८ प्रतिशत छ। कर्जा निक्षेप अनुपात ९० प्रतिशतसम्म पुग्ने गरी कर्जा प्रवाह गर्न पाइन्छ। त्यो अवस्थामा अझै निक्षेपको १६.३२ प्रतिशत कर्जा प्रवाह गर्न पाइने देखिन्छ। त्योअनुसार अझै ११ खर्ब ३३ अर्ब २६ करोड रुपैयाँ ऋण दिन मिल्ने पैसा छ।

बुटवल-पोखरा सडक स्तरोन्नति अघि बढ्दै

आयोजना स्तरोन्नतिका लागि एआइआइबीको २९ करोड अनुदान सहयोग स्वीकार गर्ने निर्णय, डेडिकेटेड दुई लेनमा विस्तार हुने, आयोजनाको लागत अनुमान २० अर्ब

नयाँ पत्रिका

सरकारले सिद्धार्थ राजमार्गको बुटवल-पोखरा सडकखण्ड स्तरोन्नतिको प्रक्रिया अघि बढाउने भएको छ। आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अघि बढाउने तयारी थालिएको हो।

सरकारले चालू आर्थिक वर्षको बजेटमार्फत सिद्धार्थ राजमार्गलाई डेडिकेटेड डबल लेनमा स्तरोन्नति गर्ने कार्य प्रारम्भ गर्ने घोषणा गरेको थियो। अब आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माणको प्रक्रिया अघि बढाइएको सडक विभागका उपमहानिर्देशक अर्जुन अर्यालले बताए।

मन्त्रिपरिषद्को बिहीबारको बैठकले सिद्धार्थ राजमार्गको बुटवल-पोखरा सडकखण्ड सुधार आयोजनाको तयारीका लागि एसियाली पूर्वाधार लगानी बैंक (एआइआइबी)ले नेपाललाई दिने करिब २९ करोड रुपैयाँ अनुदान सहयोग स्वीकार गर्ने निर्णय गरेको छ। बुटवल-पोखरा सडकखण्ड विस्तारको डिपिआर तयार गर्न यो रकम खर्च गरिने उनले बताए।

सरकारका प्रवक्ता एवं गृहमन्त्री ओमप्रकाश अर्यालले बुटवल-पोखरा सडकखण्ड सुधार आयोजनाको तयारीका लागि एसियाली पूर्वाधार लगानी बैंकबाट उपलब्ध हुने दुई मिलियन अमेरिकी डलरबराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको बताए। बिहीबारको विनिमय दरअनुसार उक्त सहयोग रकम २९ करोड २८ लाख रुपैयाँबराबर हुन आउँछ।

सरकारले पश्चिम नेपालको पहाड र तराई क्षेत्र जोड्ने सिद्धार्थ राजमार्ग निर्माण भएको ५४ वर्षपछि स्तरोन्नतिको तयारी थालेको छ। अहिले एक सय ५८ किमि लामो बुटवल-पोखरा खण्डलाई डेडिकेटेड दुई लेनमा स्तरोन्नति गर्न लागिएको हो। एआइआइबीको अनुदान सहयोग आयोजना सुधारको तयारीमा खर्च गरिनेछ।

आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न भइसकेको छ। वातावरणीय प्रभाव मूल्यांकन अन्तिम चरणमा रहेको छ। आयोजनाको कुल लागत पौने २० अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ। त्यसमा सडक स्तरोन्नतिमा मात्रै १० अर्ब ३८ करोड ७० लाख लाग्ने रुपैयाँ अनुमान गरिएको छ। यसैगरी, प्रस्तावित सुरुङ र भायाडक्ट बनाउन नौ अर्ब ३७ करोड २० लाख लागत अनुमान गरिएको छ।

नेपाल सरकार, उद्योग विभागबाट इजाजत पत्र प्राप्त र कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेड
Palpa Cement Industries Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं. ११, सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, नेपाल
उद्योग रहेको स्थान : सुनुवल, आदर्श ७, नवलपरासी
फोन नं. +९७७-१४१०१६८५/+९७७-१४१०१६८६, इमेल: info@rmcnepal.com वेभसाइट: www.tansencement.com

उद्योग प्रभावित क्षेत्र र खानी प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि जारी गरिएको शेयरको निष्कासन तथा बिक्री खुल्ला अवधि थप गरिएको सम्बन्धी सूचना

पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेडले आफ्नो जारी पूँजी रु. ३,७५,००,००,०००/- को २०% अर्थात् रु. ७५,००,००,०००/- रकम बराबरको रु. १००/- अंकित दरको ७५,००,००० कित्ता साधारण शेयर सर्वसाधारणलाई छुट्याइएको मध्ये उद्योग प्रभावित क्षेत्र पश्चिम नवलपरासी (सावीकको नवलपरासी जिल्ला), खानी रहेको क्षेत्र पाल्पा जिल्ला र रुपन्देही जिल्लाको देवदह नगरपालिकाको स्थानिय बासिन्दाहरुलाई जारी पूँजीको ५% अर्थात रु. १८,७५,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरको १८,७५,००० साधारण शेयरहरुको मिति २०८२ पौष २५ गतेदेखि मिति २०८२ माघ ९ गते (छिटोमा) सम्म निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा मिति २०८२/१०/०९ गते लुम्बिनी प्रदेशमा बसन्त पञ्चमीको सार्वजनिक बिदा भएको हुंदा आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको मागलाई दृष्टिगत गरी उद्योग प्रभावित क्षेत्र र खानी प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि **यही मिति २०८२ माघ ११ गतेसम्म** निष्काशन तथा बिक्री खुल्ला अवधि थप गरिएको व्यहोरा यसै सूचना मार्फत सम्पूर्ण महानुभावहरुलाई जानकारी गराइन्छ।

दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या : १० कित्ता	दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १,००,००० कित्ता

दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने

क्र.सं.	विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु :
१.	नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौं र वेवसाइटः www.nabilinvest.com.np।
२.	पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेड, सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं र वेवसाइट : www.tansencement.com।
३.	पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेडको उद्योग परिसर, सुनुवल, आदर्स-७, नवलपरासी।

साथै श्री नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ।

उद्योग प्रभावित क्षेत्र र खानी प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम प्राप्त गर्न र बुझाउन सकिने व्यवस्था गरिएको छ ।

क्र.सं.	संकलन केन्द्रको नाम
१.	नबिल बैंक लिमिटेड, तानसेन शाखा
२.	नबिल बैंक लिमिटेड, बर्दघाट शाखा
३.	नबिल बैंक लिमिटेड, बुलिबटार शाखा
४.	नबिल बैंक लिमिटेड, गैंडाकोट शाखा
५.	प्रभु बैंक लिमिटेड, पाल्पा शाखा
६.	प्रभु बैंक लिमिटेड, बर्दघाट शाखा
७.	प्रभु बैंक लिमिटेड, परासी शाखा
८.	प्रभु बैंक लिमिटेड, बेलातारी शाखा

क्र.सं.	संकलन केन्द्रको नाम
९.	सिद्धार्थ बैंक लिमिटेड, पाल्पा शाखा
१०.	सिद्धार्थ बैंक लिमिटेड, बर्दघाट शाखा
११.	सिद्धार्थ बैंक लिमिटेड, परासी शाखा
१२.	श्री नबिल बैंक लिमिटेड, खैरेनी शाखा
१३.	श्री ग्लोबल आई.एम.ई बैंक लिमिटेड, खैरेनी शाखा
१४.	श्री नबिल बैंक लिमिटेड, सुनवल शाखा
१५.	श्री नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, माथागढी शाखा

उद्योग प्रभावित क्षेत्र र खानी प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत रु.२/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ ।

नेटवर्थ सम्बन्धी विवरण:

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.व. ०७९/८०	आ.व. ०८०/८१	आ.व. ०८१/८२	आ.व. ०८२/८३	आ.व. ०८३/८४	आ.व. ०८४/८५
प्रति शेयर नेटवर्थ रु.	१३०.१३	१३२.४५	१३५.७४	१३५.५६	१४४.२०	१५२.५६
प्रति शेयर नेटवर्थ रु. (पुर्नःमुल्यांकन कोष बाहेक)*	११४.०१	११६.३६	११८.६२	१२३.०६	१३१.३०	१३८.६६
प्रति शेयर आम्दानी रु.	१.३१	२.३४	३.२५	८.८०	८.१४	८.२६
जगेडा तथा कोषहरु (रु.हजारमा)	५०३,८४७	५७४,५५१	१,०७२,१८६	१,३४८,५३३	१,६५७,३८६	१,९७१,०७५

* लेखापरिक्षकद्वारा प्रमाणित नेटवर्थ सम्बन्धी विवरण।

आयोजनाको नाम	नेट प्रेजेन्ट भ्यालु (NPV)	इन्टरनल रेट अफ रिर्टन (IRR)	साधारण लगानी फिर्ता हुने अवधि	डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि
पाल्पा सिमेन्ट इण्डष्ट्रिज लिमिटेड	१,२२२.८७ करोड	१३.७८५	६ वर्ष ८ महिना	९ वर्ष १२ महिना

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम संस्थाको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड (Infomerics Credit Rating Nepal Ltd.) बानेश्वर हाईट, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८२ जेष्ठ २ गते [IRN BB+ (Is) [Double B Plus (Issuer)] प्रमाणपत्र प्राप्त गरेको छ । जसले Moderate risk of default regarding timely servicing of financial obligations. Such issuers carry moderate credit risk भन्ने जनाउंदछ । इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले "IRN AAA (Is)" देखि "IRN D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड "IRN AAA (Is) ले बलियो आधार जनाउँछ भने IRN D (Is) ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । यस सम्बन्धी विवरण पत्रको दफा ग.२२ (ट) पृष्ठ ५५ उल्लेखित गरिएको छ ।

क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०८२/०२/०२ क्रेडिट रेटिङ्ग बहाल रहने मिति : २०८३/०१/२९

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८२ पौष १७ गतेको** "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशनकर्ता कम्पनीको वेवसाइट www.tansencement.com नेपाल धितोपत्र बोडको वेवसाइटः www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकहरुको वेवसाइट www.nabilinvest.com.np मा रहेको "विवरणपत्र" हेर्नुहुन अनुरोध गर्दछौं।

नोटः स्थानीय बासिन्दाहरुलाई बाँडफाँडमा परेका शेयरहरु सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन (३) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।

निष्काशन तथा बिक्री प्रबन्धक :

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोन: ४५११५०४, ४५११७३३
इमेल: info@nabilinvest.com.np, वेवसाइट: www.nabilinvest.com.np

अब नेपाल र भारतबिच निकासी गरिने वस्तुको सूचना आदानप्रदान



नयाँ पत्रिका

नेपाल र भारतबिच हुने वैदेशिक व्यापारमा निकासी गरी वस्तु आइपुग्नुअगावै सूचना आदानप्रदान गर्ने समझदारी भएको छ। वस्तुको आगमन पूर्वसूचना आदानप्रदान गर्दै जोखिम व्यवस्थापनमार्फत व्यापार सहजीकरण गर्न प्रमुख व्यापारिक साझेदार मुलुकबिच निकासी गरिने वस्तुको अग्रिम रूपमा तथ्यांक आदानप्रदान गर्ने अन्तर्राष्ट्रिय अभ्यास रहँदै आएको छ।

समझदारीपत्रमा बुधबार भारतको नयाँदिल्लीमा आयोजित औपचारिक कार्यक्रममा नेपालको तर्फबाट भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारी र भारतका तर्फबाट केन्द्रीय अप्रत्यक्ष कर तथा सीमाशुल्क बोर्डका अध्यक्ष विवेक चतुर्वेदीले हस्ताक्षर गरेका छन्।

नेपालको प्रमुख व्यापारिक साझेदार मुलुक भारतसँग निकासी गर्ने वस्तुको तथ्यांक अग्रिम रूपमा आदानप्रदान गर्ने व्यवस्था गर्न यस्तो समझदारी भएको विभागले जानकारी दिएको छ। मन्त्रिपरिषद्ले समझदारीपत्रको मस्यौदा स्वीकृत गरी भन्सार विभागका महानिर्देशकलाई हस्ताक्षर गर्ने अख्तियारी प्रदान गरेको थियो।

समझदारीपत्रमा जोखिम विश्लेषणमार्फत भन्सार नियन्त्रण र व्यापार सहजीकरणलाई थप प्रभावकारी बनाउने उल्लेख छ। त्यस्तै, भन्सारको प्रक्रियामा लाग्ने समय कम गर्दै सुरक्षित अन्तर्राष्ट्रिय व्यापारलाई सुनिश्चित गर्ने, राष्ट्रिय कानुनले तोकेको सीमाभित्र रही विद्युतीय माध्यमबाट निकासी तथ्यांक आदानप्रदान गर्ने भनिएको छ।

यस अवसरमा समझदारीपत्रमा हस्ताक्षर गर्ने कार्यक्रम आयोजना गरेकोमा भन्सार विभागका महानिर्देशकले भारतीय पक्षलाई धन्यवाद ज्ञापन गरे। यसलाई जतिसक्दो छिटो कार्यान्वयनमा लैजान जोड पनि दिए।

इपिएसपीडित युवाको माग मन्त्रालयमा

काठमाडौं/ भाषा परीक्षा उत्तीर्ण गरेपछि रोजगारीका लागि कोरिया जान पाउनुपर्ने युवाहरूको मागले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा औपचारिक प्रवेश पाएको छ। श्रम मन्त्रालयमा बिहीबार इपिएसपीडितका तर्फबाट दर्जनभन्दा बढी युवा र सरकारी अधिकारीबिच वार्ता भएको हो। वार्तामा युवाहरूले भाषा परीक्षा पास गरेका सबैलाई कोरियाको रोजगारी सुनिश्चित हुनुपर्ने, परीक्षा पास गरेर रोस्टरमा परेकाहरूले क्षेत्र परिवर्तन गर्न पाउनुपर्ने, परीक्षा उत्तीर्ण गरेर पनि कोरिया जान नपाएका युवाको म्याद दुई वर्ष थप हुनुपर्ने, श्रमका लागि कोरिया जाने वार्षिक कोटा वृद्धि गर्नुपर्नेलगायतका माग राखेका थिए। ती मागबारे गहन छलफल भएको श्रम मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेले जानकारी दिए।

गत १८ पुसमा पीडित युवाहरूले इपिएस शाखामा धर्ना दिएर रोजगारीका लागि कोरिया जाने प्रक्रिया छिटो सुरु गर्न दबाब दिएका थिए। त्यसपछि इपिएस शाखाले सबै संयन्त्र चुस्त बनाउने र कोरियाली अधिकारीसँग पनि समन्वय गरेर समस्या सुल्झाउने आश्वासन दिएका थिए। तर, त्यसपछि कुनै प्रगति नभएपछि युवाहरूले गत मंगलबारदेखि अनिश्चितकालीन धर्ना आह्वान गरेका थिए। त्यसपछि भने इपिएस शाखा र श्रम मन्त्रालयले युवाको माग सम्बोधन गर्न चासो देखाएको हो। यही जनवरीमा आठ सय ५३ र अर्को महिना फेब्रुअरीमा थप तीन हजार सात सय ९६ युवाको भाषा परीक्षाको म्याद सकिन लागेको छ। सो म्यादभित्र कोरिया जान नपाए पुनः नयाँ प्रक्रियाबाट भाषा परीक्षामा सामेल हुनुपर्ने नियम छ। त्यसैले, युवाहरूले म्याद सकिन लागेकाको समयावधि तत्काल थप गर्नुपर्ने अडान लिएका छन्।



लालीगुराँस पदमार्गको शिलान्यास
साढे ११ किमि 'फुट ट्रेल' बन्दै

स्विस सरकारको ५१ प्रतिशत तथा स्थानीय, प्रदेश र संघ सरकारको ४९ प्रतिशत लगानीमा बन्न लागेको 'फुट ट्रेल' ८३ असारभित्र सक्ने गरी सम्झौता

संखुवासभामा **नवीन गुरुङ**

खाँदबारी नगरपालिकाभित्र साढे ११ किलोमिटर 'फुट ट्रेल' बन्ने भएको छ। खाँदबारी नगरपालिका- ४ को छ्याङ्कुटीदेखि खाँदबारी- १० र ११ को सिमाना बतासेडाँडासम्म साढे ११ किमि पदमार्गको बुधबार शिलान्यास गरिएको छ।

पदमार्गको शिलान्यास नगरपालिकाका मेयर महेश थपलियाले गरेका हुन्। कार्यक्रमका चिचिला गाउँपालिकाका अध्यक्ष पासाङ नुर्बु शेर्पा, खाँदबारी- ४ का कार्यवाहक वडाध्यक्ष पवित्रा गुरुङ, खाँदबारी- १ का वडाध्यक्ष निरञ्जन श्रेष्ठ, दातृसंस्था परियोजनाका प्रतिनिधिहरू, जनप्रतिनिधिहरू, उपभोक्ता समितिका पदाधिकारी र स्थानीयको उपस्थिति थियो।

मेयर थपलियाले खाँदबारीवरिपरि 'फुट ट्रेल' बनाउन सके आन्तरिक तथा बाह्य पर्यटक भित्रिने र नगरको सौन्दर्य बढ्ने बताए। 'फुट ट्रेल' खाँदबारी नगरपालिकाको वरिपरिका साथै चिचिला गाउँपालिका र सभापोखरी गाउँपालिकाको बाह्रबिसे बजार जोड्ने लक्ष्य रहेको उनले बताए। 'हामी आमनगरवासीको भावनालाई कदर गर्दै समृद्धि र विकासप्रति समर्पित भएर लागेका छौं। जतिसक्दो चाँडो काम सम्पन्न गर्नुपर्छ, यसका लागि नगरले बजेट विनियोजन गर्नेछ,' मेयर थपलियाले भने।



खाँदबारी नगरपालिका, कोशी प्रदेश सरकार, संघीय सरकार र स्विस सरकारको संयुक्त साझेदारी कार्यक्रमअन्तर्गत 'फुट ट्रेल'को निर्माण अघि बढेको हो। स्विस सरकारको ५१ प्रतिशत र स्थानीय, प्रदेश र संघ सरकारको ४९ प्रतिशत लगानीमा 'फुट ट्रेल'को योजना अगाडि बढेको हो। उक्त लालीगुराँस पदमार्ग निर्माण गर्न कमलमणि कटुवाल अध्यक्ष रहेको उपभोक्ता समितिलाई जिम्मेवारी दिइएको छ। १५ असार ०८३ भित्र काम सक्ने गरी सम्झौता भएको छ। पदमार्ग निर्माणको कुल बजेट ९३ लाख ९३ हजार ३४७ रुपैयाँ रहेको खाँदबारी नगरपालिकाका सबइन्जिजियर रुद्र घिमिरेले बताए।

स्विस सरकारको पदमार्गमा आधारित पर्यटन विकास परियोजना (टिटिडिपी) कार्यक्रमअन्तर्गत काम भएको छ। पदमार्ग निर्माणमा खाँदबारी नगरपालिकाका प्राविधिक र परियोजना (टिटिडिपी)का प्राविधिकले अनुगमन र नापजाँचलगायत हेर्नेछन्।

■ जोडिनेछन् पाँच वडा

पदमार्गले खाँदबारी नगरपालिकाको वडा नम्बर ९ को तुम्लिङटार, वडा नम्बर ६ को पाँठा–थालडाँडा, वडा नम्बर ४ को छ्याङ्कुटी डाँडा–हरेलोडाँडा, वडा नम्बर १० र ११ को सिमाना बतासेडाँडा हुँदै वडा नम्बर- २ को चेवाबेंसी–रोय जोड्नेछ। 'नगरपालिकाभित्रका सबै वडालाई जोड्ने गरी 'फुट ट्रेल'को विकास गर्न अघि बढेको हो। नगरभित्रको सबै गाउँठाउँको वस्तुस्थिति अवलोकन, अध्ययन भ्रमण र आन्तरिक तथा बाह्य पर्यटनमा 'फुट ट्रेल'ले सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ,' मेयर थपलियाले भने।

देवघाटमा कामना सेवा विकासको स्वास्थ्य शिविर



काठमाडौं/ कामना सेवा विकास बैंक लिमिटेडले धार्मिक तीर्थस्थल देवघाट क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ। शिविरमा स्तन क्यान्सरको सचेतना, रक्तचाप जाँच र मधुमेह परीक्षण गरिएको थियो। भरतपुर अस्पताल र बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको प्राविधिक सहयोगमा शिविर सञ्चालन गरिएको थियो। शिविरमा कुल ३०० भन्दा बढीले स्वास्थ्य परीक्षण गरेका थिए।

कार्यक्रमको मुख्य उद्देश्य समुदायमा रहेका व्यक्तिलाई प्रारम्भिक चरणमै स्वास्थ्य समस्या पहिचान गर्न सहयोग पुऱ्याउन, स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि गर्नु तथा रोकथाम गर्न रहेको बताइएको छ। सहभागीलाई स्वास्थ्य परीक्षण, परामर्श तथा आवश्यक सुझाव दिइएको थियो। नारायणगढ क्षेत्रका प्रमुख सुरेन्द्र भण्डारीले स्वास्थ्य शिविरले समुदायको स्वास्थ्यस्तर सुधार गर्न र स्वास्थ्य सचेतना फैलाउन महत्त्वपूर्ण योगदान पुऱ्याउने बताए।

सिबिफिनको अध्यक्षमा श्रेष्ठ



काठमाडौं/ बैंक तथा वित्तीय संस्था परिसंघ, नेपाल (सिबिफिन)को अध्यक्षमा हिमालयन बैंकका अध्यक्ष प्रचण्डबहादुर श्रेष्ठ सर्वसम्मत चयन भएका छन्। निवर्तमान अध्यक्ष उपेन्द्र पौडेल नबिल बैंकको गत पुस अन्तिम साता सम्पन्न साधारणसभादेखि सञ्चालक समितिबाट अलग भइसकेपछि अध्यक्ष पद रिक्त थियो। सोही पदमा श्रेष्ठ चयन भएका हुन्। परिसंघका कार्यवाहक अध्यक्ष राजेश उपाध्यायको अध्यक्षतामा बुधबार बसेको बैठकले बाँकी कार्यकालका लागि श्रेष्ठ चयन भएका हुन्।

नवनियुक्त अध्यक्ष श्रेष्ठले अध्यक्षको पदभार ग्रहण गर्दै आफूमाथि विश्वास गरी सिबिफिनजस्तो नेपालको बैंकिङ क्षेत्रको अग्रणी संस्थाको नेतृत्वदायी जिम्मेवारी बहन गर्ने अवसर प्रदान गरेकोमा कार्यसमितिप्रति आभार व्यक्त गरे। त्यसैगरी, नवनियुक्त अध्यक्ष प्रचण्डबहादुर श्रेष्ठको अध्यक्षतामा सोही दिन बसेको कार्यसमिति बैठकले सिबिफिनको महासचिवमा एनएमबि बैंकका अध्यक्ष मनोजकुमार गोयल तथा कोषाध्यक्षमा लक्ष्मी सनराइज बैंकका अध्यक्ष रमण नेपाललाई मनोनीत गरेको छ।

सिबिफिनको विधानअनुसार कार्यसमितिको पदाधिकारी पद रिक्त हुन आएमा कार्यसमितिमै बहाल रहेका सम्बन्धित समूहका सदस्यहरूमध्येबाट मनोनीत गर्ने र सो सम्भव नभएमा सदस्य बैंक तथा वित्तीय संस्थाका अध्यक्षहरूमध्येबाट मनोनीत गर्ने व्यवस्थाबमोजिम अध्यक्ष, महासचिव र कोषाध्यक्ष पदमा मनोनीत गरिएको हो।

सेन्सेईको विश्वकपलक्षित योजनाको विजेता घोषणा

काठमाडौं/ घरेलु उपकरण ब्रान्ड सेन्सेईले विश्वकपलक्षित उपहार योजनाको विजेता घोषणा गरेको छ। मुम्बई, वानखेडे स्टेडियममा हुने आइसिसी टी-२० क्रिकेटअन्तर्गत नेपाली टोलीको खेल प्रत्यक्ष हेर्न पाउने उपभोक्ता योजनाको विजेता घोषणा गरिएको हो।

जसमा सुर्खेतका दिवस खत्री छनोट भएका छन्। उनले कौशल इन्टरप्राइजेज सुर्खेतबाट



सेन्सेईको वासिङ मेसिन खरिद गरी योजनामा सहभागी भएका थिए। कम्पनीका अनुसार विजेता खत्रीले पाँचदिने मुम्बई भ्रमणको पूर्ण प्याकेज प्राप्त गरेका छन्। उक्त प्याकेजमा काठमाडौं-मुम्बई दुईतर्फी हवाई यात्रा, तारे होटेलमा बसाइ, खानपिन तथा मुम्बई सहर अवलोकन समावेश छ।

साथै, कम्पनीले आकर्षक अफर पनि ल्याएको जनाएको छ। सेन्सेईले फ्रन्ट लोड वासिङ मेसिनको खरिदमा तीन केजी एरियल डिटर्जेन्ट पाउडर र सेमी अटोमेटिक वासिङ मेसिनको खरिदमा इलेक्ट्रिक केटल उपहार प्राप्त गर्न सक्नेछन्। साथै, ४३ इन्च वा सोभन्दा माथिका सेन्सेई ब्रान्डका टिभी किन्दा नौ महिनाको निःशुल्क नेटटिभी सब्स्क्रिप्सन पाउनेछन्। सीमित अवधिका लागि सञ्चालित यो योजनामा अझै पनि सहभागी भई आगामी चरणको विजेता बन्ने अवसर रहेको कम्पनीको भनाइ छ।

केन्ट आरओको उपभोक्ता योजना विजेता भट्टराई



काठमाडौं/ सिजी इलेक्ट्रोनिक्सअन्तर्गतको पानी शुद्धीकरण ब्रान्ड केन्ट आरओ प्युरिफायरले सञ्चालन गरेको उपभोक्ता योजनाअन्तर्गत अत्तरियानिवासी लक्ष्मी भट्टराई विजेता घोषित भएकी छिन्। योजनाअनुसार केन्ट आरओ प्युरिफायर खरिद गर्ने उपभोक्तामध्येबाट लक्की ड्रमार्फत छनोट भएकी भट्टराई चार रात पाँच दिनको मुम्बई यात्रासहित विश्वकप क्रिकेटमा नेपालको खेल प्रत्यक्ष हेर्ने अवसर प्राप्त गरेकी छिन्। केन्ट आरओ प्युरिफायर अत्याधुनिक प्रविधि, उच्च गुणस्तर र शुद्धताको लागि परिचित ब्रान्ड हो।

मञ्जुश्री फाइनान्सको २८औँ शाखा थापाथलीमा



काठमाडौं/ मञ्जुश्री फाइनान्स लिमिटेडले आफ्नो २८औँ शाखा थापाथलीस्थित आफ्नै भवनमा सञ्चालनमा ल्याएको छ। केन्द्रीय कार्यालय सञ्चालनमा ल्याएपछि फाइनान्सले बिहीबारबाट शाखा पनि सञ्चालन गरेको हो। हालसम्म २७ वटा शाखा तथा एक एक्सटेन्सन काउन्टर फाइनान्सले सेवा प्रदान गर्दै आएको छ। पुस मसान्तसम्ममा फाइनान्सले २४ अर्ब तीन करोड रुपैयाँ निक्षेप संकलन गरी २० अर्ब ६१ करोड रुपैयाँ कर्जा लगानी गरेको छ।

पुस मसान्तसम्ममा फाइनान्सको वितरणयोग्य मुनाफा २३ करोड ५६ लाख रुपैयाँ रहेको छ भने प्रतिसेयर आम्दानी २०.३ रुपैयाँ रहेको छ। पुस मसान्तको कुल नाफा १३ करोड ५४ लाख रहेको फाइनान्सले जनाएको छ।

सानिमाका ग्राहकलाई बिगमार्टमा क्यासब्याक

काठमाडौं/ सानिमा बैंकले बिगमार्टमा क्यासब्याक योजनाको पहिलो चरणको सफलतापश्चात् समय थप गरी योजना पुनः सञ्चालन गरेको छ।

योजनाअन्तर्गत, बैंकका ग्राहकले हरेक शुक्रबार सानिमा डेबिट तथा क्रेडिट कार्डमार्फत बिगमार्टमा सामान खरिद गर्दा १० प्रतिशत वा अधिकतम दुई सय रुपैयाँसम्म क्यासब्याक पाउने व्यवस्था गरेको छ। यो योजना ०८३ असारसम्मका लागि लागू हुने बैंकले जनाएको छ।

मोटरसाइकल हरायो

मिति २०८२/१०/०५ गते दिउँसो १३:४५ बजेको समयमा भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका-९, स्थित घरअगाडी पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको Dark St Black रंगको 350 CC Royal Enfield मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम: युकेश राई
मो.सा.नं.: बा.प्र.०२-०५५ प ७६७७
चेसिस नं.: ME3J3C5FASN000086
इन्जिन नं.: J3A5FAS2008814
सम्पर्क नं.: 9749230506

भुलसुधार

मिति २०८२/१०/०८ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित **एमएसआर बहुउद्देश्यीय सहकारी संस्था लि.**को अपचलन गरेको रकम तिर्न बुझाउन आउने वारेको ३५ दिने सार्वजनिक सूचना शिर्षकको सूचनामा गरिबी निवारण तथा सहकारी मन्त्रालय सहकारी महाशाखा हेटौडा (नियामक निकाय) मा भएको छलफल र निर्णय मिति २०८२/०२/१४ हुनुपर्नेमा अन्यथा भएकोले भुलसूधार गरीएको छ।

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/१०/०९ गते

यस माछापुच्छ्रे बैंक लि. बर्दघाट शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८१/०९/०२ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु ०८ (आठौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ।

तपसिल

ऋणीको नाम, ठेगाना

प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तया उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (ब.सु.प.) नेपालमा प्राईभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम दर्ता कायम रहेको **श्री मोबाईल सेन्टर।**

दर्ता नं. ९६२/०७७/०७८, दर्ता मिति : २०७७/१०/१९, पान नं. ६१५०३०७३५, दर्ता मिति : २०७७/१०/२०

ठेगाना : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. १२, **प्रोप्राइटर : श्री कृष्ण चौधरी**

व्यक्तिगत जमानतकर्ताहरू

१. श्री कृष्ण चौधरी ना.प्र.नं. ३६-०६-७५-००३५८, जि.प्र.का. नवलपरासी (ब.सु.प.) जारी मिति : २०७५/०२/१८ बाबु : राजु थारु बाजे : भुसाही थारु ठेगाना : नवलपरासी (ब.सु.प.) जिल्ला, बर्दघाट न.पा. वडा नं. १२	**२. राजु थारु** ना.प्र.नं. १९९२९, जि.प्र.का. नवलपरासी जारी मिति : २०५१/११/१७ बाबु : भुसाही थारु, बाजे : जेगी थारु ठेगाना : नवलपरासी जिल्ला, जमुनिया गा.वि.स. वडा नं. ८ हाल : नवलपरासी (ब.सु.प.) जिल्ला, बर्दघाट न.पा. वडा नं. १२
३. मिना चौधरी ना.प्र.नं. ३६३०५७७८१, जि.प्र.का. नवलपरासी जारी मिति : २०६३/११/०९ पति : राजु थारु, ससुरा : भुसाही थारु ठेगाना : नवलपरासी जिल्ला, जमुनिया गा.वि.स. वडा नं. ८ हाल : नवलपरासी (ब.सु.प.) जिल्ला, बर्दघाट न.पा. वडा नं. १२	**४. दिपेन्द्र चौधरी** ना.प्र.नं. ३६-०२-५७/९५, जि.प्र.का. नवलपरासी जारी मिति : २०७३/०८/०९ बाबु : राजु थारु, बाजे : भुसाही थारु ठेगाना : नवलपरासी जिल्ला, जमुनिया गा.वि.स. वडा नं. ८ हाल : नवलपरासी (ब.सु.प.) जिल्ला, बर्दघाट न.पा. वडा नं. १२

धितोमा रहेको सम्पत्तिको विवरण

१. जेगी थारुको नाति, भुसाही थारुको छोरा, नवलपरासी जिल्ला, जमुनिया गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल नवलपरासी (ब.सु.प.) जिल्ला, बर्दघाट न.पा. वडा नं. १२ बस्ने राजु थारुको नाममा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.) मा दर्ता कायम भएको नवलपरासी जिल्ला, जमुनिया गा.वि.स. वडा नं. ८ स्थित कि.नं. ३८८ को क्षेत्रफल ०-६-११/२ (बिघा) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।

२. ऋणी श्री मोबाईल सेन्टरले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।

लिलाम बिक्रीको शर्त तथा बन्देजहरू

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

पुनश्च : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :	बोलपत्र खोलिने मिति, समय र स्थान :
२०८२/१०/१५ बिहीबार कार्यालय समय सम्म शाखा कार्यालय, बर्दघाट	२०८२/१०/१८ आइतबार दिनको ३:३० बजे शाखा कार्यालय, बर्दघाट

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, बर्दघाट

नबिल बैंक लिमिटेड, सिमरा शाखा, बारा जिल्लाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति: २०८२/१०/०९)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०२/२४ को आर्थिक दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको **सात (७) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकका **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा सिमरा शाखा, बारा जिल्ला** आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

तपसिल

१

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग कलैया, बारामा मितिः २०७९/०४/१९ मा प्रा.फ.र.न. १२६४१/०७९/८० (स्थानीय व्यापार) अन्तर्गत दर्ता भएको **माँ बैष्णो सप्लायर्स।**
ठेगानाः बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. ०७।

ऋणी फर्मको प्रोपाइटरः
सोनालाल साहकी छोरी, मदन प्रसाद कलवारकी बुहारी, दिपक कुमार गुप्ताकी श्रीमती बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०७ बस्ने ना.प्र.नं. ३३-०२-७७-०३२३४ (जारी मितिः २०७७/१२/०३, स्थानः बारा) भएकी **प्रिया देवी गुप्ता।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

१. शिवजी प्रसाद कलवारको नाती, वृज किशोर प्रसाद कलवारको छोरा बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०७ बस्ने ना.प्र.नं. ३३२०७९/३८२४० (जारी मितिः २०७०/०३/१९, स्थानः बारा) भएको **रुपेश प्रसाद कलवार।**
२. शिवजी प्रसाद कलवारको नाती, वृज किशोर प्रसाद कलवारको छोरा बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०७ बस्ने ना.प्र.नं. ३३२०७९/३८२३३ (जारी मितिः २०७०/०३/१९, स्थानः बारा) भएको **अमित कुमार गुप्ता।**
३. मखन प्रसाद कलवारको नाती, शिवजी प्रसाद कलवारको छोरा बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०७ बस्ने ना.प्र.नं. ३३३०७९/२६६ (जारी मितिः २०६३/११/२६, स्थानः बारा) भएको **वृजकिशोर प्रसाद कलवार।**
४. शिवजी प्रसाद कलवारको नाती, मदन प्रसाद कलवारको छोरा बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०७ बस्ने ना.प्र.नं. ३३२०७९/३८२४९ (जारी मितिः २०७०/०३/१९, स्थानः बारा) भएको **महावीर प्रसाद कलवार।**
५. शिवजी प्रसाद कलवारको नाती, मदन प्रसाद कलवारको छोरा बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०७ बस्ने ना.प्र.नं. ३३२०७९/३८२४८ (जारी मितिः २०७०/०३/१९, स्थानः बारा) भएको **सन्जीव कुमार गुप्ता।**
६. मखन प्रसाद कलवारको नाती, शिवजी प्रसाद कलवारको छोरा बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा.वडा नं.०७ बस्ने ना.प्र.नं. ३३३०७९/२६७ (जारी मितिः २०६३/११/२६, स्थानः बारा) भएको **मदन प्रसाद कलवार।**
७. शिवजी प्रसाद कलवारको नाती, मदन प्रसाद कलवारको छोरा बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०७ बस्ने ना.प्र.नं. ३३२०७९/३८२५० (जारी मितिः २०७०/०३/१९, स्थानः बारा) भएको **दिपक कुमार गुप्ता।**

२

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग कलैया, बारामा मितिः २०७०/०६/०६ मा प्र.फ.नं. २८३०/०७०/७१ (स्थानीय व्यापार) अन्तर्गत दर्ता भएको **न्यू आयुष किराना पसल।**
ठेगानाः बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ०३।

ऋणी फर्मको प्रोपाइटरः
शिवजी प्रसाद कलवारको नाती, मदन प्रसाद कलवारको छोरा बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०७ बस्ने ना.प्र.नं. ३३२०७९/३८२४९ (जारी मितिः २०७०/०३/१९, स्थानः बारा) भएको **महावीर प्रसाद कलवार।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

१.शिवजी प्रसाद कलवारको नाती, वृज किशोर प्रसाद कलवारको छोरा बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०७ बस्ने ना.प्र.नं. ३३२०७९/३८२४० (जारी मितिः २०७०/०३/१९, स्थानः बारा) भएको **रुपेश प्रसाद कलवार।**
२. शिवजी प्रसाद कलवारको नाती, वृज किशोर प्रसाद कलवारको छोरा बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०७ बस्ने ना.प्र.नं. ३३२०७९/३८२३३ (जारी मितिः २०७०/०३/१९, स्थानः बारा) भएको **अमित कुमार गुप्ता।**
३. मखन प्रसाद कलवारको नाती, शिवजी प्रसाद कलवारको छोरा बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०७ बस्ने ना.प्र.नं. ३३३०७९/२६६ (जारी मितिः २०६३/११/२६, स्थानः बारा) भएको **वृजकिशोर प्रसाद कलवार।**
४. शिवजी प्रसाद कलवारको नाती, मदन प्रसाद कलवारको छोरा बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०७ बस्ने ना.प्र.नं. ३३२०७९/३८२४८ (जारी मितिः २०७०/०३/१९, स्थानः बारा) भएको **सन्जीव कुमार गुप्ता।**
५.मखन प्रसाद कलवारको नाती, शिवजी प्रसाद कलवारको छोरा बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं.०७ बस्ने ना.प्र.नं. ३३३०७९/२६७ (जारी मितिः २०६३/११/२६, स्थानः बारा) भएको **मदन प्रसाद कलवार।**
६. शिवजी प्रसाद कलवारको नाती, मदन प्रसाद कलवारको छोरा बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०७ बस्ने ना.प्र.नं. ३३२०७९/३८२५० (जारी मितिः २०७०/०३/१९, स्थानः बारा) भएको **दिपक कुमार गुप्ता।**

धितोको विवरण

(माँ बैष्णो सप्लायर्स र न्यू आयुष किराना पसल)संयुक्त धितोमा रहेको घर/जग्गाको विवरणः
बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा.वडा नं.०७ बस्ने **मदन प्रसाद कलवार र वृजकिशोर प्रसाद कलवार**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ०३ मा अवस्थित कि.न. १५६२ क्षेत्रफल ०-०-१० विघा घर जग्गा एवं सोमा जडित सम्पुर्ण लिगलगापात समेत।

सवारी साधनको विवरणः
ऋणी **न्यू आयुष किराना पसल** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. प्रदेश २-०३-००१च ७४२ भएको MAHINDRA BOLERO PICKUP PS 1.5T BSIV.

३

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग कलैया, बारामा मितिः २०७८/०४/२८ मा प्रा.फ.नं. ११२९४/०७८/७९ (स्थानीय व्यापार) अन्तर्गत दर्ता भएको **आर.डि.हब।**
ठेगानाः बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा.वडा नं. ०७।

ऋणी फर्मको प्रोपाइटरः
शिवजी प्रसाद कलवारको नाती, मदन प्रसाद कलवारको छोरा बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०७ बस्ने ना.प्र.नं. ३३२०७९/३८२४८ (जारी मितिः २०७०/०३/१९, स्थानः बारा) भएको **सन्जीव कुमार गुप्ता।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

शिवजी प्रसाद कलवारको नाती, मदन प्रसाद कलवारको छोरा बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०७ बस्ने ना.प्र.नं. ३३२०७९/३८२४९ (जारी मितिः २०७०/०३/१९, स्थानः बारा) भएको **महावीर प्रसाद कलवार।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः
बारा जिल्ला, भ.जीतपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०७ बस्ने **सन्जीव कुमार गुप्ता**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको पर्सा जिल्ला, चोर्नी गा.वि.स. वडा नं. ०८ नक्सा सिट नं. १०७१५५६ मा अवस्थित कि.न. १११७ क्षेत्रफल १०१.५८ वर्ग मिटर घर जग्गा एवं सोमा जडित सम्पुर्ण लिगलगापात समेत।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा सिमरा शाखा, बारा** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८२/१०/१५ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा सिमरा शाखा, बारा**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/१०/१८ गते ३:०० बजे बैंकको **सिमरा शाखा, बारा**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा सिमरा शाखा, बारा**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
शुक्रबार ९ माघ ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

टी–२० आईमा रुविनाको हजार रन

नेपाली महिला क्रिकेटकै पहिलो पुस्ताकी रुविना क्षेत्री टी-२० आईमा हजार रन पूरा गर्ने दोस्रो खेलाडी बनिन्

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

पूर्वकप्तान रुविना क्षेत्रीले आइसिसी महिला टी-२० आईमा हजार रन पुरा गरेकी छिन्। रुविनाले त्रिवि क्रिकेट मैदानमा बिहीबार आइसिसी टी-२० विश्वकप ग्लोबल छनोटमा नेदरल्यान्ड्सविरुद्ध ३७ रन बनाएपछि हजार अन्तर्राष्ट्रिय रन पूरा गरेकी हुन्। नेपाली राष्ट्रिय महिला क्रिकेटमा हजार रन पार गर्ने उनी दोस्रो खेलाडी हुन्। यसअघि कप्तान इन्दु बर्माले अन्तर्राष्ट्रिय टी-२० आईमा यो सफलता प्राप्त गरेकी थिइन्। इन्दुले गत वर्ष अक्टोबरमा मलेसियासँगको सिरिजमा हजार रन पूरा गर्ने रेकर्ड बनाएकी थिइन्।

नेदरल्यान्ड्ससँगको महत्त्वपूर्ण खेलमा नेपाल २ रनले पराजित हुँदा रुविनाले ३७ रन बनाएकी थिइन्। लक्ष्य पछ्याएको इनिङ्समा रुविनाले १९.५ ओभरमा २ रन लिँदै हजार रनको कोसेढुंगा पूरा गरिन्। समग्रमा उनले ८१ टी-२० आईमा ७१ इनिङ्स ब्याटिङ गरी एक हजार पाँच रन बटुलेकी छिन्। उनले टी-२० आईमा समान एक शतक तथा अर्धशतकीय इनिङ्स खेलेकी छिन्। रुविनाले आफ्नो अन्तर्राष्ट्रिय करिअरमा तटस्थ भूमिमा धेरै रन बटुलेकी छिन्। उनले सन् २०१९ देखि ०२६ सम्म तटस्थ भूमिमा ४२ टी-२० आईमा ३५ इनिङ्स ब्याटिङ गरी ५३३ रन बनाएकी छिन्।

नेपाली क्रिकेट इतिहासमा पहिलो अन्तर्राष्ट्रिय शतकीय इनिङ्स उनकै नाममा छ। १३ फेब्रुअरी २०२४ मा उनले मलेसियामा माल्दिभ्सविरुद्ध ११८ रन बनाएकी थिइन्। यसक्रममा उनले ५९ बलमा १० चौका र पाँच छक्का प्रहार गरेकी थिइन्। रुविनाले सबैभन्दा कम रन घरेलु मैदानमा बनाएको देखिन्छ। त्रिवि मैदानमा सन् २०१९ देखि ०२६ सम्म १६ टी-२० आई खेलमा उनले १४ इनिङ्स ब्याटिङ गरी १७४ रन बटुलेकी थिइन्। यसैगरी, अवे मैदानमा उनले २३ टी-२० आईमध्ये २२ इनिङ्समा २९८ रन जोडेकी छिन्। सन् २०२३ को सिजनमा उनी उत्कृष्ट फर्ममा थिइन्। यसवेला उनले १८ टी-२० आईमा २२२ रन जोडेकी थिइन्। सन् २०१९ देखि ०२३ सम्म महिला टोलीको कप्तानी गर्दै ४६ टी-२० खेलमा उनले ५०२ रन बनाइन्। वर्तमान कप्तान इन्दु बर्माले तीन वर्षभित्र ३५ टी-२० आईमा ५०३ रन बनाएकी छिन्। रुविनाले टोलीको नेतृत्व नगरेको अवस्थामा ३५ टी-२० आईमा ५०३ रन जोडेकी थिइन्।

रानामगरलाई ८ रन आवश्यक

पहिलो पुस्ताकी खेलाडी सीता रानामगरलाई टी-२० आईमा हजार रन पूरा गर्न ८ रनको खाँचो छ। डेढ वर्षपछि नेपाली टोलीमा फर्किएकी सीताले ६५ टी-२० आईमा ६१ इनिङ्स ब्याटिङ गरी ९९२ रन बनाएकी छिन्। अन्तर्राष्ट्रिय करिअरमा उनले एक अर्धशतक बनाएकी छिन्। ग्लोबल टी-२० छनोटमा उनले नेदरल्यान्ड्सविरुद्ध २७ रन बनाएकी थिइन्। सीताले तटस्थ भूमिमा ३५ अन्तर्राष्ट्रिय खेलमा ५५५ रन र घरेलु मैदानमा १४ टी-२० आईमा १२३ रन जोडेकी छिन्। अवे भूमिमा उनले १६ खेलमा ३२४ रन बटुलेकी छिन्। सन् २०२३ को सिजनमा उनले करिअरकै उत्कृष्ट ब्याटिङ प्रदर्शन गरी १८ टी-२० आई खेलमा २५० रन बनाइन्। सन् २०२५ को सिजनमा उनले सात खेलमा ५१ रन मात्र जोडिन्। सीतालाई मलेसियाको भूमि निकै फापेको देखिन्छ। उनले मलेसियामा २६ टी-२० आई खेलमा ३१६ रन बनाएकी छिन्। त्यसपछि उनले थाइल्यान्डमा ११ टी-२० आईमा २१५ रन बनाएको रेकर्ड छ।

सुपर सिक्समा पुग्ने नेपालको सम्भावना कमजोर

आइसिसी ग्लोबल टी-२० विश्वकप छनोटको सुपर सिक्समा पुग्ने नेपालको सम्भावना कमजोर बनेको छ। छनोटअन्तर्गत समूह 'बी'मा नेपालले लगातार दुई खेल गुमाएको छ। त्रिवि मैदानमा नेपाल नेदरल्यान्ड्ससँग २ रनले चुकेको थियो। पहिलो ब्याटिङ गरेको नेदरल्यान्ड्सले २० ओभरमा पाँच विकेट गुमाएर १४० रन बनायो। प्रत्युत्तरमा नेपालले २० ओभरमा सात विकेटको क्षतिमा १३८ रन जोड्दा नेदरल्यान्ड्सले २ रनले बाजी मार्‍यो। नेपाल पहिलो खेलमा थाइल्यान्डबाट आठ विकेटले पराजित भएको थियो। लगातार तीन जितका साथ नेदरल्यान्ड्स सुपर सिक्समा पुगेको छ।



नेदरल्यान्ड्ससँग २ रनले पराजित भएपछि नेपालकी रुविना क्षेत्री (दायाँ)

तस्बिर : **अमूल थापा**/नयाँ पत्रिका

प्रत्येक समूहबाट समान तीन शीर्ष टोली सुपर सिक्समा पुग्नेछन्। सुपर सिक्सबाट चार टोलीले आगामी जुनमा इंग्ल्यान्डले आयोजना गर्ने महिला टी-२० विश्वकपमा स्थान बनाउनेछन्। नेपाल अंकविहीन छ। थाइल्यान्डले दुई खेलबाट ४ तथा स्कटल्यान्डले पनि दुई खेलबाट २ अंक बटुलेका छन्। नेपालले आगामी खेलमा स्कटल्यान्ड र जिम्बावेको सामना गर्नेछ। यी दुवै खेलमा जित निकाल्दा नेपालको ४ अंक हुनेछ। तर, स्कटल्यान्डले एक खेल मात्र जित्दा सुपर सिक्समा पुग्नेछ। गणितीय रूपमा सुपर सिक्समा पुग्ने आशा जीवित रहे पनि नेपालको भविष्य स्कटल्यान्डमाथि नै निर्भर छ।

नेदरल्यान्डसँगको खेलमा नेपाललाई अन्तिम ओभरमा १३ रन आवश्यक थियो। अन्तिम ओभरमा नेपालले १० रन मात्र जोड्दा २ रनको नमिठो हार सामना गर्‍यो। नेपालको ब्याटिङमा रुविनाले ३२ बलमा ३७ रन बनाइन्। सीताले १२ बलमा २७ रन जोडे पनि जितका लागि काफी भएन। उनले १२ बलमा चार चौका र एक छक्का प्रहार गरेकी थिइन्। रुविनाले पाँच चौका प्रहार गरिन्। ओपनर विन्दु रावलले १५ बलमा १८ तथा सम्झना खड्काले आठ बलमा १४ बनाए। नेपालको ब्याटिङमा रुविना र सीताले आठौं विकेटका लागि २३ बलमा ४५ रनको साझेदारी गरेका थिए।

ब्याटिङमा साझेदारी भएन

● **रुविना क्षेत्री**, पूर्वकप्तान, नेपाल

खेलको मुख्य टर्निङ प्वाइन्ट नै राम्रोसँग साझेदारी गर्न नसक्नु हो। खेलमा नियमितजसो विकेट झरिरहेको थियो। ब्याटिङ विकेटमा अनावश्यक सट रोज्दा विकेट गएको हो। अहिले महिला टोली संक्रमणकालीन अवस्थामा छ। यस्तोमा नयाँ खेलाडीलाई मोमेन्टम प्राप्त गर्ने अवसर छ। खेलाडीलाई पनि धैर्यसाथ समय दिन र बाहिरबाट धेरै दबाब दिनुहुँदैन। यद्यपि, टोलीमा ब्याटिङ, फिटनेस र फिल्डिङमा सुधार आइरहेको छ।

नेपाली महिला खेलाडीका अन्तर्राष्ट्रिय रन



इन्दु बर्मा
८० खेल टी-२० आई, १०५३ रन



रुविना क्षेत्री
८१ खेल टी-२० आई, १००५ रन



सीता रानामगर
६५ खेल टी-२० आई, ९९२ रन



पूजा महतो
४४ खेल टी-२० आई, ५५९ रन



सम्झना खड्का
४३ खेल टी-२० आई, ४४० रन

अंकतालिका

समूह 'ए'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
बंगलादेश	३	३	०	६	२.१८
आयरल्यान्ड	२	२	०	४	१.४२
अमेरिका	३	१	२	२	-०.५२
पिएनजी	२	०	२	०	-१.७७
नामिबिया	२	०	२	०	-२.१४

समूह 'बी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
नेदरल्यान्ड्स	३	३	०	६	०.५१
थाइल्यान्ड	२	२	०	४	०.६१
स्कटल्यान्ड	२	१	१	२	१.१२
नेपाल	२	०	२	०	-०.६९
जिम्बावे	३	०	३	०	-१.१२

■ राष्ट्रिय लिग २०८२

चर्च ब्वाइजविरुद्ध एपिएफ हाबी



०७९ को सहिद स्मारक 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेड राष्ट्रिय लिगको दोस्रो खेलमा एपिएफसँग ४-१ ले पराजित

नयाँ पत्रिका

उपाधि दाबेदार चर्च ब्वाइज युनाइटेडले राष्ट्रिय लिग फुटबल प्रतियोगितामा प्रभावशाली प्रदर्शन गर्न सकेको छैन। लिगअन्तर्गत बिहीबार चर्च ब्वाइज नेपाल एपिएफ क्लबसँग ४-१ ले पराजित भयो। च्यासल मैदानमा एपिएफले चर्च ब्वाइजविरुद्ध उत्कृष्ट खेल प्रदर्शन गर्न सफल भयो। एपिएफको जितमा युवराज खड्काले दुई गोल गरेका थिए। समीराज थोकर र प्रदीप खड्काले समान एक गोल गरे। चर्च ब्वाइजका मिलन राईले एक गोल फर्काएका थिए।

जितसँगै एपिएफ ६ अंकसहित शीर्ष स्थानमा फर्किएको छ। लिगमा एपिएफ, लालीगुराँस र मच्छिन्द्र एफसीले मात्र लगातार दुई खेलमा जित निकालेका छन्। लालीगुराँस र एपिएफले समान दुई खेल जित्दा पाँच गोल विपक्षी पोस्टमा गरेका छन्। ०७९ को सहिद स्मारक 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज भने दोस्रो खेलमा पनि ३ अंक जोड्न असफल भयो।

तीनजना राष्ट्रिय खेलाडी समावेश एपिएफले लगातार दोस्रो खेलमा जित निकालेको हो। उसले पहिलो खेलमा ललितपुरको फ्रेन्ड्स क्लबलाई १-० ले हराएको थियो।

एरिक विष्टको कप्तानीमा रहेको चर्च ब्वाइज आफ्नो पहिलो खेलमा श्री भगवतीसँग १-१ को बराबरीमा रोकिएको थियो। एपिएफविरुद्धको खेलमा चर्च ब्वाइजका लागि दीपक कार्कीले कप्तानी गरेका थिए। प्रशिक्षक राजेन्द्र तामाङले एपिएफलाई राष्ट्रिय लिगमा शीर्ष चारमा पुऱ्याउने बताएका छन्।

एपिएफले पहिलो र दोस्रो हाफमै समान दुई गोल गरेको थियो। समीरले खेलको २२औं मिनेटमा एपिएफलाई १-० को अग्रता दिलाएका थिए। प्रदीपले ३८औं मिनेटमा एपिएफलाई २-० को स्थितिमा राखे। पहिलो हाफमा चर्च ब्वाइजले राम्रो मुभ बनाउन सकेन। खेलको ६०औं मिनेटमा एपिएफका युवराजले ३-० का लागि गोल गरे। उनले ७७औं मिनेटमा टोलीका लागि चौथो तथा व्यक्तिगत दोस्रो गोल गरेका हुन्। खेलको ८२औं मिनेटमा मिलन राईले चर्च ब्वाइजलाई ४-१ को गोलअन्तरमा झारे।

एनआरटीले काँक्रेबिहारलाई हरायो

राष्ट्रिय लिगमा न्युरोड टिम (एनआरटी)ले काँक्रेबिहार युथ क्लबलाई २-० ले हराएको छ। एनआरटीको जितमा तिमोथी र रनदीप पौडेलले एक-एक गोल गरेका थिए। एनआरटीले तीन खेलबाट ६ अंक जोडेर तेस्रो स्थान रक्षा गरेको छ। सुर्खेतको काँक्रेबिहारले लगातार तेस्रो हार सामना गरेको छ। एन्फा कम्प्लेक्समा एनआरटीले काँक्रेबिहारलाई पहिलो हाफमै २-० ले पछि राखेको थियो। खेलको दोस्रो मिनेटमै तिमोथीले १-० का लागि गोल गरे। खेलको ३४औं मिनेटमा रनदीपले एक गोल थपे।

खेल संक्षेप

टाइगर कप भलिबलमा ११ टोली सहभागी

कास्की/ छैटौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित क्लब च्याम्पियनसिप शुक्रबारदेखि सुरु हुँदै छ। टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा पोखरा रंगशालास्थित भलिबल कोर्टमा हुने च्याम्पियनसिपको तयारी पूरा भएको छ। च्याम्पियनसिपमा पुरुषतर्फ ६ र महिलातर्फ पाँच टोलीले सहभागिता जनाउनेछन्। टाइगर ग्रुपका अध्यक्ष नारायणप्रसाद शर्माले पुरुषतर्फ माल्दिभ्सको माल्दिभ्स भलिबल एसोसिएसन र महिलातर्फ थाइल्यान्ड क्विन्स विदेशी टोलीका रूपमा सहभागी जनाएको जानकारी दिए। पुरुषतर्फ नेपाल पुलिस, नेपाल एपिएफ, त्रिभुवन आर्मी क्लब, गण्डकी प्रदेश र पर्वत जिल्ला भलिबल संघ छन्।



महिलातर्फ तीन विभागीयसहित न्यु डायमन्ड युथ स्पोर्टसले सहभागिता जनाएको आयोजकले जनाएको छ। पहिलो खेलमा महिलातर्फ न्यु डायमन्डले त्रिभुवन आर्मीको सामना गर्नेछ। पुरुषतर्फ आर्मी र माल्दिभ्स भलिबलबिच हुनेछ। च्याम्पियनसिपमा पुरुष र महिला विजेताले ६ लाख ६६ हजार रुपैयाँ पाउनेछन्। उपविजेता हुने टोलीले तीन लाख ६६ हजार र तेस्रो हुनेलाई एक लाख ६६ हजार रुपैयाँ प्रदान गरिनेछ। सर्वोत्कृष्ट हुने खेलाडीले २६ हजार ६६६ र विधागततर्फ उत्कृष्ट हुने खेलाडीले ११ हजार ६६६ रुपैयाँ पाउनेछन्।

किरण र शेखु फाइनलमा

काठमाडौं/ नेपाल आर्मीका किरण पुन र एपिएफका मोहम्मद शेखु आलम राष्ट्रिय काष्ठमण्डप करौंते प्रतियोगिताको पुरुष ८४ केजीमुनि तौल समूहमा बिहीबार फाइनलमा प्रवेश गरेका छन्। राखेपको कभर्डहलमा भएको सेमिफाइलनमा किरणले सुदूरपश्चिम प्रदेशका कमल ओलीलाई हराए। शेखुले बागमती प्रदेशका पासाङ ग्याल्जेन ठोकरलाई पराजित गरे। पुरुष ५५ केजीमुनि सुदूरपश्चिमका सुरेन्द्र लुहार र प्रहरीका एलोन श्रेष्ठ र ५० केजीमुनि एपिएफका राकेश मानन्धर अन्तिम दुईमा पुगेका छन्। बागमतीका सुजन खड्गी तथा ६७ केजीमुनि प्रहरीका सन्तोष श्रेष्ठ र एपिएफका प्रदीप बइजाली मगर उपाधिनजिक पुगे।

फेरिल्यान्ड बास्केटबल हुने

काठमाडौं/ फेरिल्यान्ड इन्टरनेसनल स्कुलको आयोजनामा दोस्रो फेरिल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिता आइतबारदेखि हुने भएको छ। प्रतियोगितामा जुनियर पुरुष र जुनियर महिलामा समान १२ टोलीले भाग लिने फेरिल्यान्डका प्रिन्सिपल विष्णुचन्द्र अधिकारीले जानकारी गराए। दुवै समूहमा सहभागी टिमलाई चार समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइनेछ। जुनियर पुरुषमा किङडम हिमालयन र जुनियर महिलामा फेरिल्यान्ड 'ए' साबिक विजेता हुन्। फेरिल्यान्डका बास्केटबल प्रशिक्षक नारायण खवासका अनुसार किङडम हिमालयन यसपटक सहभागी छैन।

श्री भगवतीलाई एक्सपर्टको साथ

काठमाडौं/ एक्सपर्ट एजुकेसन एन्ड भिसा सर्भिसेज महाराजगन्जले 'ए' डिभिजन क्लब श्री भगवतीलाई मुख्य प्रायोजन गरेको छ। एक्सपर्ट एजुकेसनका निर्देशक जयराम अर्याल र श्री भगवतीका अध्यक्ष गणेशलाल श्रेष्ठले बिहीबार सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। यो सम्झौता एक वर्षको रहनेछ। श्री भगवतीले राष्ट्रिय लिगलगायत खेल्ने सबै प्रतियोगितामा एक्सपर्टको लोगो आफ्नो जर्सीमा प्रयोग गर्नेछ। राष्ट्रिय लिगमा श्री भगवतीले दुई खेलमा १ अंक जोडेको छ। पहिलो खेलमा चर्च ब्वाइजसँग बराबरी खेलेको श्री भगवती दोस्रो खेलमा जावलाखेल युथ क्लबसँग पराजित भएको थियो।

श्रीलंका 'ए'सँग नेपाल फेरि कमजोर

नयाँ पत्रिका

नेपाली पुरुष क्रिकेट टोलीले श्रीलंकाको 'ए' टोलीसँगको दोस्रो अभ्यास टी-२० खेलमा ७३ रनको हार सामना गरेको छ। श्रीलंकाको कोलम्बोमा बिहीबार पहिलो ब्याटिङ गरेको श्रीलंकाले २० ओभरमा नौ विकेट गुमाएर २२३ रनको विशाल योगफल बनाएको थियो। प्रत्युत्तरमा २२३ रन पछ्याएको नेपालले २० ओभरमा नौ विकेटको क्षतिमा १४९ रन मात्र बनाउन सक्यो। नेपाल र श्रीलंका 'ए'बिच तेस्रो खेल शनिबार हुनेछ।

नेपालका लागि करण केसीले सर्वाधिक अविजित ४१ रन बनाए। लोकेश बमले २५ तथा कप्तान रोहित पौडेलले १८ रन जोडे। गुल्सन झाले १७ र सोमपाल कामीले १६ रन बनाए। श्रीलंका 'ए'का लागि नुवान थुसाराले तीन विकेट हात पारे। चमिका करुणारत्ने र दुसान हेमन्थाले समान दुई विकेट लिएका थिए। पहिले ब्याटिङ गरेको श्रीलंका 'ए'का लागि लाहिरू उडाराले सर्वाधिक ९३ रन जोडे। लासिथ क्रसपुलले ५३ र सहान अराकिगेले ५५ रनको योगदान दिए।

बलिङमा नेपालका लागि कुशल भुर्तेलले चार ओभरमा १३ रन दिएर दुई विकेट लिए। नन्दन यादवले चार ओभरमा ७२ रन खर्चेर दुई विकेट र करणले एक विकेट लिए। आइसिसी टी-२० विश्वकपको अभ्यासका लागि श्रीलंकामा रहेको नेपाली टोली पहिलो खेलमा पनि पराजित भएको थियो। अभ्यास खेलपछि नेपाली टोली भारत जानेछ। भारतमा मुम्बईको एमसिए प्रेसिडेन्ट ११ सँग पनि तीन अभ्यास टी-२० खेल हुने तालिका छ। भारत र श्रीलंकाले संयुक्त रूपमा टी-२० विश्वकप ७ फेब्रुअरीदेखि आयोजना गर्दै छन्। नेपालले ८ फेब्रुअरीमा पहिलो खेल इंग्ल्यान्डसँग खेल्नेछ।

■ च्याम्पियन्स लिगमा बार्सिलोनाको सहज जित



एजेन्सी/ युरोपेली च्याम्पियन्स लिगअन्तर्गत बुधबार राति भएको खेलमा पूर्वविजेता बार्सिलोनाले स्लाभियालाई ४-२ ले हराएको छ। चालू २०२५/२६ को च्याम्पियन्स लिगको सातौं चरणका खेल सकिएको छ। बार्सिलोनाका लागि फर्मिन लोपेजले दुई गोल गरेका थिए। ड्यानी ओल्मो र रोबर्ट लेवान्डोस्कीले एक-एक गोल गरे। जितसँगै बार्सिलोना सात खेलमा १३ अंक बटुलेर नवौं स्थानमा उक्लिएको छ। अर्को खेलमा इंग्लिस क्लब लिभरपुलले मार्सेलीलाई ३-० ले हरायो। जर्मन क्लब बायर्न म्युनिखले युनियन सेन्ट गिल्लोइसलाई २-० ले पाखा लगायो।

■ आइसिसीलाई बंगलादेशको जवाफ-

भारतमा खेल्दैनौं, बरु विश्वकप नै छुटोस्

एजेन्सी

बंगलादेश क्रिकेट बोर्ड (बिसिबी)ले भारत गएर आइसिसी टी-२० विश्वकप प्रतियोगिता नखेल्ने अडान यथावत् राखेको छ। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले बंगलादेशलाई भारत गएर विश्वकप खेल्ने वा नखेल्नेका सम्बन्धमा अन्तिम निर्णय बुधबारभित्र दिन अल्टिमेटम दिएको थियो। बिसिबी, राष्ट्रिय टोलीका खेलाडी र सरकारका खेलकुद सल्लाहकारबिच भएको बिहीबारको बैठकले भारतमा नखेल्ने निर्णयलाई कायम राखेको छ। यसले आगामी महिना भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गर्ने पुरुष टी-२० विश्वकपमा आइसिसी र बिसिबीबिचको विवाद उत्कर्षमा पुगेको छ।

बिसिबीका अध्यक्ष अमिनुल इस्लामले पत्रकार सम्मेलन गर्दै आइसिसीको कार्यशैलीप्रति कडा आपत्ति जनाएका छन्। उनले पत्रकार सम्मलेनमा भनेका छन्, 'श्रीलंकामा खेल्ने योजनामा हामी अडिग छौं। हामीलाई २४ घण्टे अल्टिमेटम दिइयो, तर क्रिकेटको सर्वोच्च निकायले धम्क्याउन मिल्दैन। हामी भारत जाँदैनौं, बरु विश्वकप छुट्दा केही फरक पर्दैन। यसैगरी, खेलकुद सल्लाहकार आसिफ नजरुलले भारत नजाने निर्णय बोर्डको मात्र नभई सरकारकै भएको प्रस्ट पारेका छन्।

'सरकारले नै भारतमा नखेल्ने निर्णय गरेको हो। यो बोर्डको निर्णय होइन। हामीलाई आशा छ- आइसिसीले हाम्रो खेल श्रीलंकामा सार्नेछ।' आइसिसीले भने बंगलादेशले आफ्नो अडान नत्याग्दा वरीयताअनुसार उसको सट्टा स्कटल्यान्डलाई सहभागी गराउने चेतावनी दिएको थियो। युरोपियन छनोटमा इटालीसँग स्तब्ध हुँदा स्कटल्यान्ड विश्वकपमा पुग्न नसकेको हो। बंगलादेश बाहिरिएमा स्कटल्यान्डले 'लक्की ड्र'मार्फत समूह 'सी'मा स्थान पाउनेछ।



आइसिसी र आयोजकलाई घाटा हुने

श्रीलंकामा आफूहरूको खेल नराख्दा आर्थिक रूपमा आइसिसी र आयोजकलाई घाटा हुने दाबी बिसिबीका अध्यक्ष अमिनुललले गरेका छन्। 'विश्वकपका लागि भनेर हाम्रा समर्थकले टिकट लिइसकेका छन्। उनीहरूको राष्ट्रले विश्वकपमा खेल्दैन भने समर्थकले टिकट रद्द गर्नेछन्,' अमिनुलले भने, 'टिकट फिर्ता हुँदा आर्थिक नोक्सानी व्यहोर्नुपर्ने हुन्छ।' साथै, बंगलादेशले लाइभमा समेत प्रतिबन्ध लगाउनेछ। 'टिभी राइट्सदेखि समर्थकबाट आउने आर्थिक रकम आइसिसी र आयोजकले गुमाउनेछन्,' अमिनुलले भने, 'यसकारण आइसिसीले आर्थिक रूपमा भए पनि यस सम्बन्धमा विचार गर्नुपर्छ।'

भारत र बंगलादेशबिचको विवाद कोलकाता नाइट राइडर्सले फास्ट बलर मुस्ताफिजुर रहमानलाई आइपिएलबाट हटाएपछि सुरु भएको हो। बिसिसिआईको निर्देशनमा कोलकाताले रहमानलाई टोलीबाट हटाएको थियो। यसै सिजनको अक्सनमा कोलकाताले उनलाई नौ करोड भारु खर्चेर अनुबन्ध गरेको थियो। पाकिस्तानले बंगलादेशको निर्णयमा समर्थन जनाएको छ।

अन्तिम निर्णय आइसिसीसँगै

यस विवादको अन्तिम निर्णय आइसिसीले नै गर्नेछ। आइसिसीले चाहे बंगलादेशको खेल श्रीलंकामा राख्न सक्छ। बंगलादेशले पनि आइसिसीसँग पुनः वार्ता गर्ने जनाइएको छ। 'आइसिसीले चाहेको खण्डमा हाम्रो खेल श्रीलंकामा हुन सक्छ, तर आइसिसीले कुन बोर्डको कुरा सुन्ने भन्नेमा प्रश्न छ,' बिसिबीका अध्यक्ष अमिनुलले भने। सन् २००९ मा यस्तै विवाद हुँदा आइसिसीले जिम्बावेको स्थानमा अर्को राष्ट्रलाई अवसर दिएको थियो। यसैगरी, आइसिसी टी-१९ पुरुष विश्वकपमा अस्ट्रेलिया बंगलादेश नजाने निर्णय लिँदा उसको स्थानमा आयरल्यान्डलाई मौका दिएको थियो। अहिले बंगलादेशको सट्टा स्कटल्यान्डलाई समावेश गर्ने योजनामा आइसिसी छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com